
# ज्येष्ठ नागरिक सवलीकरण संगालो



२०७३, काठमाण्डौ

# ज्येष्ठ नागरिक सवलीकरण संगालो

## ऐन, प्रक्रिया, सरोकारवालाहरुको भुमिका, सन्देशहरु र सफलताका कथाहरु

२०७३, काठमाण्डौ

# परिचय

उमेर बढ्नेक्रम प्राकृतिक प्रक्रिया हो । उमेर बढ्दै जाँदा मानिसमा धेरै सकारात्मक साथै नकारात्मक प्रभावहरु आउदै जान्छन् । यसरी आउने परिवर्तनलाई हृदयङ्गम गरी सर्व पक्षिय फाइदा पुऱ्याउनु सबैको हितमा रहन्छ । सर्बप्रथम उमेरले ल्याउने परिवर्तन प्राकृतिक भएता पनि यसलाई नै सकारात्मक रुपमा ढाल्न सकिने हुँदा समयमै विचार पुऱ्याई व्यक्ति, परिवार, समाज र देशले यसबाट फाईदा लिनु आवश्यक हुन्छ ।

उमेर बृद्धि संगै जीवनका आरोह अवरोह पार गर्ने क्रममा ज्येष्ठ नागरिकहरुमा प्राकृतिक रुपमा अथाह रुपमा ज्ञानको भण्डार बढ्दै जान्छ । आफ्नो कला, कौशल, ज्ञान र शिपमा निखारता आउँछ । प्रकृतिमा परिपक्कता आउँछ र व्यवहार जिम्मेवार पूर्ण हुदै जान्छ । यसरी सक्षमता तिर डोऱ्याउने उमेरको बढाईलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भनेर संसारमा नै खोज खवर भईरहेकोछ । यो विषय अहिले अध्ययनको विषय भएको छ भने विश्वले नै यसलाई चासो को रुपमा हेरिरहेको छ किनकी हेल्पएज इन्टरनेशनलले गरेको अध्ययन अनुसार सन् २०५० सम्म नेपालमा ज्येष्ठ नागरिकहरुको संख्या कुल जनसंख्याको १८ प्रतिशत हुने प्रक्षेपण गरिएको छ ।

अर्कोपाटो बाट हेर्ने हो भने उमेर बढ्दा, मानिसहरुमा प्राकृतिक रुपमानै शारीरीक क्षमतामा फेर बदल आउँदछ । शरीर कमजोर हुँदै जाँदा हिंडडुल गर्नमा समस्या, सुन्ने शक्तिमा ह्रास, देख्ने शक्तिमा ह्रास आउँछ जसले गर्दा ब्यक्ति स्वयंमा नैराश्यता पैदा हुन सक्छ भने परिवार समाज तथा राष्ट्रले यसलाई बोझको रुपमा हेर्न सक्छ । यस प्रकारका सक्रिय बुढ्यौलीका नकारात्मक अवयवहरुलाई बोझको रुपमा नभएर फरक क्षमताको अर्को आयाम हो भनी प्रयोगमा ल्याउन सके यसले समाजमा बाँच्ने ज्येष्ठ नागरिक लगायत सबैलाई जीवन यापनमा सरल बनाउँन सक्छ ।

असहज परिस्थितिका कारण ज्येष्ठ नागरिकमा आएको परिवर्तन र केही असक्षमतालाई विभेद र बहिष्कारबाट टाढा राखी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा धेरै नियम कानुनहरु निर्माण भएका छन् । सरकारी तवरवाट बनाईएका ऐन कानुन

र नीति नियमहरुका साथै संयुक्त राष्ट्रसंघको सदस्य राष्ट्रका हैसियतले विभिन्न अन्तर्राष्ट्रिय मानवअधिकार सम्वन्धी सन्धि महासन्धिमा पक्ष राष्ट्रका हैसियतले जनाएको प्रतिवद्धताको परिपालना गरीनु पर्दछ भने त्यसै बमोजिम प्रत्याभूत भएका अधिकारलाई सहि मानेमा प्रयोग गर्नेहो भने ज्येष्ठ नागरिकहरुले आफ्नो अधिकार पाउँछन् , समाजले ज्ञान र शिपको भण्डार पाउँछ, देशलाई बोझ हैन सहयोगी हातहरु पाउनेछ ।

यसै सन्दर्भमा यस पुस्तकको प्रथम खण्डमा देशमा रहेका विभिन्न ऐन नियम र कानुनलाई संगाली यस पुस्तकले परिचयात्मक रुपमा ज्येष्ठ नागरिकको हित तथा संरक्षणमा प्रयोग ल्याउने राष्ट्रद्धारा निर्देशित कानुन र नियमलाई सरलीकृत भाषामा प्रस्तुत गरिएको छ। यस्ता खालका ज्ञानवर्द्धक दस्तावेज समुदाय, राष्ट्रसेवक तथा विभिन्न तहमा ज्येष्ठ नागरिकको पक्षमा कार्य गर्नेहरुका लागि एउटा सहयोगी सामग्रीको रुपमा प्रस्तुत गरिएको छ साथै यस खण्डमा विभिन्न पाटोबाट ज्येष्ठ नागरिकको पक्षमा आयआर्जन, प्रकोप ब्यवस्थापन, समुह ब्यवस्थापनमा आधारशिलालाई प्रयोगमा ल्याई अभ्यासका आधारमा सिकिएका सिकाईहरुलाई समेटीएको छ। यसले सहजीकरणलाई दह्रो आधार प्रदान गर्दछ ।

दोश्रो खण्डमा विशेष सरोकारवालाहरुले आफैले तय गरेका कार्य तथा जिम्मेवारीहरु हुबहु प्रस्तुत गरिएको छ। तेश्रो खण्डमा ज्येष्ठ नागरिकका हितका लागि सन्देशहरू राखिएका छन् ।

अन्तमा चौथो खण्डमा ज्येष्ठ नागरिकका अनुभव र कथामा ज्ञान र शिप तथा अनुभवको भण्डार प्रस्तुत गरिएको छ। प्रस्तुत विभिन्न सफलताका कथाहरु यहाँहरुका प्रेरणाका लागि प्रस्तुत गरिएका छन्। ज्येष्ठ नागरिकका कथाहरुले तन्नेरीलाई होस दिएको छ भन्नेमा अरु ज्येष्ठ नागरिकलाई जोश र जाँगर पैदा गर्दछ ।

धन्यवाद !

खेमराज उपाध्याय

राष्ट्रिय निर्देशक, हेल्पएज ईन्टरनेशनल नेपाल

# विषय सूची

**शीर्षक** **पृष्ठ संख्या**


**१ ऐन, नियम र प्रक्रियाहरू.................................................................१**

**१.१ ऐन ...............................................................१**

१.१.१ ज्येष्ठ नागरिक ऐन २०६३ मा भएका व्यवस्थाहरु ................ १

१.१.२ ज्येष्ठ नागरिकसंग सम्बन्धित अन्य विषयको परिभाषा ......... २

१.१.३ ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाह सम्बन्धी व्यवस्था .............................................................. ४

१.१.४ ज्येष्ठ नागरिकले उजुरी दिन सक्ने सम्बन्धमा भएको व्यवस्थाहरुः........................................................... ५

१.१.५ मुद्दा मामिलामा प्राथमिकता र प्रतिनिधित्व सम्बन्धी व्यवस्था..८

१.१.६ केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समिति सम्बन्धी व्यवस्था....१०

१.१.७ जिल्ला ज्येष्ठ नागरिक कल्याण समिति सम्बन्धी व्यवस्था .....११

१.१.८ ज्येष्ठ नागरिक कल्याणकोष सम्बन्धी व्यवस्थाः.................. १२

१.१.९ हेरचाह केन्द्र वा दिवा सेवा केन्द्रको स्थापना र सञ्चालन सम्बन्धी व्यवस्थाः..............................................१३

१.१.१०दण्ड सजाय सम्बन्धी व्यवस्थाः................................... १५

**१.२ नियम ...............................................................१८**

१.२.१ ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ मा भएका व्यवस्थाहरुः.........................................................१८

**१.३ प्रक्रिया ...............................................................३०**

१.३.१ ज्येष्ठ नागरिक स्वास्थ्योपचार सेवा कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६१ ........................................... ३०

१.३.२ ज्येष्ठ नागरिक समुह परिचालन निर्देशिका, २०७२............ ३८

१.३.३ ज्येष्ठ नागरिक उपसमुह गठन तथा कार्यविधि ................ ४४
१.३.४ ज्येष्ठ नागरिक घुम्ती कोष व्यवस्थापन निर्देशिका, २०७२... ४९
१.३.५ ज्येष्ठ नागरिक विपद् राहत परिक्रमा कोष सञ्चालननिर्देशिका, २०७३ ......................................... ५२
१.३.६ विपद् जोखिम व्यवस्थापन योजनाको आवश्यकता, महत्व र निर्माण प्रक्रियाः .................................................. ६०

**२. ज्येष्ठ नागरिकका लागि जिल्ला स्तरका विभिन्न सरोकारवालाहरूको भूमिका र जिम्मेवारीहरू ........................................................................७०**

**३. ज्येष्ठ नागरिक हितका लागि सन्देशहरू .......................................................७७**

**४. ज्येष्ठ नागरिकका अनुभव र कथाहरू.........................................................८१**

**४.१ हाम्रो ज्येष्ठ नागरिक,**
उमानाथ बराल, ज्येष्ठ नागरिक समिति, सचिव, पुम्दि भुम्दि, कास्की ... ८१

**४.२ ज्येष्ठ नागरिक संघ थुमाको डाँडाको परिचय,**
नेत्र राज सापकोटा, ज्येष्ठ नागरिक समिति, कोषाध्यक्ष, थुमाकोडाँडा, कास्की ...८४

**४.३ लेखा व्यवस्थापन,**
भवानी प्रसाद बराल, लेखा संयोजक, पुम्दि भुम्दि, कास्की ................ ८६

**४.४ विपद व्यवस्थापनमा गा.वि.स. को भूमिका,**
रविमोहन सापकोटा, गा.वि.स. सचिव, थुमाकोडाँडा, कास्की ............ ९०

**४.५ निर्मल पोखरीको एक चिनारी,**
मुक्तिनाथ पोखेल, वडा सचिव, पोखरा-२३, कास्की ...........................९३

**४.६ ज्येष्ठ नागरिक समितिका गतिविधि एक परिचय,**
शिव प्रसाद सापकोटा, ज्येष्ठ नागरिक समिति, अध्यक्ष, थुमाकोडाँडा, कास्की .... ९५

**४.७ हाम्रा पनि रहेछन्,**
वुद्धिराम परियार, ज्येष्ठ नागरिक समिति, उपाध्यक्ष, पुम्दि भुम्दि, कास्की ....९८

**४.८ ज्येष्ठ नागरिक र नेपान,**
धर्मराज सापकोटा, ज्येष्ठ नागरिक समिति, थुमाकोडाँडा, कास्की...... १००

**४.९ ज्येष्ठ नागरिक समाजका पथ प्रदर्शक,**
मित्रलाल बराल, ज्येष्ठ नागरिक समिति सल्लाहकार, संयोजक,
पुम्दि भुम्दि, कास्की ........................................................१०३
**४.१० विपद व्यवस्थापनको लागि ज्येष्ठ नागरिकहरुका लागी गा.वि.स. ले गरेका पहल**, कर्ण बहादुर गुरुङ्ग, भू.पु. अध्यक्ष,
ज्येष्ठ नागरिक समिति, थुमाकोडाँडा गा.वि.स, कास्की.. ................ १०७
**४.११ जीवन एक दर्शन हो,**
नीलकण्ठ पौडेल, अध्यक्ष, ज्येष्ठ नागरिक समिति, हेम्जा, कास्की.......१०८
**४.१२ चौरासी नहर हेम्जा,**
नेत्रमणि त्रिपाठी, सचिव, ज्येष्ठ नागरिक समिति, हेम्जा, कास्की.........११५
**४.१३ विपदमा ज्येष्ठ नागरिकको भोगाई,**
जुना परियार, महिला, ८२ वर्ष, भानु ७ माझडिही, तनहुँ................११८
**४.१४ तालिमबाट नयाँ अनुभव,**
ललहरी तिवारी, ६५ वर्ष, सतिश्वाँरा गा.वि.स., तनहुँ.....................१२०
**४.१५ आफ्नो मालिक आफै,**
रामबहादुर थापा मगर, ६१ वर्ष भानु-३, तनहुँ..............................१२२
**४.१६ यस्तो समय आयो मेरो जीवनमा,**
होम प्रसाद गौतम, वर्ष ६९, फूलवारी गा.वि.स., कैलाली................१२५
**४.१७ हामी पनि केही परिवर्तन गर्न सक्छौ,**
गंगा राम राना, ७५ वर्ष ,उर्मा गा.वि.स. वडा नं ६, कैलाली............१२७
**४.१८ मेरो पनि केही दायित्व वढेको छ,**
भेदु प्रसाद चौधरी, वर्ष ६५, अत्तरीया नगरपालिका, कैलाली .............१३०
**४.१९ काम गर्नका लागि उमेरले छेक्ने रहेनछ,**
टेक बहादुर बम, वर्ष ७८, चौमाला गाविस, कैलाली......................१३२
**४.२० प्रतिनिधित्वले ल्याएको सफलता,**
-मानबहादुर डाँगी, जिल्ला संयोजक, आईडिआर परियोजा, बर्दिया.....१३४

# १. ऐन, नियम र प्रक्रियाहरु

## १.१ ऐन

### १.१.१ ज्येष्ठ नागरिक ऐन २०६३ मा भएका व्यवस्थाहरु

मिति २०६३ मंसिर ८ गतेबाट नेपाल भरी लागु भएको ज्येष्ठ नागरिक सम्बन्धी ऐन,२०६३ मा ज्येष्ठ नागरिकका सम्बन्धमा  निम्न व्यवस्थाहरुछन्:

**ऐनको उद्देश्य:** ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने, निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरु प्रति श्रद्धा, आदर तथा सद्भावको अभिवृद्धि गर्ने यस ऐनको उद्देश्य रहेको कुरा ऐनको प्रस्तावनामा उल्लेख गरिएको छ ।

**ज्येष्ठ नागरिकको परिभाषा र बर्गिकरण:** ऐनको दफा २ ले ज्येष्ठ नागरिकको परिभाषा र बर्गिकरण निम्न अनुसार गरेको छ:

**ज्येष्ठ नागरिक:** साठी वर्ष उमेर पूरा गरेको नेपाली नागरिक लाई ज्येष्ठ नागरिक सम्झनु पर्छ भनी ऐनले परिभाषा गरेको छ ।

**असहाय ज्येष्ठ नागरिक:** जीवनयापन गर्ने कुनै आधार, आयस्रोत वा सम्पत्ति नभएको,  पालनपोषण तथा हेरचाह गर्ने परिवारको कुनै सदस्य नभएको, परिवारको सदस्य भए पनि निजले पालनपोषण नगरी अपहेलित वा उपेक्षित जीवनयापन गर्नु परेको ज्येष्ठ नागरिकलाई असहाय ज्येष्ठ नागरिक भनी परिभाषा गरेको छ ।

**अशक्त ज्येष्ठ नागरिक:** “अशक्त ज्येष्ठ नागरिक” भन्नाले शारीरिक वा मानसिकरुपले अशक्त ( शारीरिक वा मानसिकरुपले अशक्त भई अन्य सामान्य नागरिक सरह दैनिक काम काजमा सहभागी हुन असमर्थ भएका ) ज्येष्ठ नागरिक सम्झनुपर्छ। भनी ऐनले परिभाषा गरेको छ।

## १.१.२ ज्येष्ठ नागरिकसंग सम्बन्धित अन्य विषयको परिभाषा

ऐनको दफा २ ले ज्येष्ठ नागरिकसंग सम्बन्धित अन्य विषयको परिभाषा निम्न अनुसार गरेको छः

**हेरचाह केन्द्र:** ज्येष्ठ नागरिकलाई शुल्क लिई वा नलिई पालनपोषण तथा हेरचाह गर्नको लागि ज्येष्ठ नागरिक ऐन बमोजिम स्थापना तथा सञ्चालन भएको घर, आश्रम वा यस्तै प्रकृतिका अन्य संरचनालाई “हेरचाह केन्द्र” भनिन्छ।

**दिवा सेवा केन्द्र:** ज्येष्ठ नागरिकलाई शुल्क लिई वा नलिई दिउँसोको समयमा हेरचाह गर्नको लागि ज्येष्ठ नागरिक ऐन बमोजिम स्थापना तथा सञ्चालन भएको घर, आश्रम वा यस्तै प्रकृतिका अन्य संरचनालाई दिवा सेवा केन्द्र भनिन्छ।

**पालनपोषण तथा हेरचाह:** ज्येष्ठ नागरिकलाई खाने, लाउने, बस्ने, घुमफिर गर्ने, मनोरञ्जन गर्ने र धार्मिक कार्यमा संलग्न हुने तथा स्वास्थ्य सेवाको व्यवस्था मिलाउने जस्ता कार्यलाई “पालनपोषण तथा हेरचाह” भनिन्छ।

**परिवारको सदस्यः** ज्येष्ठ नागरिकको सगोलको छोरा, बुहारी, छोरी, छोरातर्फको नाति, नातिनी, तथा सगोलका सदस्य नभएमा छुट्टिई भिन्न बसेको छोरा, बुहारी, छोरी, छोरातर्फको नाति, नातिनी तथा छुट्टिई भिन्न बसेका त्यस्ता सदस्य समेतका नातेदारसमेत नभएमा नजिकका अन्य नातेदार समेतलाई "परिवारको सदस्य" भनिन्छ ।

**हकवालाः** मुलुकी ऐन अपुतालीको महलबमोजिम( पती,पत्नी,छोरा, अविवाहिता छोरी,छोराको छोरा वा निजको अविवाहिता छोरी वा छोरा नभई विधवा बुहारी भए निज र विधवा बुहारी पनी नभए विवाहिता छोरी, विवाहिता छोरी पनी नभए निजका छोरा वा निजका छोरा वा अविवाहिता छोरी ) ज्येष्ठ नागरिकको अपुताली खान पाउने नजिकको नातेदारलाई हकवाला भनिन्छ ।

**ज्येष्ठ नागरिक क्लबः** ज्येष्ठ नागरिकले आफ्नो हकहित र अधिकार संरक्षणको लागि प्रचलित कानूनबमोजिम स्थापना गरेको संस्थालाई ज्येष्ठ नागरिक क्लब भनिन्छ ।

**कोषः** "कोष" भन्नाले ज्येष्ठ नागरिक कल्याणकोष सम्झनु पर्छ । भनी कोषको परिभाषा गरिएको छ ।

**ज्येष्ठ नागरिकलाई सम्मान गर्नुपर्नेः** ज्येष्ठ नागरिकलाई सम्मान गर्नु सबैको कर्तव्य हुनेछ भन्ने व्यवस्था ऐनको दफा ३ ले गरेको छ ।

## १.१.३ ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाह सम्बन्धी व्यवस्था

ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाह सम्बन्धी ऐनको दफा ४ ले निम्न अनुसारको व्यवस्था गरेको छ:

(१) ज्येष्ठ नागरिकलाई आफ्नो आर्थिक हैसियत तथा इज्जत आमद अनुसार पालनपोषण तथा हेरचाह गर्नु परिवारको प्रत्येक सदस्यको कर्तव्य हुनेछ ।

(२) ज्येष्ठ नागरिकले आफ्नो अंश लिई परिवारबाट अलग बसेको वा बस्न चाहेको अवस्थामा बाहेक निजले चाहेको परिवारको सदस्यले आफ्नो साथमा राखी पालनपोषण गर्नु पर्नेछ ।

(३) कसैले ज्येष्ठ नागरिकको इच्छाविपरीत निजलाई परिवारबाट अलगराख्न वा अलगबस्न बाध्य गराउनु हुँदैन ।

(४) ज्येष्ठ नागरिक वा निजलाई पालनपोषण गर्ने परिवारको सदस्यको आर्थिक अवस्था कमजोर भएमा परिवारको अन्य सदस्यले त्यस्तो ज्येष्ठ नागरिकलाई आफूसँगै नराखेको भए तापनि पालनपोषण तथा हेरचाहको व्यवस्था गर्नु पर्नेछ ।

(५) ज्येष्ठ नागरिकको चल, अचल सम्पत्ति प्रयोग वा उपयोग गर्ने परिवारको कुनै सदस्य, नातेदार वा हकवालाले निजलाई आफूसँगै राखी पालनपोषण तथा हेरचाह गर्नु पर्नेछ ।

## १.१.४ ज्येष्ठ नागरिकले उजुरी दिन सक्ने सम्बन्धमा भएको व्यवस्थाहरु:

**वडा कार्यालयमा उजुरी दिनु पर्ने:** दफा ४ बमोजिम ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाह गर्नु पर्ने कर्तव्य भएको परिवारको सदस्य, नातेदार वा हकवालाले निजलाई आफूसँगै राखी पालनपोषण तथा हेरचाह नगरेमा वा गर्ने व्यवस्था नगरेमा त्यस्तो ज्येष्ठ नागरिकले पालनपोषण तथा हेरचाहको लागि सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको वडा अध्यक्ष समक्ष उजुरी दिन सक्नेछ भन्ने व्यवस्था दफा ५ ले गरेको छ ।

**ज्येष्ठ नागरिकको उजुरी परेपछी वडा अध्यक्षले गर्ने कारवाही:** ज्येष्ठ नागरिकको उजुरी परेपछी वडा कार्यालयले निम्न अनुसारको कारवाही गर्ने व्यवस्था दफा ५ ले गरेको छः

**मेलमिलाप गराइदिनु पर्ने:** ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाह गर्नु पर्ने कर्तव्य भएको व्यक्तिले पालनपोषण तथा हेरचाह नगरेको कारणले ज्येष्ठ नागरिकको उजुरी परेमा त्यस्तो उजुरीउपर वडा अध्यक्षले आवश्यक जाँचबुझ गरी निज र निजलाई पालनपोषण तथा हेरचाह गर्नु पर्ने परिवारको सदस्य, नातेदार वा हकवालाबीच मेलमिलाप गराइदिनु पर्नेछ ।

**मेलमिलाप हुन नसके आदेश दिने:** मेलमिलाप हुन नसकेमा वडा अध्यक्षले त्यस्तो ज्येष्ठ नागरिकलाई पालनपोषण तथा हेरचाह गर्न परिवारको सदस्य नातेदार वा हकवालालाई लिखित आदेश दिन सक्नेछ।

**आदेश वडा कार्यालयको सूचनापाटीमा टाँस्ने**: वडा अध्यक्षले दिएको आदेश सम्बन्धित वडा कार्यालयको सूचनापाटीमा र अन्य उपयुक्त स्थानमा टाँस्न लगाउनु पर्नेछ ।

**आदेश चित्त नबुझ्ने पक्षले के गर्न सक्छ ?** वडा अध्यक्षले दिएको आदेश चित्त नबुझ्ने पक्षले सो आदेश प्राप्त गरेको मितिले सात दिनभित्र सम्बन्धित गाउँ विकास समितिको अध्यक्ष वा नगरपालिकाको प्रमुखसमक्ष निवेदन दिन सक्नेछ ।

**लिखित आदेश दिन सक्ने:** वडा अध्यक्षले दिएको आदेश चित्त नबुझ्ने पक्षको निवेदन परेमा सम्बन्धित गाउँ विकास समितिको अध्यक्ष वा नगरपालिकाको प्रमुखले दुवै पक्षलाई बोलाई सम्झाई, बुझाई ज्येष्ठ नागरिकलाई पालनपोषण तथा हेरचाह गर्न परिवारको सदस्य, नातेदार वा हकवालालाई लिखित आदेश दिन सक्नेछ ।

**आदेश कार्यालयको सूचनापाटीमा टाँस्ने**: गाउँ विकास समितिको अध्यक्ष वा नगरपालिकाको प्रमुखले दिएको आदेश सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सूचनापाटीमा र अन्य उपयुक्त स्थानमा टाँस्न लगाउनु पर्नेछ ।

**आदेश पालना नगरेमा सिफारिस रोक्न सक्ने**: गाउँ विकास समितिको अध्यक्ष वा नगरपालिकाको प्रमुखले दिएको आदेशको पालना सम्बन्धित व्यक्तिले गर्नु पर्नेछ । निजले त्यस्तो आदेशको पालना नगरेमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो व्यक्तिको सम्बन्धमा

कुनै पनि विषयको सिफारिस गर्न वडा अध्यक्ष, गाउँ विकास समितिको अध्यक्ष वा नगरपालिकाको प्रमुख बाध्य हुने छैन ।

**सम्पत्ति आफूखुश गर्न पाउने व्यवस्थाः** ऐनको दफा ६ ले प्रचलित कानूनबमोजिम अंशबण्डा गरिरहनु नपर्ने, आफ्नो अंशभागको चल, अचल र सोबाट बढेबढाएको सम्पत्ति ज्येष्ठ नागरिकले आफूखुश गर्न पाउने व्यवस्था गरेको छ ।

**ज्येष्ठ नागरिकबाट सेवा लिन सक्ने व्यवस्थाः** ऐनको दफा ७ मा नेपाल सरकार वा प्रचलित कानूनबमोजिम स्थापित संस्थाले कुनै क्षेत्रमा विशेष योग्यता वा अनुभव हासिल गरेको ज्येष्ठ नागरिकबाट सेवा लिन सक्नेछ र यसरी सेवा लिएबापत निजलाई त्यस्तो संस्थाले उचित पारिश्रमिक तथा सुविधा उपलब्ध गराउनु पर्ने व्यवस्था गरेको छ ।

**भिक्षा माग्न लगाउन नहुनेः** ऐनको दफा ८ मा कसैले पनि ज्येष्ठ नागरिकलाई भिक्षा माग्न लगाउन, निजको ईच्छाविपरीत सन्यासी, भिक्षु वा फकिर बनाउन नहुने र कसैले त्यस्तो कार्य गरेमो कसूर गरेको मानिने व्यवस्था गरेको छ ।

**छुट, सुविधा र प्राथमिकता सम्बन्धी व्यवस्थाः** ऐनको दफा ९ मा सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक, स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग प्रदान गर्नु गराउनु सबैको कर्तव्य हुनेछ । भन्ने लगाएत निम्न अनुसारको अन्य व्यवस्था गरेको छः

**सवारी साधनमा सिट र छुट सम्बन्धी व्यवस्था:** नेपाल सरकारले तोकेको सार्वजनिक सवारी साधनमा सम्बन्धित सवारी धनी वा सञ्चालकले ज्येष्ठ नागरिकको लागि कम्तीमा दुईवटा सिट सुरक्षित राख्नु पर्ने र यात्रु भाडादरमा कम्तीमा पचास प्रतिशत छुट दिनु पर्ने।

**स्वास्थ्य सेवामा प्राथमिकता:** स्वास्थ्य सेवा प्रदान गर्ने प्रत्येक संस्थाले ज्येष्ठ नागरिकलाई प्राथमिकता दिई स्वास्थ्य सेवा प्रदान गर्नु पर्नेछ। नेपाल सरकारले तोकेको स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाले नेपाल सरकारले तोकेको संख्याका ज्येष्ठ नागरिकले त्यस्तो संस्थामा उपचार गराउँदा लाग्ने शुल्कमा कम्तीमा पचास प्रतिशत छुट दिनु पर्नेछ।

**ज्येष्ठ नागरिकलाई प्राथमिकता दिनु पर्ने:** खानेपानी, बिजुली, टेलिफोन लगायत सार्वजनिक सेवा प्रदान गर्ने अन्य संस्थाले सेवा प्रदान गर्दा ज्येष्ठ नागरिकलाई प्राथमिकता दिनु पर्नेछ। उल्लिखित छूट र सुविधाको अतिरिक्त नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी ज्येष्ठ नागरिकलाई समय समयमा अन्य छुट र सुविधा दिनसक्नेछ भन्ने समेत व्यवस्था ऐनको दफा ९ले गरेको छ।

## १.१.५ मुद्दा मामिलामा प्राथमिकता र प्रतिनिधित्व सम्बन्धी व्यवस्था

मुद्दा मामिलामा प्राथमिकता र प्रतिनिधित्व सम्बन्धी व्यवस्था अन्तरगत दफा १०ले निम्न व्यवस्थाहरु गरेकोछ:

(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि ज्येष्ठ नागरिक मात्र पक्ष वा विपक्ष भएको मुद्दालाई अदालतले प्राथमिकता दिई कारबाही र किनारा गर्नु पर्नेछ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै असहाय वा अशक्त ज्येष्ठ नागरिक मात्र पक्ष वा विपक्षी भएको मुद्दाको सुनुवाई गर्दा अदालतले निजको प्रतिरक्षा गर्ने कानून व्यवसायी राखेर मात्र गर्नुपर्नेछ ।

(३) कुनै ज्येष्ठ नागरिकले आफ्नो आर्थिक अवस्था कमजोर भएकोले मुद्दाको प्रतिरक्षा गर्न कानून व्यवसायी नियुक्त गर्न नसक्ने भनी अदालतसमक्ष निवेदन दिएमा सम्बन्धित अदालतले निजको लागि वैतनिक कानून व्यवसायीको सेवा उपलब्ध गराइदिनु पर्नेछ ।

**कामकारबाहीमा प्राथमिकता दिनु पर्ने:** दफा ११ मा ज्येष्ठ नागरिकसँग सम्बन्धित कुनै काममा सम्बन्धित निकायले प्राथमिकता दिई गरिदिनु पर्नेछ भन्ने उल्लेख गरेको छ ।

**कैद सजायमा छुट दिन सकिने:** दफा १२ मा कैद सजायमा छूट दिन सकिने व्यवस्था अन्तर्गत निम्न व्यवस्था गरेको छः

(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारवादी भई चलेको कुनै मुद्दामा कैद सजाय पाई कैद भोगिरहेको ज्येष्ठ नागरिकको उमेर र कसूरको अवस्थाहेरी देहायबमोजिमको कैद छूटदिन सकिनेछ ।

(क) पैंसट्ठी वर्ष उमेर पूरा भई सत्तरी वर्ष ननाघेको ज्येष्ठ नागरिकलाई पच्चीस प्रतिशतसम्म,

(ख) सत्तरी वर्ष उमेर पूरा भई पचहत्तर वर्ष ननाघेको ज्येष्ठ नागरिकलाई पचास प्रतिशतसम्म,

(ग) पचहत्तर वर्ष उमेर पूरा भएका ज्येष्ठ नागरिकलाई पचहत्तर प्रतिशतसम्म ।

**हेरचाह केन्द्रमा राख्न आदेश दिन सक्ने:** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कैद सजाय पाएको अशक्त ज्येष्ठ नागरिक वा पचहत्तर वर्ष उमेर पूरा गरेको ज्येष्ठ नागरिकलाई अदालतले कसूरको गाम्भीर्यता हेरी कारागारमा नराखी हेरचाह केन्द्रमा राख्न आदेश दिन सक्नेछ भन्ने समेत ऐनको उक्त दफामा उल्लेख गरिएको छ ।

## १.१.६ केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समिति सम्बन्धी व्यवस्था

ऐनको दफा १३ मा ज्येष्ठ नागरिकको हेरविचार, स्याहार सम्भार तथा सामाजिक सुरक्षा गर्ने प्रयोजनको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी महिला, बालबालिका तथा समाज कल्याण मन्त्री वा राज्यमन्त्रीको अध्यक्षतामा ज्येष्ठ नागरिकको हित संरक्षण गर्नको लागि सञ्चालित संस्थाहरुमध्येबाट नेपाल सरकारले मनोनयन गरेको एकजना महिलासमेत दुईजना प्रतिनिधि सदस्य समेत रहने गरी १७ सदस्यीय एक केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समिति गठन गर्ने र उक्त समितिको कार्यकाल ३ बर्षको हुने व्यवस्था गरेको छ ।

**केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समितिको काम, कर्तव्य र अधिकार:** केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समितिको काम, कर्तव्य र अधिकार निम्न छन्:

क) ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्नका लागि आवश्यक नीति, योजना तथा कार्यक्रम तयार गरी नेपाल सरकारसमक्ष पेश गर्ने,

(ख) नेपाल सरकारबाट स्वीकृत भएको नीति, योजना तथा कार्यक्रम कार्यान्वयन र अनुगमन गर्ने,

(ग) जिल्ला ज्येष्ठ नागरिक कल्याण समितिबाट प्राप्त हुन आएको ज्येष्ठ नागरिकको लगत तथा अभिलेख अद्यावधिक राख्ने,

(घ) जिल्ला ज्येष्ठ नागरिक कल्याण समितिको कामकारबाहीमा समन्वय तथा अनुगमन गर्ने,

(ङ) नेपाल राज्यभर स्थापना तथा सञ्चालनमा रहेका हेरचाह केन्द्र, दिवा सेवा केन्द्र, ज्येष्ठ नागरिक क्लब एवं ज्येष्ठ नागरिकसम्बन्धी काम गर्ने संघ, संस्थाले गरेको कामकारबाहीको अनुगमन गर्ने ।

## १.१.७ जिल्ला ज्येष्ठ नागरिक कल्याण समिति सम्बन्धी व्यवस्था

नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरि प्रत्येक जिल्लामा जिल्ला विकास समितिको सभापतिको अध्यक्षतामा गाविस अध्यक्ष र नगरपालिकाका प्रमुख तथा ज्येष्ठ नागरिकसम्बन्धी काम गर्ने जिल्ला स्थित संघ, संस्थामध्येबाट समेत सदस्य रहने गरि जिल्ला ज्येष्ठ नागरिक कल्याण समिति गठन गर्न सक्ने व्यवस्था ऐनको दफा १५ ले गरेको छ ।

**जिल्ला ज्येष्ठ नागरिक कल्याण समितिको काम, कर्तव्य र अधिकार:**
ऐनको दफा १६ ले जिल्ला ज्येष्ठ नागरिक कल्याण समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने व्यवस्था गरेको छः-

(क) जिल्लाभित्रका ज्येष्ठ नागरिकको लगत सङ्कलन गर्ने, अभिलेख राख्ने र लगत तथा अभिलेखको अद्यावधिक गर्ने,

(ख) जिल्लाभित्रका ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने योजना तथा कार्यक्रम तयार गरि स्वीकृतिका लागि केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समितिसमक्ष पेश गर्ने,

(ग) नेपाल सरकारबाट स्वीकृत ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षासम्बन्धी नीति, योजना तथा कार्यक्रम बमोजिमको जिल्ला स्तरीय कार्यक्रम कार्यान्वयन तथा सोको अनुगमन गर्ने,

(घ) जिल्लामा स्थापना भई सञ्चालनमा रहेका हेरचाह केन्द्र, दिवा सेवा केन्द्र, ज्येष्ठ नागरिक क्लब एवं ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा सम्बन्धी काम गर्ने तथा अन्य संघ, संस्थाको कामकारबाहीको अनुगमन गर्ने,

(ङ) ज्येष्ठ नागरिकको संरक्षण तथा सामाजिक सुरक्षासम्बन्धी कार्य गर्न स्थानीय सामुदायिक संस्थालाई परिचालन गराउने,

(च) ज्येष्ठ नागरिकले पाउने भत्ता वा सुविधा वितरण गर्ने व्यवस्था मिलाउने,

(छ) तोकिएबमोजिम अन्य काम गर्ने ।

## १.१.८ ज्येष्ठ नागरिक कल्याणकोष सम्बन्धी व्यवस्थाः

ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्न नेपाल सरकारबाट प्राप्त रकम, विदेशी सरकार, विदेशी व्यक्ति वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट प्राप्त रकम, स्वदेशी व्यक्ति वा संघ, संस्थाबाट प्राप्त

रकम वा अन्य कुनै स्रोतबाट प्राप्त रकमबाट एक ज्येष्ठ नागरिक कल्याणकोष स्थापना गरिने व्यवस्था ऐनको दफा १७ले गरेकोछ ।

## १.१.९ हेरचाह केन्द्र वा दिवा सेवा केन्द्रको स्थापना र सञ्चालन सम्बन्धी व्यवस्थाः

नेपाल सरकार वा कुनै व्यक्ति वा प्रचलित कानूनबमोजिम गठन भएको संघ, संस्थाले नेपाल राज्यको कुनै स्थानमा तोकिएको पूर्वाधार पूरा गरि तोकिएको अधिकारीबाट स्वीकृति लिई हेरचाह केन्द्र वा दिवा सेवा केन्द्र वा दुवै केन्द्रको स्थापना र सञ्चालन गर्न सक्ने व्यवस्था ऐनको दफा २० ले गरेको छ ।

**हेरचाह केन्द्रमा कस्ता ज्येष्ठ नागरिकलाई राख्न सकिन्छः** हेरचाह केन्द्रमा ज्येष्ठ नागरिक, अशक्त ज्येष्ठ नागरिक, असहाय ज्येष्ठ नागरिक तथा अदालतले हेरचाह केन्द्रमा राख्न आदेश दिएको ज्येष्ठ नागरिकलाई राख्न सकिनेछ। कुनै ज्येष्ठ नागरिकले आफ्नै खर्चमा कुनै हेरचाह केन्द्र वा दिवा सेवा केन्द्रमा बस्न चाहेमा त्यस्तो केन्द्रले आफ्नो क्षमता अनुसार त्यस्तो ज्येष्ठ नागरिकलाई राख्नु पर्नेछ । आफैले पालनपोषण तथा हेरचाह गर्नु पर्ने ज्येष्ठ नागरिकलाई आफूसँग राख्न नसक्ने अवस्था सृजना भएमा परिवारको सदस्यले त्यस्तो ज्येष्ठ नागरिकलाई कुनै हेरचाह केन्द्रमा राख्न सक्नेछ। त्यसरी राख्न चाहेमा सम्बन्धित हेरचाह केन्द्रले लाग्ने खर्च त्यस्तो सदस्यबाट लिई त्यस्तो ज्येष्ठ नागरिकलाई राख्न सक्नेछ। हेरचाह केन्द्र वा दिवा सेवा केन्द्रमा बसेका ज्येष्ठ नागरिकलाई सम्बन्धित हेरचाह केन्द्र वा दिवा सेवा

केन्द्रले निजहरुको रुची अनुसार धार्मिक, सामाजिक, मनोरञ्जनात्मक वा आर्थिक कृयाकलापमा सरिक गराई पारिवारिक वातावरणमा बस्ने व्यवस्था मिलाउनुपर्नेछ ।

**सूचना दिनु पर्ने:** ऐनको दफा २१ कुनै ज्येष्ठ नागरिक बेवारिसे अवस्थामा फेला परेमा सोको सूचना नजिकको हेरचाह केन्द्र वा दिवा सेवा केन्द्र वा प्रहरी कार्यालय वा गाउँ विकास समिति वा नगरपालिकामा दिनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ भन्ने व्यवस्था गरिएको छ ।

**केन्द्रमा जिम्मा लगाउनु पर्ने:** प्रहरीले कुनै ज्येष्ठ नागरिकलाई बेवारिसे अवस्थामा फेला पारेमा निजलाई नजिकको हेरचाह केन्द्र वा दिवा सेवा केन्द्रमा जिम्मा लगाउनु पर्नेछ ।

**अन्त्येष्टी (ज्येष्ठ नागरिकको मृत्यु भएमा दाहसंस्कार गर्ने व्यवस्था):** हेरचाह केन्द्रमा कुनै ज्येष्ठ नागरिकको मृत्यु भएमा त्यस्तो नागरिकको सामाजिक परम्परा अनुसार वा निजले इच्छाएको धार्मिक परम्परा अनुसार निजको अन्त्येष्टी गराउने व्यवस्था सम्बन्धित हेरचाह केन्द्रले गर्नु पर्ने व्यवस्था दफा २२ ले गरेको छ ।

**सम्पत्ति सम्बन्धित हेरचाह केन्द्रको हुने:** हेरचाह केन्द्रमा बस्ने ज्येष्ठ नागरिकको मृत्यु भएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो मृतकको बाँकी सम्पत्ति सम्बन्धित हेरचाह केन्द्रको हुने व्यवस्था दफा २३ ले गरेको छ । हेरचाह केन्द्रमा राखेको ज्येष्ठ

नागरिकको मृत्यु भएमा त्यस्तो हेरचाह केन्द्रले निजको हेरचाह गरेबापत लाग्ने खर्च कटाई बाँकी रकम परिवारको सदस्य वा नातेदार वा हकवालालाई फिर्ता दिनु पर्ने व्यवस्था समेत दफा २३ ले गरेको छ ।

**भत्ता वा सुविधा उपलब्ध गराउन सक्ने:** नेपाल सरकारले ज्येष्ठ नागरिक, असहाय ज्येष्ठ नागरिक, अशक्त ज्येष्ठ नागरिकलाई तोकिएको आधारमा वर्गीकरण गरी तोकिएबमोजिम भत्ता वा सुविधा उपलब्ध गराउन सक्ने व्यवस्था दफा २४ ले गरेको छ । सोही व्यवस्था बमोजिम हाल ज्येष्ठ नागरिकले भत्ता पाईरहेका छन् ।

**परिचयपत्र उपलब्ध गराउने:** नेपाल सरकारले ज्येष्ठ नागरिकलाई तोकिएबमोजिमको विवरण भएको परिचयपत्र ज्येष्ठ नागरिक बसोबास गरेको गाउँ विकास समिति वा नगरपालिका मार्फत् उपलब्ध गराउनेछ भन्ने व्यवस्था दफा २५ ले गरेको छ र परिचयपत्रको ढाँचा र प्रदान गर्ने प्रकृया नियमावलीले निर्धारण गरेको छ ।

## १.१.१० दण्ड सजाय सम्बन्धी व्यवस्थाः

ऐनको दफा २६ ले दण्ड सजाय सम्बन्धी निम्न व्यवस्थाहरु गरेको छः

(१) हेरचाह केन्द्र वा दिवा सेवा केन्द्रका प्रमुख, सञ्चालक, कर्मचारी वा अन्य कुनै व्यक्तिले ज्येष्ठ नागरिकको सम्पत्ति लिने बदनियतले कुनै काम गरे गराएमा निजलाई कसूरको मात्रा अनुसार एक वर्षदेखि पाँच वर्षसम्म कैद वा बिगोबमोजिम जरिबाना वा दुवै सजाय हुनेछ ।

(२) ज्येष्ठ नागरिकलाई भिक्षा माग्न लगाउने व्यक्तिलाई तीन महिनासम्म कैद वा पच्चीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

(३) ज्येष्ठ नागरिकलाई निजको ईच्छा विपरित सन्यासी, भिक्षु वा फकिरवनाउने व्यक्तिलाई एक वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

(४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि कसैले अशक्त ज्येष्ठ नागरिक वा पचहत्तर वर्ष उमेर पूरा गरेको ज्येष्ठ नागरिक विरुद्ध प्रचलित कानूनबमोजिम कसूर मानिने कुनै कार्य गरेमा निजलाई प्रचलित कानूनमा व्यवस्था भएको सजायमा पच्चीस प्रतिशत थप सजाय हुनेछ । (गाली वेईज्जती ऐन, २०१६, केही सार्वजनिक(कसूर र सजाय) ऐन, २०२७, मुलुकी ऐन,कुटपिटको महल लगाएतका अन्य ऐनहरुमा उल्लेखित कसूर ज्येष्ठ नागरिकको विरुद्द भएमा अन्यलाई गरेको कसूरमा भन्दा पिडकलाई २५ प्रतिशत थप सजाय हुने व्यवस्था ऐनले गरेको छ ।)

**मुद्दा हेर्ने अदालत: यस** ऐन अन्तरगतको ज्येष्ठ नागरिक संलग्न मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुने व्यवस्था दफा २७ ले गरेको छ ।

**पुनरावेदन सम्बन्धी व्यवस्था:** जिल्ला अदालतबाट भएको फैसला उपर चित्त नबुभ्ने पक्षले निर्णय सुनिपाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्ने व्यवस्था दफा २८ ले गरेको छ ।

**सरकार वादी हुने:** ऐनको दफा २९ ले यस ऐन संग सम्बन्धीत मुद्दा सरकार वादी हुने व्यवस्था गरेको छ ।

**सरकार वादी हुन भनेको के हो ?** ज्येष्ठ नागरिक ऐन,२०६३ मा उल्लेख भएका ज्येष्ठ नागरिकको हित विपरितहुने गरि कसैले कुनै कसूर गरेमा पिडित वा पिडितको आफन्त वा घटनाबारे जानकारी पाउने जो कोहीले नजिकको प्रहरी कार्यालयमा उजूरी दिन सक्दछन । यसरी उजूरी परेपछि सम्बन्धित प्रहरी कार्यालयले घटनाको अनुसन्धान गर्ने,घटनासंग सम्बन्धित मानिसहरु बुझ्ने, पिडकलाई पकाउ गर्ने लगाएतको कार्य सम्पन्न गरि सम्बन्धित क्षेत्रको जिल्ला सरकारी वकिललाई राय प्रतिवेदन पठाउने कार्य गर्दछ र सरकारी वकिलले राय प्रतिवेदन तथा प्रमाणहरुको आधारमा पिडक(प्रतिवादी)लाई के कस्तो सजाय गर्ने हो सो कुराको मागदावी सहितको अभियोग पत्र तयार गरि पक्षको (वादीको) तर्फबाट बहस पैरवी गर्ने लगाएतका सम्पूर्ण काम गर्दछन । यसरी मुद्दामा सरकारले पक्षको हैसियत ग्रहण गरी कारबाहीको प्रकृया अगाडी बढ्ने मुद्दालाई सरकारवादी मुद्दा भनिन्छ ।

# १.२ नियम

## १.२.१ ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ मा भएका व्यवस्थाहरुः

ज्येष्ठ नागरिक ऐन,२०६३ मा भएका व्यवस्थाहरुको प्रभावकारी रुपमा लागू गरी ज्येष्ठ नागरिकको हक हितलाई संरक्षण गर्ने ऐनको उद्देश्यलाई पुरा गर्न २०६५ सालमा बनेको नियमावलीको ज्येष्ठ नागरिकसंग सम्बन्धित मुख्य व्यवस्थाहरु निम्न प्रकारका छन्ः

ऐन तथा यस नियमावलीमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने व्यवस्था नियमावलीको नियम ३ ले गरेको छः-

(क) ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने योजना तथा कार्यक्रमका लागि आवश्यक आर्थिक स्रोत परिचालन गर्न आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गरी मन्त्रालय समक्ष सिफारिश गर्ने,

(ख) जिल्ला ज्येष्ठ नागरिक कल्याण समितिलाई मार्गदर्शन गर्ने,

(ग) जिल्ला ज्येष्ठ नागरिक कल्याण समितिको वार्षिक कार्यक्रमहरुको प्रगति समीक्षा एवं मूल्याङ्कन गर्ने,

(घ) आवश्यकता अनुसार जिल्ला ज्येष्ठ नागरिक कल्याण समितिको सिफारिश समेत लिई विभिन्न जिल्लामा हेरचाह केन्द्र, दिवा सेवा केन्द्र, ज्येष्ठ नागरिक क्लब स्थापना गर्न कुनै व्यक्ति वा संस्थालाई प्रोत्साहन र सहयोग गर्ने,

(ङ) प्रचलित कानूनको अधीनमारही राष्ट्रिय एवं अन्तर्राष्ट्रिय संस्थाहरुको सहयोग समेत लिई ज्येष्ठ नागरिकमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गर्नका लागि आवश्यक कार्यहरु सञ्चालन गर्ने गराउने,

(च) ज्येष्ठ नागरिकहरु प्रति श्रद्धा, आदर तथा सद्भावको अभिवृद्धि गर्ने सम्वन्धमा आवश्यक अन्य काम गर्ने ।

## जिल्ला ज्येष्ठ नागरिक कल्याण समितिको काम, कर्तव्य र अधिकार

ऐनमा लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त जिल्ला ज्येष्ठ नागरिक कल्याण समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने व्यवस्था नियम ५ ले गरेको छः–

(क) वार्षिक कार्यक्रम सञ्चालन गर्नको निमित्त आवश्यक स्थानीय स्रोतको खोजी गर्ने र उपलब्ध स्रोतको परिचालन गर्ने,

(ख) जिल्ला स्तरमा सामाजिक कार्यकर्ता समेतको सहभागितामा ज्येष्ठ नागरिकको सम्मेलन गराई ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्नका लागि अवलम्बन गरिने नीति, योजना तथा कार्यक्रमका सम्बन्धमा सुझाब सङ्कलन गर्ने,

(ग) जिल्लाभित्र सञ्चालित हेरचाह केन्द्र, दिवा सेवा केन्द्र, ज्येष्ठ नागरिक क्लब एवं ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा सम्बन्धी काम गर्ने अन्य संघ संस्थाको अद्यावधिक अभिलेख राखी त्यसको एक प्रति केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समितिमा पठाउने,

(घ) जनसहभागिताबाट वा सरकारी वा गैर सरकारी संघ संस्थाहरुको सहभागिता जुटाई जिल्लाको विभिन्न भागमा ज्येष्ठ नागरिकको संरक्षण तथा सामाजिक सुरक्षा सम्बन्धमा प्रचार प्रसार गर्ने, त्यस्तो कार्य गर्ने सामाजिक कार्यकर्ता तथा सरकारी एवं गैरसरकारी संघ संस्थाहरुलाई सहयोग गर्ने,

(ङ) नगरपालिका र गाउँ विकास समिति स्तरमा योजना समिति गठन गरी ज्येष्ठ नागरिक सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा गर्ने र कार्यान्वयन गर्ने, गराउने,

(च) ज्येष्ठ नगारिकको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने व्यक्ति वा संस्थालाई पुरस्कृत गर्ने,

(छ) प्रचलित कानूनको अधीनमा रही राष्ट्रिय एवं अन्तर्राष्ट्रिय संस्थाहरुको सहयोग समेत लिई ज्येष्ठ नागरिकमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गर्नका लागि आवश्यक कार्यहरु सञ्चालन गर्ने गराउने ।

## हेरचाह केन्द्रमा राख्ने सम्बन्धी व्यवस्था

अदालतले कैद सजाय पाएको अशक्त ज्येष्ठ नागरिक वा पचहत्तर वर्ष उमेर पूरा गरेको ज्येष्ठ नागरिकलाई ऐनको दफा १२ बमोजिम हेरचाह केन्द्रमा राख्ने गरी आदेश दिंदा देहायका कुरालाई विचार गर्नु पर्नेछ भन्ने व्यवस्था नियम ७ ले गरेको छः-

(क) कसूर र कसूर गर्दाको नियत, कारण र अवस्था,

(ख) निजको विगतको चालचलन,

(ग) निजको उमेर र शारीरिक अवस्था,

(घ) निजले कसूरका सम्बन्धमा गरेको साविती र निजले कसूरको लागि गरेको क्षमायाचना,

(ङ) अन्य प्रासङ्गिक कुराहरु ।

**अभिलेख तयार गर्ने:** जिल्ला ज्येष्ठ नागरिक कल्याण समितिले आफ्नो जिल्लाभित्रका ज्येष्ठ नागरिकको लगत संकलन गरि निजहरुको व्यक्तिगत विवरण, पारिवारिक स्थिति, शैक्षिक योग्यता, पेशागत दक्षता र अनुभव समेत खुल्ने गरि निम्न बमोजिमको ढाँचामा अभिलेख राख्नुपर्ने र यसरी राखिएको अभिलेखलाई हरेक वर्ष अद्यावधिक गरिराख्नु पर्ने व्यवस्था नियम ८ ले गरेको छ ।

## ज्येष्ठ नागरिकको व्यक्तिगत अभिलेख

**१. ज्येष्ठ नागरिकको व्यक्तिगत विवरण**

(क) ज्येष्ठ नागरिकको नाम, थरः

(ख) बाबु तथा आमाको नामः

(ग) बाजे तथा बजैको नामः

(घ) जन्म मिति र स्थानः

(ङ) ठेगानाः

(अ) स्थायी ठेगानाः जिल्ला ..........................

गा.वि.स. / न.पा......... वडा नं.... टोल / गाउँ................

फोन.............. इमेलः.........................................

(आ) अस्थायी ठेगानाः .................................................

(च) लिङ्गः .............

(छ) स्वास्थ्य सम्बन्धी विवरण (कुनै विशेष रोग, शारीरिक अपांगता वा कुनै दीर्घ रोग भए खुलाउने): ....................................

(ज) नागरिकताः

**२. ज्येष्ठ नागरिकको परिवार सम्बन्धी विवरणः**

(क) सगोलको छोरा, बुहारी, छोरी, नाति, नातिनीको,-

(अ) नाम, थर र ठेगानाः

(आ) सम्पत्ति तथा आयस्ता सम्बन्धी विवरणः

(ख) छुट्टिई भिन्न बसेको छोरा, बुहारी, छोरी, नाति, नातिनीको,-

(अ) नाम,थर र ठेगानाः

(आ) सम्पत्ति तथा आयस्ता सम्बन्धी विवरणः

(ग) हकवाला सम्बन्धी विवरणः क्र.सं. नाम, थर उमेर नाता व्यवसाय ठेगाना १. २. ३.

(घ) अन्य पारिवारिक पृष्ठभूमिः

**३. ज्येष्ठ नागरिकको शैक्षिक योग्यता र पेशागत दक्षताः**

(क) शैक्षिक योग्यताः

(ख) पेशागत दक्षताः

(ग) अनुभवको क्षेत्रः

**४. ज्येष्ठ नागरिकको सम्पत्ति विवरणः**

(क) चल सम्पत्तिः

(ख) अचल सम्पत्तिः

प्रमाणित गर्नेको,- नाम, थरः पदः निकायः

**हेरचाह केन्द्र वा दिवासेवा केन्द्रको स्थापना गर्न निवेदन दिने:** नेपालको कुनै स्थानमा हेरचाह केन्द्र वा दिवासेवा केन्द्रको स्थापना गर्न चाहने व्यक्ति वा प्रचलित कानून बमोजिम गठन भएको संघ संस्थाले देहायको विवरण खोली स्वीकृतिको लागि सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिनु पर्ने व्यवस्था नियम १० ले गरेको छः-

(क) निवेदकको नाम थर, वतन,

(ख) निवेदक प्रचलित कानून बमोजिम गठन भएको संघ संस्था भए प्रचलित कानून बमोजिम दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,

(ग) हेरचाह केन्द्र वा दिवा सेवा केन्द्र स्थापना हुने स्थान र त्यस्तो केन्द्रको क्षमता, लगायतका पूर्वाधारको विवरण,

(घ) हेरचाह केन्द्र वा दिवासेवा केन्द्रको लागि आवश्यक जनशक्तिको विवरण,

(ङ) आर्थिक स्रोतको विवरण ।

**हेरचाह केन्द्र वा दिवासेवा केन्द्रको निरीक्षण सम्बन्धी व्यवस्था:** नेपाल भित्र स्थापना भएका सवै र जिल्ला ज्येष्ठ नागरिक कल्याण समितिले आफ्नो क्षेत्रभित्रको हेरचाह केन्द्र र दिवासेवा केन्द्रको जहिले सुकै पनि निरीक्षण गर्न वा गराउन सक्ने र प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृतले आफ्नो क्षेत्रभित्रको हेरचाह केन्द्र वा दिवा सेवा केन्द्रको वर्षमा कम्तीमा चारपटक निरीक्षण गरी त्यसको प्रतिवेदन जिल्ला ज्येष्ठ नागरिक कल्याण समिति र मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था नियम ११ ले गरेको छ ।

त्यसरी निरीक्षण गर्दा अन्य कुराहरुको अतिरिक्त ऐन, नियमावली वा प्रचलित कानून विपरीत कुनै काम कारवाही भएको पाइएमा सो समेत त्यस्तो निरीक्षण प्रतिवेदनमा खुलाउनु पर्ने र निरीक्षण गर्ने अधिकारीले हेरचाह केन्द्र वा दिवा सेवा केन्द्रले नियमावलीमा तोकिएका पूर्वाधार र सुविधाको व्यवस्था गरेको नपाएमा वा कुनै अनियमितता भएको देखेमा पूर्वाधार र सुविधाको व्यवस्था गर्न, सुधार गर्न र अनियमितता हटाउन समय तोकी आवश्यक निर्देशन दिन सक्नेछ भन्ने व्यवस्था समेत नियम ११ ले गरेको छ र दिइएको निर्देशनको पालना गर्नु सम्बन्धित हेरचार केन्द्र वा दिवा सेवा केन्द्रको सञ्चालकको कर्तव्य हुने व्यवस्था समेत सोही नियमले गरेको छ ।

**न्यूनतम पूर्वाधार तथा सुविधाको व्यवस्था गर्नुपर्नेः** ज्येष्ठ नागरिक ऐन तथा ज्येष्ठ नागरिक नियमावली बमोजिम स्थापना र सञ्चालन गरिने हेरचाह केन्द्र वा दिवा सेवा केन्द्रमा निम्न बमोजिमको न्यूनतम पूर्वाधार तथा सुविधाको व्यवस्था गर्नु पर्ने व्यवस्था नियम १२ ले गरेको छ ।

हेरचाह केन्द्र र दिवा सेवा केन्द्रमा हुनु पर्ने न्यूनतम पूर्वाधार तथा सुविधाः

१. कम्तीमा दश जना ज्येष्ठ नागरिकलाई आश्रय दिने हेरचाह केन्द्रमा देहायका पूर्वाधार तथा सुविधा भएको हुनु पर्नेछ र दश जना भन्दा बढी ज्येष्ठ नागरिकलाई आश्रय दिने भएमा पूर्वाधार तथा सुविधा पनि सोही अनुपातमा बृद्धि गर्नु पर्नेछः-

   (क) प्रत्येक ज्येष्ठ नागरिकका लागि कम्तीमा चालीस वर्ग फिट सतह पर्ने गरी कोठाको व्यवस्था भएको,

(ख) ज्येष्ठ नागरिक मैत्री भवन भएको र भवनको कम्पाउण्डको क्षेत्रफल भवनले ओगटेको क्षेत्रफलको कम्तीमा दोब्बर भएको,

(ग) पति पत्नीको हैशियतमा एकैसाथ रहेका ज्येष्ठ नागरिक भएकोमा बाहेक महिला र पुरुषको बसोबासका लागि छुट्टा छुट्टै कोठाको व्यवस्था भएको,

(घ) देहायका सुविधाहरु भएको: (१) कम्तिमा दुई वटा शौचालय, (महिला पुरुषका लागि अलग अलग) (२) कम्तीमा दुई वटा स्नान गृह, (महिला पुरुषका लागि अलग अलग) (३) भान्छा/भण्डार कक्ष, (४) भोजन कक्ष, (५) अध्ययन कक्ष/टी.भी. कक्ष (६) प्राथमिक उपचार कक्ष, (७) प्रतीक्षालय, (८) पुस्तकालय, वाचनालय, (९) व्यायामशाला, पौडिपोखरी, खुलाचौर मध्ये कम्तिमा कुनै एक क्रिडास्थल ।

(ङ) स्वच्छ पिउने पानीको व्यवस्था भएको,

(च) भवनका कोठाहरुमा हावा र प्रकाशको पहुँचका लागि पर्याप्त झ्यालहरु भएको,

(छ) खाना पकाउने तथा खुवाउने, सर सफाई गर्ने ब्यक्ति लगायत आवश्यक कर्मचारी, ज्येष्ठ नागरिकको स्वास्थ्य परीक्षण र हेरचाहको लागि आवश्यक स्वास्थ्यकर्मीको व्यवस्था तथा समय समयमा प्रशिक्षण तथा प्रवचनको लागि समेत आवश्यक व्यवस्था भएको,

(ज) दीर्घ रोगी, सरुवा रोग लागेको अशक्त ज्येष्ठ नागरिकलाई बस्नको लागि (त्यस्तो रोगउपर ध्यान दिई) छुट्टै प्रवन्ध भएको ।

२. कम्तीमा बीस जना ज्येष्ठ नागरिकलाई सेवा दिने दिवा सेवा केन्द्रमा देहायका पूर्वाधार तथा सुविधा भएको हुनु पर्नेछ र बीस जना भन्दा बढी ज्येष्ठ नागरिकलाई सेवा दिने भएमा पूर्वाधार तथा सुविधा पनि सोही अनुपातमा वृद्धि गर्नु पर्नेछः-

(क) दुई रोपनी क्षेत्रफलमा आवश्यकता अनुसार ज्येष्ठ नागरिक मैत्री भवन र फर्निचरहरु भएको,

(ख) देहायका सुविधाहरु भएको:- (१) शौचालय, (२) स्नान गृह, (३) भान्छा/भण्डार कक्ष, (४) भोजन कक्ष,(५) अध्ययन कक्ष/टी.भी. कक्ष, (६) प्राथमिक उपचार कक्ष, (७) प्रतीक्षालय, (८) पुस्तकालय ।

(ग) स्वच्छ पिउने पानीको व्यवस्था भएको,

(घ) भवनका कोठाहरुमा हावा र प्रकाशको पहुँचका लागि पर्याप्त झ्यालहरु भएको ।

**बेवारिसे ज्येष्ठ नागरिक सम्बन्धी व्यवस्था:** बेवारिस अवस्थामा फेला परेका ज्येष्ठ नागरिकलाई नजीकमा नेपालसरकारद्वारा सञ्चालित हेरचाहकेन्द्र भए सोमा र नभए निजी वा गैर सरकारी क्षेत्रबाट सञ्चालित हेरचाह केन्द्रमा राख्ने व्यवस्था गरिनेछ भन्ने व्यवस्था नियम १३ ले गरेको छ ।

**ज्येष्ठ नागरिकको वर्गीकरण:** ऐनको दफा २४ को प्रयोजनका लागि देहायको आधारमा ज्येष्ठ नागरिक, असहाय ज्येष्ठ नागरिक र अशक्त ज्येष्ठ नागरिकलाई वर्गीकरण गरिने व्यवस्था नियम १४ ले गरेको छः-

(क) सत्तरी वर्ष उमेर पूरा नगरेको ज्येष्ठ नागरिक,

(ख) सत्तरी वर्ष उमेर पूरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक,

(ग) असहाय ज्येष्ठ नागरिक,

(घ) अशक्त ज्येष्ठ नागरिक,

(ङ) एकल ज्येष्ठ नागरिक ।

**एकल ज्येष्ठ नागरिक कसलाई भनिन्छ:** "एकल ज्येष्ठ नागरिक" भन्नाले विधवा, विधुर वा अविवाहित एकल ज्येष्ठ नागरिक सम्झनु पर्छ भनी नियम १४ ले परिभाषा गरेको छ। यसरी वर्गीकरण गरिएका ज्येष्ठ नागरिकले समय समयमा नेपाल सरकारले तोके बमोजिमको भत्ता वा सुविधा पाउन सक्ने र ज्येष्ठ नागरिकको वर्गीकरण केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समितिले निर्धारण गर्नेछ र सोको सूचना सार्वजनिक प्रकाशन गर्नु पर्ने व्यवस्था पनी यसै नियमले गरेको छ ।

**ज्येष्ठ नागरिकको परिचयपत्र सम्बन्धी व्यवस्था:** मन्त्रालयले तोकेको निकाय मार्फत ज्येष्ठ नागरिकलाई निम्न बमोजिमको ढाँचामा ज्येष्ठ नागरिक परिचयपत्र उपलब्ध गराइनेछ । यसरी उपलब्ध गराइने परिचयपत्र नियम १४ को वर्गीकणका आधारमा फरक फरक हुन सक्ने व्यवस्था नियम १५ ले गरेको छ ।

# ज्येष्ठ नागरिकको परिचयपत्रको ढाँचा

**ज्येष्ठ नागरिक परिचय-पत्र** **फोटो**

नाम थरः .......... ना.प्र.न.: .......... ठेगानाः जिल्ला .............. गा.वि.स. ⁄ न.पा.: .......... वडा नं.: ............ टोल ⁄ गाऊँ: ......... उमेरः ........... लिङ्गः ........... उपलब्ध छुट तथा सुविधाहरुः ........... पति ⁄ पत्नीको नामः ........... हेरचाह केन्द्रमा बसेको भए सोको विवरणः ........... सम्पर्क गर्नुपर्ने व्यक्तिको नाम, थर, सम्पर्क ठेगानाः ........... रक्त समूह र रोग भए रोगको नाम र सेवन गरिएको औषधिको नामः...........

प्रमाणित गर्ने अधिकृतकोः- दस्तखतः नाम थरः पदः कार्यालयः

**क्लब सम्बन्धी व्यवस्थाः** कसैले कम्तीमा पाँच जना ज्येष्ठ नागरिक सदस्य हुनेगरी प्रचलित कानून बमोजिम ज्येष्ठ नागरिक क्लब स्थापना गर्न सक्ने र यसरी स्थापना गरिने ज्येष्ठ नागरिक क्लबमा अन्य सुविधाका अतिरिक्त कम्तिमा देहाय बमोजिमका न्यूनतम पूर्वाधार तथा सुविधाहरुको व्यवस्था भएको हुनु पर्ने व्यवस्था नियम १६ ले गरेको छः-

(क) व्यायमशाला, पौडिपोखरी, खेलकूल मैदान वा कुनै पनि प्रकारको मनोरञ्जनस्थल, (ख) शौचालय, (ग) पुस्तकालय, वाचनालय वा प्रतीक्षालय, (घ) प्राथमिक उपचार केन्द्र, (ङ) प्राथमिक उपचारक।

**स्थानीय निकायले रकम उपलब्ध गराउनु पर्ने:** यसरी गठन भएका क्लबलाई सम्बन्धित स्थानीय निकायले प्रत्येक वर्ष त्यस्तो निकायलाई नेपाल सरकारबाट विनियोजन भएको बजेटको निश्चित रकम उपलब्ध गराउनु पर्ने व्यवस्था समेत नियम १६ ले गरेको छ ।

**कारबाही टुङ्गो लगाउनु पर्ने अवधी:** ऐनको दफा ५ बमोजिम ज्येष्ठ नागरिकले दिएको उजुरी वा निवेदन उपर सम्बन्धित निकायले त्यस्तो उजुरी वा निवेदन परेको मितिले तीस दिनभित्र टुङ्गो लगाइसक्नु पर्नेछ भनी नियम १७ मा उल्लेख गरिएको छ ।

**तीर्थाटन गराउनु पर्ने:** हेरचाह केन्द्र वा दिवा सेवा केन्द्रले त्यस्तो केन्द्रमा रहेका ज्येष्ठ नागरिकलाई वर्षको कम्तीमा एक पटक तीर्थाटन र दुई पटक विभिन्न स्थानको दृश्यावलोकन गराउने व्यवस्था गराउनु पर्ने भनी नियम १८ मा उल्लेख गरिएको छ ।

# १.३ प्रक्रिया

## १.३.१ ज्येष्ठ नागरिक स्वास्थ्योपचार सेवा कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६१

**निर्देशिकाको उद्देश्य:** आफ्नो योग्यता, अनुभव, ज्ञान र सीपको प्रयोगद्वारा राज्यका निमित्त आफ्नो जीवनको महत्वपूर्ण उर्जा खर्च गरिरहेका ज्येष्ठ नागरिकहरुको जीवन सहज, सुरक्षित, सम्मानित एवं सुनिश्चित गर्दै समाजिक न्यायको प्रत्यायभुति प्रदान गर्ने निर्देशिकाको उद्देश्य रहेको प्रस्तावनामा उल्लेख गरिएको छ ।

**ज्येष्ठ नागरिक स्वास्थ्योपचार सेवा कार्यक्रमका उद्देश्यहरु:**

१. शीघ्र स्वास्थ्योपचार हुन जरुरी भएका तर आर्थिक स्थिति कमजोर भएका, शारीरिक अवस्थाले टाढा जान नसक्ने र स्थानीय स्वास्थ्य केन्द्रहरुमा उपचार हुन सक्ने ज्येष्ठ नागरिकहरुलाई स्वास्थ्य सेवा उपलब्ध गराउन आर्थिक सहयोग गर्ने ।

२. आवश्यकीय हेरचाह नपाएका, परित्यक्त रुपमा जीवनयापन गरिरहेका र कठिन स्वास्थ्य स्थितिबाट गुज्रेका असहाय/अस्वस्थ ज्येष्ठ नागरिकहरुका लागि स्वास्थ्योपचार कार्यक्रम, स्वास्थ्य परीक्षण सेवा सञ्चालन गर्ने ।

**कार्यक्रमको सञ्चालन:** ज्येष्ठ नागरिकसम्बन्धी नीति तथा योजना अनुरुप मन्त्रालयले जिल्लाहरुको छनौट गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय गर्ने व्यवस्था निर्देशिकामा उल्लेख गरिएको छ ।

**संगठनात्मक व्यवस्थाः** प्रभावकारी एवं समन्वयात्मक ढङ्गले कार्यक्रम सञ्चालन गर्नका लागि महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको सचिव संयोजक, स्थानीय विकास मन्त्रालयको प्रतिनिधी सदस्य, स्वास्थ्य मन्त्रालयको प्रतिनिधी सदस्य, गृह मन्त्रालयको प्रतिनिधी सदस्य, महानिर्देशक, महिला विकास विभागको प्रतिनिधी सदस्य, गैरसरकारी संस्था राष्ट्रिय महासंघ प्रतिनिधी, सदस्य र महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयको सह-सचिव सदस्य सचिव रहने गरि एक केन्द्रीय निर्देशन समिति गठन हुने निर्देशिकाले गरेको व्यवस्था छ ।

**केन्द्रीय निर्देशन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने व्यवस्था निर्देशिकाले गरेको छः**

(क) ज्येष्ठ नागरिक स्वास्थ्योपचार सेवासम्बन्धी नीति निर्माण तथा कार्यक्रम तर्जुमा गर्ने ।

(ख) कार्यक्रम कार्यान्वयन सम्बन्धी समन्वय गर्ने ।

(ग) कार्यक्रमको समीक्षा/मूल्याङ्कन गर्ने ।

(घ) कार्यक्रमसम्बन्धी अन्य कार्यहरु गर्ने ।

**कार्यक्रम कार्यान्वयन समितिः** कार्यक्रम कार्यान्वयनका लागि कार्यक्रम सञ्चालन हुने हरेक जिल्लामा प्रमुख जिल्ला अधिकारी संयोजकत्वमा स्थानीय विकास अधिकारी,स्थानीय जिल्ला अस्पताल प्रमुख, जिल्ला जनस्वास्थ्य कार्यालय प्रमुख,ज्येष्ठ नागरिकसम्बन्धी कार्य गर्ने वा सो नभए स्थानीय अन्य गैरसरकारी संस्थाका प्रतिनिधि र महिला विकास

अधिकृत समेत सदस्य रहने गरि कार्यक्रम कार्यान्वयन समिति रहने व्यवस्था पनि निर्देशिकाले गरेको छ ।

## कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार

कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने व्यवस्था निर्देशिकाले गरेको छः

(क) कार्यक्रम बारे प्रचार प्रसार गर्ने ।
(ख) स्वास्थ्योपचार सेवाका लागि प्राप्त हुने निवेदनहरुको छानविन गरी अन्तिम निर्णय गर्ने ।
(ग) कार्यक्रम तर्जुमा, कार्यान्वयन समीक्षा र मूल्याङ्कन गर्ने ।
(घ) कोषको सञ्चालन र व्यवस्थापन गर्ने ।

## कोष स्थापना, सञ्चालन र व्यवस्थापन

कार्यक्रम लागु भएका जिल्लामा कार्यक्रम सञ्चालन गर्न ज्येष्ठ नागरिक स्वास्थ्योपचार कोषको स्थापना गरिनेछ र कोषमा देहायबमोजिमका रकमहरु रहने व्यवस्था निर्देशिकाले गरेको छः

(क) मन्त्रालयबाट वार्षिक रुपमा कार्यालयमार्फत प्राप्त हुने अनुदान ।
(ख) जिल्ला विकास समितिमा प्राप्त हुने अनुदान ।
(ग) अन्य दातृसंस्था वा व्यक्तिबाट प्राप्त हुने रकम ।

**कोषको स्थिति सार्वजनिक गर्नेः** समितिले कार्यक्रम प्रगति र कोषको अद्यावधिक स्थितिसम्बन्धी विवरण हरेक ६ महिनामा सार्वजनिक गर्नुपर्ने व्यवस्था समेत निर्देशिकाले गरेको छ ।

## कार्यक्रमबाट सेवा प्राप्त गर्ने प्रक्रिया, आधार र सीमाः

**निवेदन दिनुपर्नेः** कार्यक्रमबाट सेवाप्राप्त गर्न चाहने असहाय, विपन्न आर्थिक अवस्था भएका ज्येष्ठ नागरिकले निम्न अनुसारको ढाँचामा कार्यालयमा निवेदन दिनुपर्छ ।

विषयः उपचार सेवा पाउँ ।

श्रीमान् संयोजकज्यू ज्येष्ठ नागरिक स्वास्थ्योपचार सेवा कार्यक्रम कार्यक्रम कार्यान्वयन समिति ........................ जिल्ला ।

म शारीरिक रुपमा साह्रै अस्वस्थ भै शीघ्र स्वास्थ्य उपचारको आवश्यकता भएको र आफ्नो न्यून आर्थिक स्थितिको कारणले उपचार खर्च ब्यहोर्न नसक्ने हुदा यस जिल्ला स्थित.................. अस्पताल/ चिकित्सालय/ स्वास्थ्य केन्द्रमा उपचारको व्यवस्थाका साथै ज्येष्ठ नागरिक स्वास्थ्योपचार खर्चसमेत उपलब्ध गराईदिन तपसिलको विवरणहरु संलग्न गरी यो निवेदन गरेको/गरेकि छु । उक्त व्यहोरा ठीक साँचो छ, झुठ्ठा ठहरे कानुन बमोजिम सहुला बुझाउँला ।

**तपशील**

क) गा.वि.स. /न.पा को सिफारिस ख) नागरिकताको प्रमाणपत्र/मतदाता परिचयपत्र ग) रोग पहिचान तथा निर्धारित उपचाको विवरण घ) अन्य कागजात निवेदकको नामः निवेदकको सहि /औठाको छापः निवेदकको उमेरः निवेदकको बाबुको नामः ठेगाना : गा.वि.स./न.पा को नामः वडा नं : ठेगानाः

(नोटः यस्तो निवेदनसाथ ज्येष्ठ नागरिकले स्थानीय निकाय (गा.वि.स/न.पा.) बाट आर्थिक स्थिति कमजोर भनी प्रमाणित गरिदिएको सिफारिस र स्थानीय स्वास्थ्य केन्द्रले दिएको रोग पहिचान तथा निर्धारित उपचारको विवरण भएको कागजात समावेस गर्नुपर्नेछ।)

**सेवा उपलब्ध गराउनेः** यसरी निवेदन प्राप्त भएपछि समितिले प्राप्त निवेदन माथि छानबिन गरी कोषबाट उपचारका लागि रकम उपलब्ध गराउने निर्णय निम्न ढाँचा अनुसार गर्नेछ ।

ज्येष्ठ नागरिक स्वास्थ्योपचार सेवा कार्यक्रम कार्यान्वयन समिति (................ जिल्ला) निर्देशिकाको नं.४.२ संग सम्बन्धित (उपचार खर्च उपलब्ध गराउने निर्णय)

आज मिति २०........... गते यस ज्येष्ठ नागरिक स्वास्थ्य उपचार कार्यक्रम कार्यान्वयन समितिको तपशीलका पदाधिकारीहरुको उपस्थितिमा तपशील बमोजिमको निर्णय गरियो ।

तपशील १. श्री.................. प्रमुख जिल्ला अधिकारी संयोजक

२. श्री.................. स्थानीय विकास अधिकारी सदस्य

३. श्री.................. स्थानीय जिल्ला अस्पताल प्रमुख सदस्य

४. श्री.................. जिल्ला जनस्वास्थ्य कार्यालय प्रमुख सदस्य

५. श्री.................. (............ निकायका मनोनीत सदस्य)

६. श्री.................. महिला विकास अधिकृत सदस्य सचिव

निर्णयः यस जिल्ला ................ गा.वि.स/न.पा. वडा नं ........ मा बसोवास गरी आएका वर्ष ........... को श्री ......................... लाई यस जिल्ला ज्येष्ठ नागरिक स्वास्थ्य उपचार कार्यक्रम कार्यान्वयन समितिले मिति...................... को बैठकको निर्णयानुसार .......... ...................... अस्पताल/चिकित्सालय/स्वास्थ्य केन्द्रमा उपचार गर्नका लागि रु...................... /- उपलब्ध गराउने ।

**स्वास्थ्योपचार रकमको सीमाः** सेवा प्राप्त गर्ने ज्येष्ठ नागरिकलाई एक पटकमा बढीमा रु.२०००।- को परिधिभित्र रही उपचार रकम/सेवा उपलब्ध हुन सक्नेछ । तर, जिल्लामा साहित्य, कला, संस्कृति तथा समाज सेवा जस्ता विभिन्न क्षेत्रमा उल्लेखनीय योगदान गरेका आर्थिक अवस्था कमजोर भएका ज्येष्ठ नागरिकलाई गम्भीर प्रकृतिको रोग लागेको देखिएमा बढीमा ५ हजारसम्मको परिधिभित्र रही स्वास्थ्योपचार सेवा उपलब्ध गराउन सक्नेछ ।

**अग्रीम पेस्की वा सोधभर्ना दुवै हुनसक्नेः** समितिले उपचार सेवा उपलब्ध गराउने निर्णय गरेपछि उपचार गराउने स्वास्थ्य निकायमा उपचार व्यवस्था गर्न र सो बापत समितिबाट रकम भुक्तानीको प्रत्याभुति हुने व्यहोराको जानकारी निम्न ढाँचामा पठाउनेछ र उपचार भएको जानकारी सहित विल प्राप्त भएपछि सोध भर्ना गर्न सक्नेछ । विशेष परिस्थिति परी अग्रीम पेस्की दिनुपर्ने समितिलाई लागेमा समितिले अग्रीम पेस्की दिई उपचार भएको जानकारी प्राप्त भएपछि कार्य फर्छ्यौट भएको अभिलेखमा जनाउन समेत सक्नेछ । अग्रिम पेस्की वा सोधभर्ना उपलब्ध गराउने ढाँचा निम्न अनुसारको हुन्छः

(उपचारको व्यवस्था गरिदिने अनुरोध पत्र)

मिति:

**विषय: स्वास्थ्य उपचारको व्यवस्था गरिदिने बारे ।**

श्री ................................ अस्पताल/चिकित्सालय/स्वास्थ्य चौकी ........................................ ।

उपरोक्त विषयमा यस जिल्ला ................ गा.वि.स/न.पा. वडा नं. ......... मा बसोबास गरी आएका वर्ष .......... को श्री ................. लाई त्यस अस्पताल/चिकित्सालय/स्वास्थ्य चौकीमा स्वास्थ्य उपचार गर्नका लागि उपचार खर्च उपलब्ध गराउने गरी ज्येष्ठ नागरिक स्वास्थ्य उपचार कार्यक्रम कार्यान्वयन समितिको निर्णयानुसार यो पत्र लेखिएको छ ।

अत: निजलाई आवश्यक स्वास्थ्य परीक्षण र उपचार गरिदिनुहुन अनुरोध गर्दै सो उपचार खर्चबापत यस समितिबाट एक पटकमा अधिकतम रु २०००।– उपचार खर्च भुक्तानी गरिनेहुदा उपचार बापत लागेको खर्चको बिल समितिमा पठाएदिनुहुन अनुरोध गरिएको छ ।

--------------

सदस्य सचिव

**विषय: अग्रीम पेश्की/सोधभर्ना गरिएको ।**

श्री ............................ ................................. ...........
..................... ।

ज्येष्ठ नागरिक स्वस्थ्योपचार सेवा कार्यक्रम कार्यान्वयन समितिको मिति ............... को निर्णयानुसार यस जिल्ला ........... गा.वि.स/न.पा. वडा नं. ................ बस्ने वर्ष ........... का श्री .............................................. लाई स्वास्थ्य उपचारको निमित्त श्री .................... हस्ते .......... चेक नं. ................. द्वारा रु ........................ अक्षरुपी ............................... सोधभर्ना/अग्रीम पेश्की प्रदान गरियो। अग्रीम पेश्कीबाट निजको उपचार गरी पेश्की फर्छ्यौटका लागि बिल भर्पाइ पठाइदिनुहुन अनुरोध छ ।

**कार्यक्रम सेवाको सीमा:** एक जना ज्येष्ठ नागरिकले एक आर्थिक वर्षमा बढीमा २ पटक सम्ममात्र कार्यक्रमबाट यो सेवा प्राप्त गर्न सक्नेछन्। एक आर्थिक वर्षको उपचार खर्च अर्को आर्थिक वर्षमा लिन पाइने छैन । तर नियमित उपचार गर्नुपर्ने प्रकृतिको ज्येष्ठ नागरिकले सो ब्यहोरा स्वास्थ्य केन्द्र प्रमुखबाट प्रमाणित भएको अवस्थामा प्राप्त गर्ने कुल उपचार रकमको सीमा ननाघ्ने गरी २ पटक भन्दा बढी पनि यो सेवा प्राप्त गर्न सक्नेछन् ।

**अस्थायी बसोबास गरेकालाई पनि सेवा उपलब्ध हुनसक्ने:** कार्यक्रम सञ्चालन भएको जिल्लामा अस्थायी बसोबास गरिरहेका ज्येष्ठ

नागरिकले पनि कार्यक्रमबाट सेवा प्राप्त गर्न सक्नेछन्, तर यसरी सेवा प्राप्त गरिसकेपछि कार्यालयले सेवासम्बन्धी विवरण निजको स्थायी ठेगाना भएको कार्यालयमा पठाउनुपर्नेछ ।

## १.३.२ ज्येष्ठ नागरिक समुह परिचालन निर्देशिका, २०७२

ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने, निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आदर तथा सद्भावको अभिवृद्धि गर्ने तथा ज्येष्ठ नागरिकहरुलाई आफ्ना अधिकार प्राप्तिका लागि सजग गराउँदै संगठित गर्ने उद्देश्यले निर्माण गरिएको यस निर्देशिकामा भएका मूख्य व्यवस्थाहरु निम्न छनः

**ज्येष्ठ नागरिक समुहका उद्देश्यहरुः**

ज्येष्ठ नागरिक समुहका उद्देश्यहरु देहाय वमोजिम हुने निर्देशिकामा उल्लेख छः

- ज्येष्ठ नागरिकहरुले आत्म सम्मानपूर्वक बाँच्न पाउने गुणस्तरीय जीवनस्तरको वातावरण सुनिश्चित गर्न तथा ज्येष्ठ नागरिकको हक तथा अधिकारका संरक्षण, संवर्द्धनको लागि स्थानीय स्तरमा विभिन्न गतिविधहरु संचालन गर्ने ।
- स्थानिय विपद जोखिम व्यवस्थापन समितिहरुमा ज्येष्ठ नागरिकको सहभागिता सुनिश्चत गर्न तथा स्थानिय विपद जोखिम न्युनिकरणमा ज्येष्ठ नागरिकका सवालहरुलाई समावेश गराउनका लागि पहल गर्ने ।

- ज्येष्ठ नागरिकको स्वास्थ्य तथा उपयुक्त हेरचाहका लागि सरोकारवाला निकायसंग समन्वय गर्ने ।
- ज्येष्ठ नागरिकहरुका लागि आवश्यक मनोरञ्जन तथा उमेरगत आवश्यकतलाई पुरा गर्न गतिविधिहरु सञ्चालन गर्ने ।
- राज्यका निकायहरुसंग आवश्यक समन्वय गरि ज्येष्ठ नागरिकहरुलाई सहयोग पुऱ्याउने ।
- ज्येष्ठ नागरिकहरुको सामाजिक सुरक्षाको सुनिश्चित गरि ज्येष्ठ नागरिकहरुलाई प्रभाव पार्ने विषयमा उहाँहरुको सहभागिता र सकृयता बृद्धि गर्न पहल गर्ने ।

**सदस्यता सम्वन्धी व्यवस्था:** सदस्यता सम्बन्धी व्यवस्था अन्तर्गत ६० वर्ष उमेर पुरा भएको नेपाली नागरिक,नेपालको कानुन अनुसार कुनै नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारको अभियोगमा सजाए नपाएको,सार्वजनिक सम्पति हिनामिना नगरेको र यो निर्देशिकालाई नि:शर्त स्वीकार गर्ने व्यक्ति समूहको सदस्य हुन सक्ने उल्लेख छ। तर यो निर्देशिका जारी हुन भन्दा पहिले सदस्यता प्राप्त गरेका व्यक्तिहरुले रु ५ सदस्यता नविकरण शुल्क बुझाएमा स्वत: ज्येष्ठ नागरिक समुहको सदस्य हुन योग्य हुने व्यवस्था समेत छ ।

**सदस्यता प्रदान गर्ने विधि:** माथि उल्लेख गरे बमोजिम योग्यता पुगेका व्यक्तिले समुहको सदस्यता प्राप्त गर्न ईच्छा जाहेर गरेको अवस्थामा रु. १० सदस्यता शुल्क लिई निजलाई ज्येष्ठ नागरिक समुहको सदस्यता प्रदान गरिने छ साथै प्रत्येक बर्षको बैशाख महिनाभित्र सबै सदस्यहरुले रु. ५ तिरी आफ्नो सदस्यता नविकरण गर्नु पर्ने व्यवस्था गरिएको छ ।

**सदस्यताको खारेजी:** निम्न अवस्थाहरुमा ज्येष्ठ नागरिक समुहको सदस्यता खारेजी भएको मानिने व्यवस्था निर्देशिकाले गरेको छ:-

(क) कुनै पनि सदस्यले समुहका अध्यक्ष सामु समुहमा नरहने ब्यहोराको लिखित निवेदन दिई उक्त निवेदन समुहले स्विकृत गरेमा ।

(ख) तोकिएको समय भित्र सदस्यता नविकरण नगरेमा ।

(ग) अदालतबाट कुनै जघन्य अपराध गरेको पुष्टि भएमा ।

(घ) समुहको सम्पति हिनामिना गरेको वा समुहको प्रतिष्ठामा आँच आउने कसुर गरेबापत समुहका दुई तिहाई सदस्यले सदस्यता खारेज गर्न चाहेमा ।

(ङ) मानसिक सन्तुलन गुमाई दैनिक कृयाकलाप गर्न असमर्थ रहेको प्रमाणित भएमा ।

(च) सदस्यको मृत्यू भएमा ।

**नगरपालिका/गाविस स्तरिय समिति गठन तथा वैठक सम्वन्धी व्यवस्था:**नगरपालिका/गाविस स्तरिय समिति गठन तथा वैठक सम्वन्धि निर्देशिकाले निम्न अनुसारको व्यवस्था गरेको छ:

**वार्ड स्तरिय ज्येष्ठ नागरिक समुह:** नगरपालिका तथा गाविसका वार्डहरुमा योग्य ज्येष्ठ नागरिकहरुलाई ज्येष्ठ नागरिक समुह को सदस्यता प्रदान गरि सदस्यता प्राप्त ज्येष्ठ नागरिकको भेलावाट कम्तिमा ४० प्रतिशत महिला सहभागिता रहने गरि समावेशी तरिकाले ९ देखी ११ जनाको वार्ड स्तरिय ज्येष्ठ नागरिक समुह निर्माण गरिनेछ ।

**नगरपालिका र गाविस स्तरिय ज्येष्ठ नागरिक समुहः** नगरपालिका तथा गाविस स्तरमा रहेका सदस्यहरुको वर्षको एक पटक भेला आयोजना गरी उक्त भेलावाट सम्वन्धित नगरपालिका तथा गाविसका प्रत्येक वार्डवाट १ जना महिला र १ जना पुरुषको सभागिता रहने गरि नगरपालिकामा वढीमा ३५ जना सम्मको ज्येष्ठ नागरिक समुह तथा गाविस तहमा बढीमा २५ जना सम्मको गाविस स्तरिय ज्येष्ठ नागरिक समुह निर्माण गरिने छ ।

**समुहको सदस्य संख्याः** यसरी गठन गरिने वार्ड तथा नगरपालिका/गाविस स्तरिय समुहमा अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, सहसचिव १ तथा कोषाध्यक्ष १ गरि ५ जना पदाधिकारी तथा अन्य सदस्य रहने छन् ।

**भेला सम्बन्धी व्यवस्थाः** सम्वन्धित वार्ड तथा नगरपालिका एवं गाविसस्तरमा वार्षिकरुपमा ज्येष्ठ नागरिकहरुको भेलाको आयोजना गर्नु पर्नेछ । यसरी गरिने भेलामा सम्वन्धित समुहका अध्यक्षले वार्षिक प्रगति प्रतिवेदन तथा कोषाध्यक्षको आर्थिक प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**बैठक सम्बन्धी व्यवस्थाः** वार्डस्तरिय समुहको वैठक २ महिनामा एक पटक तथा नगरपालिका/गाविस स्तरिय समुहको वैठक महिनामा १ पटक आयोजना गरिने छ । विशेष अवस्थामा आवश्यकता अनुसार वैठकको आयोजना गर्न सकिनेछ । ज्येष्ठ नागरिक समुहको बैठक अध्यक्षसंगको परामर्शमा सचिवले बोलाउनु पर्नेछ । भन्ने व्यवस्था गरिएको छ ।

**पद रिक्त भएमाः** कुनै कारणवश सदस्य वा पदाधिकारीको पद रिक्त हुन गएको अवस्थामा सम्वन्धित वार्ड तथा नगरपालिका/गाविस स्तरिय समुहले बाँकि अवधिका लागि रिक्त पद पुर्ति गर्न सक्नेछ ।

**वैठकको अध्यक्षताः** सम्वन्धित ज्येष्ठ नागरिक समुहको वैठकको अध्यक्षता सम्वन्धित समुहको अध्यक्षले गर्नेछन तर कुनै कारणवश निज उपस्थित हुन नसकेको अवस्थामा उपाध्यक्षले अध्यक्षता गर्नेछन् ।

**समुहको निर्णयः** वार्ड तथा नगरपालिका/गाविसस्तरिय समुहका सम्पूर्ण निर्णयहरु सर्वसम्मतीका आधारमा गर्नु पर्नेछ ।

**निर्णय पुस्तिकामा लेखिनेः** वैठकमा छलफल तथा निर्णय भएका विषयहरु छुट्टै निर्णय पुस्तिकामा लेखिनेछ । सो निर्णय पुस्तिका मा उपस्थित सम्पूर्ण सदस्यहरुले सही गर्नुपर्नेछ । सो निर्णय पुस्तिका सम्वन्धित समुहका अध्यक्ष वा समुहको जिम्मामा रहने छ ।

**समुहका पदाधिकारी तथा सदस्यहरुको काम, कर्तव्य तथा अधिकारः**

**अध्यक्षको काम, कर्तव्य तथा अधिकारः** अध्यक्षको काम, कर्तव्य तथा अधिकारहरुमा भेलाको अध्यक्षता गर्ने, भेलामा समुहको वार्षिक प्रतिवेदन तयार गरि पेश गर्ने, गाविस तथा नगरपालिकास्तरका विभिन्न कार्यक्रमहरुमा समुहको तर्फवाट प्रतिनिधित्व गर्ने तथा प्रतिनिधी तोक्ने, समुहको गतिविधिहरुलाई व्यवस्थित र प्रभावकारी बनाउन नेतृत्व प्रदान गर्ने, आवश्यकता अनुसार समुहको वैठक तथा भेलाको आयोजना गर्न सचिवलाई निर्देशन दिने, समुहका अभिलेखहरु

प्रमाणित गर्ने, भेला तथा समुहले गरेका निर्णयहरु कार्यान्वयन गराउने रहने छन् ।

**उपाध्यक्षको काम, कर्तव्य तथा अधिकारः** उपाध्यक्षको काम, कर्तव्य तथा अधिकारहरुमा अध्यक्षलाई सहयोग पुऱ्याउने, समुहले तोकेका जिम्मेवारीहरु पुरा गर्ने, अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने कार्यहरु गर्ने रहने छन् ।

**सचिवको काम, कर्तव्य तथा अधिकारः** सचिवको काम, कर्तव्य तथा अधिकारहरुमा समुहको रेखदेख तथा सञ्चालन गर्ने, अध्यक्षसंगको परामर्शमा भेला तथा समुहको बैठक बोलाउने, समुहका अभिलेखहरु व्यवस्थित र सुरक्षित राख्ने, समुहले तोकेका जिम्मेवारीहरु पुरा गर्ने रहने छन् ।

**सहसचिवको काम, कर्तव्य तथा अधिकारः** सहसचिवको काम, कर्तव्य तथा अधिकारहरुमा सचिवलाई सहयोग पुगाउने, समुहले तोकेका जिम्मेवारीहरु पुरा गर्ने, सचिवको अनुपस्थितिमा सचिवले गर्ने कार्यहरु गर्ने रहने छन् ।

**कोषाध्यक्षको काम, कर्तव्य तथा अधिकारः** कोषाध्यक्षको काम, कर्तव्य तथा अधिकारहरुमा समुहको कोषको रेखदेख, नियन्त्रण र सञ्चालन गर्ने, नगदी तथा जिन्सी सामानहरुको स्रेस्ता अद्यावधिक राख्ने, समुहको भेलामा आर्थिक प्रतिवेदन पेश गर्ने, आर्थिक प्रशासन सम्वन्धी सम्पूर्ण कार्यहरुको रेखदेख तथा सञ्चालन गर्ने रहने छन् ।

**सदस्यहरुको काम, कर्तव्य र अधिकार:** सदस्यहरुको काम, कर्तव्य र अधिकारहरुमा समुहको वैठकमा नियमित रुपमा भाग लिई परामर्श दिने, समुहलाई प्रभावकारी वनाउन आवश्यक गतिविधिहरु समितिको वैठकमा प्रस्ताव गर्ने, भेला तथा समुहले गरेका निर्णयहरुको कार्यान्वयनमा सहयोग गर्ने रहेका छन् ।

**आर्थिक व्यवस्था:** ज्येष्ठ नागरिक समुह को गतिविधिहरु संचालन गर्नका लागि सम्वन्धित समुहको एक छुट्टै कोष रहने छ। उक्त कोषमा सदस्यहरुवाट संकलन गरिएको मासिक वचत तथा विभिन्न संस्था तथा निकायहरुवाट प्राप्त सहयोग रकमवाट निर्माण गरिने छ । समुहको आर्थिक गतिविधिहरुलाई व्यवस्थित गर्न ज्येष्ठ नागरिक समुहका नाममा सम्वन्धित समुहको निर्णय अनुसार बैंकमा खाता खोल्न सकिने छ । यस प्रकार खोलिने खाता सम्वन्धित समुहका अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कुनै दुई जनाको हस्ताक्षरवाट सञ्चालन गरिनेछ । ज्येष्ठ नागरिक समुहको कोषलाई प्रचलित ऐन, नियम अनुसार खर्च गर्ने तथा खर्चको स्रेस्ता राख्ने व्यवस्था सम्वन्धित समुहले गर्नु पर्नेछ।

## १.३.३ ज्येष्ठ नागरिक उपसमुह गठन तथा कार्यविधि

**१. पृष्ठभूमि:** मानव अधिकारको प्रत्यभुति, सुरक्षित र सम्मानित जीवन जिउन पाउने प्रत्येक ज्येष्ठ नागरिकको मानविय अधिकारको संरक्षण गर्दै, ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने, निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरि निजहरुप्रति

श्रद्धा, आदर तथा सद्भावको अभिवृद्धि गर्ने तथा ज्येष्ठ नागरिकहरुलाई आफ्ना अधिकार प्राप्तिका लागि सजग गराउँदै संगठित गर्न आवश्यक भएकोले, नेपालमा सक्रिय ज्येष्ठपन सुदृढीकरणका लागि नगरपालिका तथा गाविसहरुमा निर्माण गरिएका जेष्ठ नागरिक समुहहरुलाई व्यवस्थित, प्रभावकारी एवं विधि सम्मत ढंगवाट सञ्चालन गर्नको लागि ज्येष्ठ नागरिक समुह परिचालन निर्देशिका २०७२ तयार गरि प्रयोगमा ल्याइसकिएको छ ।

**२. भूमिका:** २०७२ बैशाख १२ गतेको प्रल्यकारी भूकम्प र त्यस पछिका पराकम्पनहरुबाट हालसम्म करिब ८० लाख मानिस प्रभावित हुनुका साथै ८ हजार ८ सय ९१ जनाले ज्यान गुमाए भने २२३०२ जना घाइते हुन पुगे । ६० वर्ष माथीका लगभग ४ लाख ६० हजार ज्येष्ठ नागरिक र १ लाख ५ हजार ६०० देखि १ लाख ९५ हजार ९६० आपंगता भएका ब्यक्तिहरु भूकम्पद्धारा प्रत्यक्षरुपमा प्रभावित भएको विश्वास गरिन्छ । आपत्कालिन प्रतिकार्य समावेशीताको सम्बन्ध मानवता र निष्पक्षताको मानवीय सिद्धान्त एवं समानता तथा अविभेदको मानवधिकारका सिद्धान्तहरुसंग रहेका हुन्छ । त्यसकारण आपत्कालीन स्थितिमा उपलब्ध सबै मानवीय सहायतामा ज्येष्ठ नागरिक, ज्येष्ठ एकल महिला तथा आपंगता भएको ब्यक्तिहरुको पहुँचलाई निष्पक्ष र जवाफदेही ढंगले सुनिश्चित गर्नुपर्दछ । यस कार्यविधि अन्तर्गत उपसमुहहरु गठनको आवश्यकता, गठन गरिने उपसमुहहरु, गठनका विधिहरु, उपसमुहको संरचना तथा उपसमुहका काम कर्तब्यहरुको बारेमा निर्देशित गर्दछ ।

**३. आवश्यकता पहिचानः** समुदायमा गठित ज्येष्ठ नागरिकहरुको समुहमा रहेका सदस्यहरु आ-आफ्नो क्षेत्रमा दक्षता हासिल गरेका अनुभव भएका ब्यक्तिहरु हुने हुनाले प्रभावकारी रुपमा परियोजना संचालनको लागि विषयगत उपसमुहहरु गठनको आवश्यकता महशुस गरिएकोले सबै क्षेत्रहरुमा उपसमुह गठनमा एकरुपताको लागि यो कार्यविधि तयार गरिएको हो ।

**४. उपसमुहहरुः**

(क) जिविकोपार्जन (Livelihood)

(ख) विपद् जोखिम न्यूनीकरण (Disaster Risk Reduction)

(ग) स्वास्थ्य(Health)

(घ) समावेशी तथा संरक्षण (Inclusion and Protection)

**५. गठन विधिः**

- ज्येष्ठ नागरिक समुहका सदस्यहरुको बृहत भेला बोलाउने (सकेसम्म १ हप्ता अगाडी पूर्व सुचना दिई भेला बोलाउने),
- ज्येष्ठ नागरिक समुहका सदस्यहरुलाई नेपाल भूकम्प पूनर्लाभ कार्यक्रमको बारेमा संक्षिप्त जानकारी र विषयगत उपसमुह गठनको आवश्यकता र महत्वबारे प्रकाश पार्ने,
- गठन गरिने उपसमुहका सदस्यहरुको काम, कर्तव्य तथा जिम्मेवारीहरुको बारेमा जानकारी गराउने,
- स्वयंसेवी रुपमा आफ्नो दक्षता, क्षमता र अनुभव भएका सदस्यहरुलाई उपसमुहमा बस्नको लागि प्रोत्साहित गर्ने,


- उपसमुहमा सदस्य मनोनित गर्दा गाँउ विकास समितिका प्रत्येक वडाहरुबाट समावेशीताको आधारमा १ जना र नगरपालिका भइसकेका गा.वि.स. हरुको हकमा नगरपालिकाका वडा बाट ३ जनाको दरले गरी कम्तीमा ९ जना चयन गरिनेछ । समुहका अध्यक्ष र सचिव सबै उपसमुहमा पदेन सदस्यको रुपमा रहनेछन् । ज्येष्ठ नागरिक समुहको कार्य समिति सदस्यहरु मध्येबाट १ जनाले उक्त समुहहरुको नेतृत्व लिनेछन् ।
- नवगठित उपसमुहका सदस्यहरुलाई विषयगत रुपमा अभिमुखिकरण कार्यक्रम आयोजनाको लागि मिति तय गर्ने ।

## ६. उपसमुहका कार्यहरु:

- उपसमुहका सदस्यहरुले आफ्नो क्षेत्रमा संचालित विभिन्न परियोजनाहरुको नक्सांकन तथा प्रभावकारी रुपमा संचालनको लागि सहयोग गर्ने,
- नियमित रुपमा आवश्यकता अनुसार बैठक बसी सम्पन्न गतिविधिहरुको बारेमा सदस्यहरुलाई जानकारी गराउनुका साथै आगामी कार्य योजना प्रस्तुत गर्ने,
- घरदैलो कार्यक्रम गरि ज्येष्ठ नागरिकहरुलाई जिविकोपार्जन, विपद् जोखिम न्यूनीकरण, स्वास्थ्य र समावेशी तथा संरक्षण अन्तर्गतका गविधिहरुको बारेमा जानकारी गराउने,
- ज्येष्ठ नागरिकहरुको संकटासन्नता र क्षमताको विश्लेषण गरि स्थानीय विपद् जोखिम व्यवस्थापन योजना निर्माणमा सहयोगी भूमिका खेल्ने,

- स्थानीयस्तरमै ज्येष्ठ नागरिक समुहहरुको अगुवाइमा ज्येष्ठ नागरिक विपद् राहत कोषको स्थापना तथा संचालनमा सहयोग गर्ने,
- ज्येष्ठ नागरिक सम्वन्धि विभिन्न अधिकारका मागहरुलाई एकिकृत गरि सम्वन्धित सरोकारवाला निकायहरु समक्ष पैरवीगर्ने,
- विभिन्न दिवसहरु मनाउने,
- ज्येष्ठ नागरिकहरुको क्षमताको कदर गरी समाजमा उनीहरुको सम्मान गर्दै अधिकारको सुनिश्चितता, स्वास्थ्य तथा अन्य सेवामा पहुँच र आर्थिक तथा भौतिक सुरक्षामा प्रबर्द्धन गर्ने कार्यमा ज्येष्ठ नागरिक समुहलाई सहयोग गर्ने ।

## ७. संगठनात्मक संरचना




**प्रत्येक उपसमुहमा:**

**सदस्य:** ५ देखि ११ जना (सम्भव भए सम्म प्रत्येक वडाबाट १ जनाका दरले)

**पदेन सदस्य:** ज्येष्ठ नागरिक समुहका अध्यक्ष र सचिव

**संयोजक:** १ जना (सम्भव भएसम्म ज्येष्ठ नागरिक समुहका कार्यसमितिमा प्रतिनिधित्व सदस्यहरु मध्येबाट हुनेगरी १ जना) जम्मा: ११ जना

## १.३.४ ज्येष्ठ नागरिक घुम्ती कोष व्यवस्थापन निर्देशिका, २०७२

ज्येष्ठ नागरिक समुह तथा साझेदार संस्थाहरुले मिली स्थानिय स्तरमा गठन भएका वा यो निर्देशिका जारी भए पछि गठन गरिने ज्येष्ठ नागरिक समुहहरुले बिभिन्न निकायहरुबाट प्राप्त सहयोग र स्थानिय श्रोत परिचालन गरि आय आर्जनका गतिबिधिहरु संचालन गर्दा गरिने क्रियाकलापहरुलाई ब्यवस्थित र पारदर्शी बनाउन गठन गरिने घुम्ती कोष तथा उक्त कोषको संचालनलाई व्यवस्थित बनाउनको लागि निर्माण गरिएको "घुम्ती कोष व्यवस्थापन निर्देशिका, २०७२" को मुख्य प्रावधानहरु निम्न छन्:

**घुम्ती कोष व्यवस्थापन निर्देशिका, २०७२ को उद्देश्यः** ज्येष्ठ नागरिक समुहहरु तथा साझेदार संस्थाहरुले मिली गठन गरेको घुम्ती कोषलाई व्यवस्थित र प्रभावकारी ढंगले सञ्चालन गरी ज्येष्ठ नागरिकको क्षमता विकास तथा आयआर्जनका गतिबिधिहरुमा सहयोग गरि उनीहरुको जीविकोपार्जनमा मद्दत पुऱ्याउनु निर्देशिकाको उद्देश्य रहेको छ ।

**कोषको स्थापना र सञ्चालनः** ज्येष्ठ नागरिक समुहले आफ्ना सदस्यहरुलाई आयमूलक गतिबिधिहरुमा सहयोग गरि जीविकोपार्जनमा मद्दत पुऱ्याउन सहयोगी संस्थाहरुले वीउ पुँजी स्वरूप उपलब्ध गराउने रकम, सरकारका बिभिन्न निकायहरुबाट प्राप्त हुने रकम,स्वदेशी वा विदेशी संघ, संस्था वा व्यक्तिको स्वेच्छाबाट कोषलाई प्राप्त हुने रकम,ज्येष्ठ नागरिक समुहले संचालन गरेको बचत तथा ऋण परिचालन तथा अन्य आयमूलक गतिविधीबाट भएको आम्दानी बाट

कोषका लागि विनियोजन गरिएको रकम,प्रचलित कानूनको प्रतिकूल नहुने गरी अन्य श्रोतहरुबाट प्राप्त हुने रकमबाट कोषको स्थापना तथा कोषको बृद्धि गर्न सकिने व्यवस्था पनि निर्देशिकाले गरेको छ ।

**खाता सञ्चालनः** घुम्ती कोषलाई व्यवस्थित रूपमा सञ्चालन गर्नको लागि ज्येष्ठ नागरिक समुहका अध्यक्ष,सचिव र कोषाध्यक्ष गरि तीन जनाको संयुक्त दस्तखतबाट पाएक पर्ने बैंकमा बैक खाता सञ्चालन गरिनेछ र कोषको आम्दानी खर्चको कारोवार अनिवार्य रुपमा बैक खाता मार्फत गरिने छ ।

**कोषमा भएको रकम ऋण दिदाँ अपनाउने प्रकृयाः** घुम्ती कोषको रकम ऋण लिन चाहने सदस्यले २ जना सदस्यको ऋण जमानीको सिफारिस सहित आफूले गर्न चाहेको आयमूलक गतिबिधिको विवरण सहितको निवेदनमा दिनु पर्दछ । यसरी निवेदन प्राप्त भएपछी ज्येष्ठ नागरिक समुहले अनुगमन गरि समुहको पूर्ण बैठक बाट निर्णय गरि लगानी गर्न सक्ने छ । ऋण उपलब्ध गराए बापत कोषले अधिकतम बार्षिक १८ प्रतिशत सम्म ब्याज लिन सक्ने छ । व्यवसायको प्रकृति हेरी ऋण अबधि अधिकतम १ वर्षको हुने व्यवस्था समेत निर्देशिकाले गरेको ।

**कोषमा जम्मा भएको रकम खर्च सहयोग गरिने शिर्षकहरुः** कोषमा जम्मा भएको रकम सदस्यहरुको जीविकोपार्जनमा मद्दत पुग्ने खालका आयमूलक गतिबिधिहरु, उत्पादित बस्तु तथा सेवा स्थानिय स्तरमा बजारीकरण गर्न सकिने र सम्भावना भएका योजना, थोरै रकम र छिटो प्रतिफल दिने योजना, घुम्ती कोषको बिउ पूँजीमा असर नगर्ने गरि विपद् प्रभावितहरुलाई राहत सेवाका लागि सम्बन्धित

सरोकारवाला संग सहकार्य गरेर सहयोगका लागि खर्च गर्न सकिने व्यवस्था निर्देशिकाले गरेको छ ।

**कोषमा जम्मा भएको रकम खर्च गर्न नहुने:** चाडपर्व, मनोरञ्जन, भोजभतेर लगाएतका कार्यमा र समुहका सदस्यले भत्ता, खाना तथा खाजा लगायतमा कोषको रकम खर्च गर्न नहुने निर्देशिकाले उल्लेख गरेको छ ।

**कोषमा जम्मा भएको रकम खर्च गर्न सकिने:** कोषको लगानीबाट प्राप्त हुने ब्याजको रकमबाट एउटा निश्चित कोष बनाई समुहमा आवद्ध ज्येष्ठ नागरिकहरुलाई भजन किर्तन, छलफल, बिचार विमर्श, अन्तर पुस्ता ज्ञान हस्तान्तरण लगाएतका विषयहरुमा कार्यक्रम संचालन गर्न खर्च गर्न सकिन व्यवस्था निर्देशिकाले गरेको छ ।

**कोषको आर्थिक व्यवस्थापन:** कोषको हिसाब किताब राख्ने तथा आय-व्यय विवरण तयार पार्ने मुख्य जिम्मेवारी समुहका कोषाध्यक्षको हुने,समुहका अध्यक्ष र सचिवले कोषाध्यक्षलाई सघाउनु पर्ने र कोषको रकम परिचालन वा खर्च गर्दाको निर्णय, बील भरपाई तथा सम्बन्धित कागजपत्र दुरूस्त राख्नु पर्ने । कोषको विस्तृत आय-व्यय विवरण तयार पारी कम्तिमा बर्षको १ पटक भेला मार्फत समुहलाई सहयोग गर्ने निकायहरुको समेत उपस्थितिमा समुहका सम्पुर्ण सदस्यहरु लाई जानकारी गराउनु पर्नेछ र बार्षिक रुपमा आर्थिक प्रतिबेदन सहयोगी संस्थाहरुलाई उपलब्ध गराउनु पर्ने गरि पारदर्शि ढंगबाट कोषको आर्थिक व्यवस्थापन गर्नु पर्ने व्यवस्था पनि निर्देशिकाले गरेको छ ।

## १.३.५ ज्येष्ठ नागरिक विपद् राहत परिक्रमा कोष सञ्चालननिर्देशिका, २०७३

**पृष्ठभूमि:** मानव अधिकारको प्रत्याभुति, सुरक्षित र सम्मानित जीवन जिउन पाउने प्रत्येक ज्येष्ठ नागरिकको मानविय अधिकारको संरक्षण गर्दै, ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने, निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आदर तथा सद्भावको अभिवृद्धि गर्ने तथा ज्येष्ठ नागरिकहरुलाई आफ्ना अधिकार प्राप्तिका लागि सजग गराउँदै संगठित गर्न आवश्यक भएकोले, नेपालमा सक्रिय ज्येष्ठपन सुदृढीकरणका लागि नगरपालिका तथा गाविसहरुमा निर्माण गरिएका जेष्ठ नागरिक समुहहरुलाई व्यवस्थित, प्रभावकारी एवं विधि सम्मत ढंगवाट सञ्चालन गर्नको लागि ज्येष्ठ नागरिक समुह परिचालन निर्देशिका २०७२ तयार गरि प्रयोगमा ल्याइसकिएको छ भने उक्त निर्देशिका बमोजिम हेल्पएज इन्टरनेशनल नेपालद्धारा साझेदार संस्थाहरुसंगको सहकार्यमा परियोजना संचालित १४ वटा जिल्लाहरुका विभिन्न गाँउ विकास समिति तथा नगरपालिकाका वडाहरुमा ज्येष्ठ नागरिक समुह पनि गठन गरिसकिएकोछ ।

**आवश्यकता:** आपत्कालिन प्रतिकार्य समावेशीताको सम्वन्ध मानवता र निष्पक्षताको मानवीय सिद्धान्त एवं समानता तथा अविभेदको मानवधिकारका सिद्धान्तहरुसंग रहेको हुन्छ । त्यसकारण आपत्कालीन स्थितिमा उपलब्ध सबै मानवीय सहायतामा ज्येष्ठ नागरिक, ज्येष्ठ एकल महिला तथा आपंगता भएको ब्यक्तिहरुको पहुँचलाई निष्पक्ष र जवाफदेही ढंगले सुनिश्चित गर्नुपर्दछ ।

नेपाल विपद् आइरहने देशहरुको सुचीमा अग्रणी स्थानमा पर्दछ । वर्षेनी यहाँ विभिन्न खालका विपद्हरु आइरहन्छन् । विपद् सम्वन्धि केही तथ्यहरु:

- भूकम्पिय जोखिमका हिसाबले नेपाल विश्वका १९८ मूलुकमध्ये ११औं स्थानमा पर्दछ,
- जलउत्पन्न प्रकोपको जोखिमको हिसावले ३०औं  स्थानमा,
- जलवायु परिवर्तनबाट उत्पन्न जोखिमका हिसाबले चौथो स्थानमा,
- समग्र विपद्बाट प्रभावित भइरहने देशहरुमा नेपाल विश्वको २० औं स्थानमा,

(स्रोत: जिल्ला विपद् व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६९)

**विपद्बाट ज्येष्ठ नागरिकमा बढि प्रभाव पर्नुका कारणहरु:**

- उमेरसंगै शारिरिक कमजोरी, दृष्टि र श्रवण शक्ति कम हुनु तथा स्वास्थ्य सम्वन्धी समस्याहरु हुनु,
- उपयुक्त सेवा सुविधाको कमी (साधारण तथा विपद्को बेलामा),
- उमेरका कारण असमान ब्यवहार हुनु,
- गरिबी, आर्थिक अभाव, सामाजिक सुरक्षा तथा उपयुक्त जिविकोपार्जनको व्यवस्था नहुनु ।

विपद्को वेलामा सञ्चार माध्यम, यातायात लगायत अन्य विभिन्न क्षेत्रमा हुने अवरोधका कारण विपद् प्रभावित समुदाय सम्म बाहिरी क्षेत्रबाट समयमै उद्धार तथा राहत सेवाउपलब्ध गराउन सम्भव नहुन सक्छ। यस्तो परिस्थितिलाई मध्यनजर गर्दै समुदायमा पर्ने विभिन्न विपद्को घटनामा

समुदाय स्तरबाटै तत्काल उद्धार र राहत सेवा उपलब्ध गराउन सकियोस् र विपद्को समयमा समुदाय स्वयं आत्मनिर्भर गराउन सकियोस् भन्ने अभिप्रायले समुदायमा गठित ज्येष्ठ नागरिक समुहमा परिक्रमा कोषको व्यवस्था गर्ने गरिएको छ । विपद्को अवस्थामा बालबालिका, महिला, अपांगता भएका ब्यक्तिहरुसंगै ज्येष्ठ नागरिकहरु पनि संकटासन्न वर्गमा पर्ने भएकोले विपद्बाट पर्ने प्रभाव यस्ता समुहलाई बढि परेको विगतका विपद्का घटनाहरुबाट पनि प्रष्ट हुन्छ ।

त्यसै कारण समुदायमा गठित ज्येष्ठ नागरिक समुहको मातहतमा रहने गरी ज्येष्ठ नागरिक विपद् राहत कोष स्थापना गर्न सकेमा विपद्बाट प्रभावित ज्येष्ठ नागरिक समुदाय र तिनका परिवार लाभान्वित हुनेछन् भन्ने ध्येयका साथ उक्त कोषलाई अझ व्यवस्थित तरिकाले सञ्चालन गरी विपद्बाट प्रभावित ज्येष्ठ नागरिक र तिनका परिवारहरूलाई समयमै प्रभावकारी तरिकाले राहत सेवा उपलब्ध गराउन सकियोस् भन्ने हेतुले ज्येष्ठ नागरिक विपद् परिक्रमा कोष सञ्चालन निर्देशिका तयार पारिएको हो ।

यस कार्यविधि अन्तर्गत आकस्मिक अवस्थामा आइपर्ने विपद्बाट प्रभावित समुदायमा गठित ज्येष्ठ नागरिक समुहका सदस्यहरु र तिनका परिवारजनहरुलाई तत्काल स्थानीय स्तरबाटै राहत उपलब्ध गराउनको लागि गाँउ विकास समितिको हकमा स्थानीय विपद् ब्यवस्थापन समिति र नगरपालिकाको हकमा वडामा गठित सामुदायिक विपद् व्यवस्थापन समितिसंगको समन्वयमा ज्येष्ठ नागरिक विपद् परिक्रमा कोष स्थापना गरी त्यसका पदाधिकारी तथा सदस्यहरुको काम कर्तब्यहरुको बारेमा निर्देशित गर्दछ ।

# १. परिभाषा

(क) "कोष"भन्नाले विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि समुदाय स्तरमा संकलन गरिएको ज्येष्ठ नागरिक विपद् परिक्रमा कोष भन्ने सम्झनु पर्छ ।

(ख) "ज्येष्ठ नागरिक समुह" भन्नाले समुदायमा गठित ज्येष्ठ नागरिकहरुको सांगठनिक स्वरुप भन्ने सम्झनु पर्दछ ।

(ग) "संयोजक" भन्नाले ज्येष्ठ नागरिक विपद् परिक्रमा कोष संचालन समितिको संयोजकलाई जनाउने छ ।

(घ) "कोषाध्यक्ष" भन्नाले ज्येष्ठ नागरिक विपद् राहत परिक्रमा कोष संचालन समितिका कोषाध्यक्ष जनाउने छ ।

(ङ) "सचिव" भन्नाले ज्येष्ठ नागरिक विपद् राहत परिक्रमा कोष संचालन समितिको सचिव जनाउने छ ।

(च) "कार्य समुह"भन्नाले ज्येष्ठ नागरिक विपद् राहत परिक्रमा कोष संचालन समितिका आवश्यकता अनुसार गठन हुने समुहलाई जनाउँछ ।

(ट) "सहयोगी संस्था"भन्नाले नेपाल भूकम्प पूनर्लाभ कार्यक्रम सञ्चालन गर्न ज्येष्ठ नागरिक समुहलाई सहयोग गर्ने संस्था वा निकायलाई जनाउँदछ । उदाहरण स्वरूप सहयोगी निकाय साझेदार संस्था लिन सकिन्छ ।

(ठ) "समिति" भन्नाले ज्येष्ठ नागरिक विपद् राहत कोष संचालनको लागि गठन गरिएको समिति भन्ने सम्झनु पर्दछ ।

## १.१. परिक्रमा कोषको परिचयः

१.१.१. परिक्रमा कोष भन्नाले विपद् उद्धार तथा राहत सेवा उपलब्ध गराउन एक पटक खर्च गरिसकेपछि पुनः खर्च गरिएको रकम थप गरी पहिलाकै स्थितिमा कायम गर्ने अथवा सो भन्दा बढी थप गरी सञ्चालन गर्ने गरी स्थापना गरिएको कोष भन्ने बुझ्नु पर्दछ ।

१.१.२. परिक्रमा कोष स्थापना गर्नुको उद्देश्य समुदायमा कुनै विपद्को घटनाबाट प्रभावित ज्येष्ठ नागरिक तथा तिनका परिवारहलाई तुरून्तै उद्धार र राहत सेवा उपलब्ध गराउन प्रयोग गर्नु रहेको छ ।

## २. कोष बृद्धि गर्ने केही उपायहरूः

२.१. समुदायका प्रत्येक सदस्यहरूबाट नियमित रूपमा केही रकम उठाएर संकलन गरेर ।

२.२. देउसी, भैलो खेलेर प्राप्तभएको नगद वा जिन्सी संकलन गरेर ।

२.३. मौसम अनुसारको खेती पाकेको समयमा अन्न संकलन गरेर ।

२.४. सांस्कृतिक कार्यक्रम आयोजना गरेर, स्वेच्छिक सहयोग प्राप्त गरेर ।

२.५. चिठ्ठा तथा अन्य कानूनबाट मान्यता प्राप्त हुने किसिमका कार्यक्रम सञ्चालन गरेर ।

२.६. समुदायमा रहेका विभिन्न स्रोत पहिचान र परिचालन गरेर ।

२.७. स्थानीय निकाय गा.वि.स.,वडा र अन्य संघ संस्थाबाट सहयोग प्राप्त गरेर ।

२.८. उपयुक्त ठाउँमा दान पेटीकाहरू राखेर ।

२.९. प्रस्ताव लेखेर विभिन्न सरकारी तथा गैह्र सरकारी संघसंस्थाहरु संग पेश गरेर ।

## ३. रकम दाखिलाः

३.१. ज्येष्ठ नागरिक समुहमा संकलन भएको परिक्रमा कोषको रकम तुरून्त खाता खोली नजिकको बैंकमा दाखिला गर्नु पर्छ ।

३.२. नियमित रूपमा संकलन गरिएको रकम पनि ज्येष्ठ नागरिक समुहको कार्य समितिका जानकारी दिई तुरून्त बैंक दाखिला गर्नु पर्छ ।

३.३. बैंक खाता ज्येष्ठ नागरिक विपद् परिक्रमा कोष संचालन समितिका संयोजक, कोषाध्यक्ष वा सचिवको संयुक्त दस्तखतबाट सञ्चालन गर्नु पर्छ ।

<u>नोटः</u> कुनै समुदायमा जिन्सी सामान जम्मा भै सो जिन्सी तुरून्त उपयोग नुहेन भै सड्ने विग्रने स्थिति रहेमा त्यसलाई बेची नगदमा परिवर्तन गर्न सकिनेछ ।

## ४. रकमको प्रयोग तथा खर्चः

४.१. ज्येष्ठ नागरिक विपद् राहत परिक्रमा कोषमा जम्मा भएको रकम खर्च गर्नु भन्दा अगाडि ज्येष्ठ नागरिक विपद् समुहको कार्य समितिको बैठकबाट आवश्यक निर्णय गर्नुपर्छ ।

४.२. कोषमा जम्मा भएको रकम तपसीलमा उल्लेख गरेको प्रयोजनमा मात्र खर्च गर्नुपर्ने छ ।

## तपसील:

४.२.१. ज्येष्ठ नागरिक विपद् परिक्रमा कोषस्थापना गर्नको लागि बिभिन्न संस्थाहरुको सहयोगमा संचालित कार्यक्रमबाट गाँउ विकास समित वा नगरपालिकाको वडालाई सम्भाव्यताको अध्ययन गरी भौगोलिक तथा जनसंख्याको आधारमा कम्तीमा १ देखि बढिमा ३ क्षेत्रमा विभाजित गरि शुरुमा कोष स्थापनार्थ परियोजनामा ब्यवस्था गरिए अनुरुप केहि रकम उपलब्ध गराइएको छ। उपलब्ध भएको उक्त सहयोग रकम परियोजना संचालित क्षेत्रमा बनाइएको उपसमुहहरुलाई समानुपातिक रुपमा बराबर वितरण गरिनेछ।

४.२.२. परिक्रमा कोषमा सदैव न्यूनतम रू. १००००/- (अक्षेरूपी दश हजार) मौज्दात राख्ने अभ्यास छ। यदि सो कोषमा रू.१००००/- (अक्षेरूपी दश हजार) रकम नपुगेसम्म सो कोषको रकम खर्च गर्न मिल्ने ब्यबस्था गर्दा प्रभाबकारी पाइएको छ।

४.२.३. विपद् प्रभावित ज्येष्ठ नागरिक तथा तिनका परिवारहरूलाई उद्धार र राहत सेवा उपलब्ध गराउन यस कोषको प्रयोग गर्नु पर्नेछ। यसरी उद्धार र राहत दिदा कोषमा संकलन भएको रकमलाई मध्यनजर गरी एक परिवारलाई एक पटक विपद् पर्दा बढीमा रू. ५,०००।- सम्मको नगद वा जिन्सी उपलब्ध गराउन सकिनेछ। यसरी जिन्सी वा नगद सहयोग गर्दा संभव भएसम्म निर्णय गरेर मात्र दिने व्यवस्था मिलाउनु पर्नेछ।

प्रभावितहरूलाई सहयोग गर्दा त्यही समुदायका मानिसहरूलाई पहिलो प्राथमिकता दिन उपयुक्त हुनेछ ।

४.२.४. कोषमा जम्मा भएको कुल रकमको ५०% मात्र ज्येष्ठ नागरिक समावेशी विपद् पूर्वतयारी तथा विपद् जोखिम न्युनिकरण गर्ने कार्यमा खर्च गर्न सकिनेछ । कोषबाट खर्च भएको रकम यथाशिघ्र पूर्ति गर्ने काम पनि गर्नुपर्ने छ ।

४.२.५. ज्येष्ठ नागरिक विपद् परिक्रमा कोषमा बैंकमा जम्मा भएको कूल रकमको ५०% भन्दा बढी रकम कुनै असामान्य कारणबाट झिक्नु परेको खण्डमा ज्येष्ठ नागरिक विपद् परिक्रमा कोष संचालन समितिबाट निर्णय गरी  गर्नु पर्नेछ ।

४.२.६ विपद्बाट प्रभावित गैह्र ज्येष्ठ नागरिक परिवारबाट सहयोगको लागि अनुरोध भएमा समितिको बैठकको निर्णयानुसार सहयोग गर्न सकिनेछ ।

## ५. कोषको आय व्यय विवरणः

५.१. कोषको हिसाब किताव राख्ने तथा आय-व्यय विवरण तयार पार्ने मुख्य जिम्मेवारी ज्येष्ठ नागरिक विपद् राहत परिक्रमा कोष संचालन समितिको कोषाध्यक्षको हुनेछ ।

५.२. कोषको रकम परिचालन वा खर्च गर्दाको निर्णय, बील भर्पाई तथा सम्बन्धित कागजपत्र दुरूस्त राख्नु पर्नेछ ।

५.३. कोषको विस्तृत आय-व्यय विवरण तयार पारी कम्तिमा प्रत्येक बर्षको अन्तिममा एक पटक सामुदायिक भेला मार्फत

समुदायमा जानकारी गराउनु पर्नेछ । समुदायदेखि बाहेक अन्य कुनै निकायबाट कोषका लागि योगदान प्राप्त भएमा सो निकायलाई पनि प्रतिवेदन उपलब्ध गराउनु पर्नेछ ।

५.४. कोषमा रहेको रकमको कारोवार भएको खण्डमा सम्भव भएसम्म मान्यता प्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्ने छ ।

## १.३.६ विपद् जोखिम व्यवस्थापन योजनाको आवश्यकता, महत्व र निर्माण प्रक्रियाः

नेपाल बाढी, पहिरो, महामारी, आगलागी, शीतलहर र हिमताल विस्फोट, हिमपहिरो तथा विनाशकारी भुकम्पको जोखिममा रहेको मलुकु हो । जलवायु परिवतर्नका कारण पर्ने प्रतिकुल प्रभावबाट पनि नेपाल संवेदनशील अवस्थामा रहेको छ । यस सन्दर्भमा नेपाल सरकारबाट स्वीकृत “विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६” मा व्यवस्था भएबमोजिम विपद् जोखिम व्यवस्थापनको क्षेत्रमा पूर्वतयारी तथा जोखिम न्यूनीकरण कार्यलाई विशेष महत्व दिइएको छ । विपद् जोखिम व्यवस्थापनको सवाललाई विकासका योजनासँग मूल प्रभावहिकरण गरी विपद् उत्थानशील समाज निमार्ण गर्ने क्रममा जिम्मेवार निकायले पहल कदमी लिन आवश्यक भइसकेकोछ ।

यस परिस्थितिमा विपद् जोखिम व्यवस्थापनलाई केन्द्रदेखि स्थानीय तहसम्म विस्तार गरी सबै तहका विकास नीति तथा कार्यक्रममा मूल प्रवाहीकरण गर्नु पर्ने यथाथर्तालाई आत्मसात गर्दै दिगो विकासको

मान्यतालाई सुनिश्चित गर्न, प्रभावित सबै वर्ग, समुदाय एवं क्षेत्रको पहुँच र स्वामित्व स्थापित हुनेगरी स्थानीय स्रोत, साधन तथा क्षमताको अधिकतम् परिचालन गर्दै विपद् जोखिम व्यवस्थापनलाई सहभागितामलूक, पारदर्शी उत्तरदायी, समावेशी र जिम्मेवार बनाउन विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ को मूल भावना तथा मर्मलाई आत्मसात गर्दै स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी यो "स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६८" स्वीकृत गरी लागू गरिएको छ ।

## गाविस तथा समुदाय स्तरीय विपद् जोखिम व्यवस्थापन योजनाको आवश्यकता:


क) विपद् जोखिम न्यूनीकरणका कार्यक्रमलाई स्थानीय तहमा संचालन गरिने विकास प्रकृयामा मूलप्रवाहीकरण गरि सुरक्षित तथा दिगो विकासमा टेवा पुऱ्याउन ।

ख) विपद् जोखिम न्यूनीकरण कार्यक्रमलाई स्थानीय तहमा नै संस्थागत गरि आत्मनिर्भर बनाउन र स्थानीय समुदायको साझेदारीमा वृद्धि गर्न ।

ग) गा.बि.स स्तरीय योजनाको आधारका लागि स्थानीय समुदायको प्रत्यक्ष सहभागितामा क्षमता तथा संकटासन्नताको पहिचान गरी कार्यदल गठन गरी क्षमता अभिवृद्धि गर्न ।

घ) बिपद् पूर्वतयारी एवं प्रतिकार्यका लागि गठन भएका कार्यदलहरुको अनुगमन एवं प्रभावकारी परिचालनका लागि ।

### स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा प्रक्रिया




**विपद् जोखिम व्यवस्थापन योजनाः** सम्भावित विपद्को जोखिम कम गर्न, विपद्को समयमा आपत्कालीन कार्य सम्पादन गर्न र विपद् पश्चात पुनःस्थापना तथा पुनर्निमाणका लागि दिशानिर्देश गर्न तयार गरिएको योजनाबद्ध कार्यक्रम, कार्य जिम्मेवारी तथा बजेट सहितको ढाँचा नै विपद् जोखिम व्यवस्थापन योजना हो, जसलेः

क) स्थानीय निकाय, समुदाय र सरोकारवालाको प्रत्यक्ष र सक्रिय सहभागिताको प्रत्याभूति गर्छ ।

ख) विपद्द्वारा हुन सक्ने जनधनको क्षति र साधनस्रोत र सरंचनामा पर्न सक्ने प्रतिकूल प्रभावको विश्लेषणगर्छ ।

ग) प्रकोपको नक्साङ्कन गरि समुदायमा रहेको सङ्कटासन्नताको पहिचान, स्तरीकरण तथा क्षमता विश्लषेण गरी जोखिम न्यूनीकरण गर्ने विधिको प्रयोगमा जोड दिन्छ ।

घ) आवश्यकताअनुसार विकासप्रक्रियामा विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गर्दै विपद् पूर्व, विपद्को समयमा र विपद् पश्चात् गर्नु पर्ने कार्यलाई प्राथमिकीकरण गर्छ ।

**विपद् जोखिम व्यवस्थापन योजनाको उद्देश्यः**

क) स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा गर्न न्यूनतम आधार तथा साझा मापदण्ड निर्धारण गर्नु,

ख) स्थानीय तहमा रहेको विपद्को सङ्कटासन्नता, जोखिम र क्षमता विश्लेषण गर्न र सोही बमोजिम विपद् जोखिम व्यवस्थापनका प्राथमिकता प्राप्त कार्यक्रम सहितको योजना तर्जुमा गरी विपद् उत्थानशील समुदायको निर्माणमा योगदान गर्न,

(ग) स्थानीय तहका नीति तथा विकास कार्यक्रममा **सबै क्षेत्र र वर्गको** समानुपातिक सहभागिता सुनिश्चित गरी विपद् जोखिम व्यवस्थापनलाई सस्थागत गर्न मार्ग प्रशस्त गर्नु ।

## स्थानीय विपद् व्यवस्थापन समितिको गठन र पदाधिकारीहरुः

| | प्रतिनिधित्व | पद |
|---|---|---|
| १ | नगरपालिका/गाउँ विकास समिति प्रमुख | अध्यक्ष |
| २ | वडा अध्यक्षमध्येबाट नगर/गाउँ परिषद्ले मनोनयन गरेका तीनजना वडाध्यक्षहरू | सदस्य |
| ३ | विपद् परेका वडाको वडाध्यक्ष | सदस्य |
| ४ | वडासदस्यहरूमध्येबाट नगर/गाउँ परिषद्ले मनोनयन गरेका दुईजना वडासदस्यहरू | सदस्य |
| ५ | राष्ट्रियस्तरका राजनीतिक दलका नगरपालिका/गाउँ विकास समिति स्तरीय प्रतिनिधि | सदस्य |
| ६ | नेपाल रेडक्रस सोसाइटी, स्थानीय गैरसरकारी संस्था, सामुदायिक संस्था, सामाजिक सङ्घसंस्था वा प्रतिष्ठित समाजसेवीमध्ये नगर/गाउँ परिषद्ले मनोनित गरेका चारजना (यसमा महिला र दलित अनिवार्य रूपमा हनु पनर्छे ) | सदस्य |
| ७ | स्थानीयस्तरमा उपलब्ध विपद् व्यवस्थापनसम्बन्धी विज्ञमध्ये नगर/गाउँपरिषद्ले मनोनयन गरेका दुई जना | सदस्य |
| ८ | नगरपालिकाका कार्यकारी प्रमुख/गाउँ विकास समितिका सचिव | सदस्य सचिव |
| | नगरपालिका तथा गाउँ विकास समितिले स्थानीय विपद् व्यवस्थापन समितिको संरचनामा आवश्यकता अनुसार परिमार्जन गर्न सक्नेछन् । त्यसैगरी स्थानीय विपद् व्यवस्थापन समितिका पदेन सदस्यबाहेक मनोनित सदस्यको पदावधि बढीमा दुई वर्षको हुने व्यवस्था मिलाउनु पर्नेछ । | |

## स्थानीय विपद् व्यवस्थापन समितिको काम कर्तव्य तथा अधिकारः

विपद् व्यवस्थापन राष्ट्रिय रणनीति २०६६ ले समेत स्थानीय विपद् व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारको व्यवस्था गरेको छ ।

सो अनुसारसमेत स्थानीय विपद् व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार निम्नअनुसार हुनेछः

- नगरपालिका तथा गाउँ विकास समिति क्षेत्रको विपद् व्यवस्थापन योजनाको तजुर्मा, कार्यान्वयन र अनुगमन गर्नु,
- जिल्ला विपद् व्यवस्थापन समिति र गाउँस्तरमा गठन हुने विपद् व्यवस्थापन सम्बन्धी अन्य समिति तथा उपसमितिलाई सहयोग पुऱ्याउनु ,
- नगरपालिका तथा गाउँ विकास समिति स्तरका कर्मचारी, नागरिक समाजका प्रतिनिधि तथा राजनीतिक दलका प्रतिनिधिलाई विपद्सम्बन्धी तालिम, प्रशिक्षण दिने वा दिने व्यवस्था मिलाउनु ,
- विपद् व्यवस्थापनका लागि गाउँस्तरीय विपद् व्यवस्थापन कोषको स्थापना र सञ्चालनको व्यवस्था मिलाउनु ,
- विपद् व्यवस्थापनको लागि वार्षिक बजेट छुट्याउनु ,
- विपद्को अवस्थामा वा विपद् जोखिम न्यूनीकरणका गतिविधिमा बजेट परिचालन तत्कालै हुने व्यवस्था मिलाउनु ,
- नगरपालिका तथा गाउँ विकास समितिका भौतिक संरचना निर्माण प्रक्रियामा सरकार तथा जिल्ला स्तरबाट लागू भएका नीति-निदर्शेन कार्यान्वयन गर्नु, गराउनु ,
- सबै सरोकारवालाको सहभागितामा विपद् व्यवस्थापन योजना, आपत्कालीन कार्ययोजना, पुनःस्थापना तथा पुनः निर्माण योजना तजुर्मा तथा कार्यान्वयन गर्नुपर्नेछ,
- विपद् प्रभावित क्षेत्र मा उद्धार, राहतको व्यवस्था गर्नु,

- नगरपालिका तथा गाउँ विकास समितिका लागि विपद् व्यवस्थापनसम्बन्धी आवश्यक दस्तावेज तयार गर्नु,
- विपद्बाट विस्थापित समुदायलाई पुनःस्थापन गर्न जिल्ला विपद् व्यवस्थापन समितिलाई सघाउनु,
- नगरपालिका तथा गाउँ विकास समितिस्तरको प्रकोप जोखिम नक्सा बनाउने,
- विकास निर्माणका योजनामा विपद् व्यवस्थापन र जोखिम न्यूनीकरणका अवधारणालाई मुल प्रवाहीकरण गर्ने गराउने तथा त्यससगँ सम्बद्ध कार्य गर्नुपर्नेछ ,
- सामुदायिक प्रकोप व्यवस्थापन समितिहरूलाई नगरपालिका तथा गाउँ विकास समितिमा आबद्ध गराई तिनको सूची कायम गरी समितिहरूका कार्यक्रमलाई सघाउने,
- विपद् व्यवस्थापनसम्बन्धी जनचेतना तथा क्षमता अभिवृद्धिका कार्यगर्ने, गराउने ,
- विपद् व्यवस्थापन प्रक्रियालाई समावेशी र सहभागितामूलक बनाउन निम्नअनुसारका अन्तर्निहीत क्षेत्र लाई प्राथमिकतामा राख्न प्रत्याभूति गर्नु पर्नेछः
  - लैङ्गिक समानता,
  - सामाजिक समावेशीकरण,
  - अपाङ्गता तथा सीमान्तीक्रित समुदायको पहुचँ ,
  - जीविकोपार्जनका वैकल्पिक क्षेत्रको पहिचान र पछाडि पारिएका वर्गको पहुँच,

- ♦ प्रभावित समुदायको मानवअधिकारको संरक्षण,
- ♦ प्रतिकार्यमा न्यूनतम मापदण्डको सुनिश्चितता ।

➲ स्थानीय स्वायत्त शासन ऐन तथा प्रचलित नेपाल कानुनबमोजिम सरकार, जिल्ला दैवी प्रकोप तथा उद्धार समिति, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र दातृ निकायसँग समन्वय गरी विपद् व्यवस्थापनका लागि आर्थिक तथा प्राविधिक सहयोग प्राप्त गर्नु पनर्छे ।

**नगरपालिका तथा गाउँ विकास समितिको विशेष जिम्मेवारी:**

(क) नगरपालिका तथा गाउँ विकास समितिका सङ्कटासन्न वडा र आवास क्षेत्र र समुदाय तहको विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा तथा कार्यान्वयन गर्न आर्थिक एव प्राविधिक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(ख) स्थानीय विपद् जोखिम व्यवस्थापन योजनाको कार्यान्वयन र समुदायको क्षमता अभिवृद्धिका लागि क्षमता विकास कार्यक्रम तर्जुमा गरि कार्यान्वयन गर्नु पर्नेछ ।

(ग) विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा तथा कार्यान्वयन गर्ने क्रममा आवश्यकताअनुसाार अन्य स्थानीय निकायसंग समेत समन्वय गर्नु पर्नेछ ।

(ग) सामुदायिक विपद् व्यवस्थापन समिति (Community Disaster Management Committee, CDMC) लाई गाउँ विकास समितिमा सूचीकरण गरी वार्षिक रूपमा नवीकरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(ङ) विपद् जोखिम व्यवस्थापनका कार्यक्रमहरूलाई नगरपालिका तथा गाउँ विकास समितिको वार्षिक तथा आवधिक योजनामा प्राथमिकताका साथ समावेश गरी कार्यान्वयन गर्नु पर्नेछ ।

(च) विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा तथा कार्यान्वयनका क्रममा नगर विकास समिति, सहरी विकास विभागको आवास महाशाखा तथा सो संग सम्बन्धित कार्यालय, सडक विभाग वा सडक डिभिजन कार्यालय, नेपाल विद्युत् प्राधिकरण, दूरसञ्चार कार्यालयहरू लगायत सरकारी, गैरसरकारी र निजी क्षेत्रसँग समेत प्रभावकारी समन्वय गर्नु पर्ने छ ।

## योजना तर्जुमा उपसमितिको काम, कर्तव्य तथा अधिकार:

१. योजना तर्जुमा प्रकृयामा जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला विकास समिति र विषयगत कार्यालय, नगरपालिका, गाउँ विकास समिति, स्थानीय विपद् व्यवस्थापन समितिसहित अन्य सरोकारवाला र निकायसँग नियमित समन्वय गरि सुझाव लिने ।

२. नगरपालिका एवं गाउँ विकास समिति तथा वडास्तरमा सञ्चालन गरिने सहभागितामूलक सङ्कटासन्नता तथा क्षमता विश्लेषणका लागि तथ्याङ्क तथा सूचना सङ्कलन गरी विश्लेषण गर्ने ।

३. जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला विकास समिति र विषयगत कार्यालय, नगरपालिका तथा गाउँ विकास समितिका दस्तावेजहरू अध्ययन गरि आवश्यक द्वितीय सूचना सङकलन, परीक्षण र विश्लेषण गर्ने ।

४. स्थानीय विपद् जाखिम व्यवस्थापन योजना तर्जुमा गर्न अपनाइने

प्रकृया र विधिबाट प्राप्त सूचना र तथ्याङ्को आधारमा समुदाय, वडा र नगरपालिका एवं गाविसको विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा गर्ने ।

५. योजना तर्जुमा प्रकृयाको हरेक चरणमा विपद प्रभावित तथा सङ्कटासन्न समुदायका प्रतिनिधि, महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, तथा सबै जातजाति र वर्गको प्रतिनिधित्वलाई सुनिश्चित गराउने ।

६. समुदायमा आधारित विपद् व्यवस्थापन समिति तथा पूर्वतयारी तथा प्रतिकार्यका लागि आवश्यक ठानिएका कार्यदलहरू गठन गर्न सहजीकरण गर्ने ।

७. जिम्मेवारी सहितको कार्यतालिका तयार गरि आवश्यक प्रकृया पुरा गरेर स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा गर्ने ।

८. सबै प्रक्रिया र विधि पूरा गरि तयार भएको स्थनीय विपद् व्यवस्थापन योजना स्थानीय विपद् व्यवस्थापन समितिसमक्ष पेश गर्ने ।

**योजनाको भाग –१, प्रारम्भिक २. परिभाषाको** (द) मा "लक्षित समूह" भन्नाले आर्थिक रूपमा पछाडि परेका विपन्न वर्गका महिला एवं बालबालिका तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका सबै जातजातिका विपन्न वर्गहरू, **ज्येष्ठ नागरिक,** दलित, आदिवासी, जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, एकल महिला, प्रकोप प्रभावित वा सङ्कटासन्न समुदाय तथा व्यक्तिहरू, मधेशी, मुश्लिमजस्ता वर्ग एवं नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवं समुदायलाई सम्झनुपर्छ । यसमा लक्षित समूहमध्ये ज्येष्ठ नागरिकलाई पनि स्पष्ट रुपमा उल्लेख गरेको छ ।

# २. ज्येष्ठ नागरिकका लागि जिल्ला स्तरका विभिन्न सरोकारवालाहरूको भूमिका र जिम्मेवारीहरू

## जिल्ला स्तरिय संध संस्थाहरुको बिभिन्न निकाय संगको सम्पर्क वाट जानाकारीमा आएका भूमिका र जिम्मेवारीहरु

### जिल्ला महिला बालबालिका कार्यलयको भूमिका र जिम्मेवारीहरु:

१. जिल्लाका गाउँ तथा नगर पालिकाहरुको बृद्ध आश्रमहरुमा रहेको ज्येष्ठ नागरिकहरुलाई अर्थिक अनुदान गर्ने ।

२. ज्येष्ठ नागरिक तथा अपाङ्गहरुलाई परिचयपत्र वितरण गर्दै आएको ।

३. ६५ वर्ष माथिका ज्येष्ठ नागरिकलाई औषधी उपचार उपलब्धताको लागि जनस्वास्थ्यमा सिफारीस गर्ने गरेको ।

४. ज्येष्ठ नागरिकलाई परिचय पत्र वितरण गर्ने कार्यमा लागि परेको न्यानो कपडा सम्मान गर्ने गरेको ।

### जिल्ला बालवालिका संजाल/क्लबको भूमिका र जिम्मेवारीहरु:

१. सर्वप्रथम आफुबाटै ज्येष्ठ नागरिकको सम्मान गर्न सिक्ने ।

२. ज्येष्ठ नागरिकको अनुभव र बालबालिकाको ज्ञान समेटि समन्वय गर्ने ।

३. बाल क्लबमा आवद्ध सदस्यहरुद्धारा ज्येष्ठ नागरिकहरुलाई सम्मान गर्नु पर्छ भनि घर, परिवार, समुदायमा जानकारी दिने ।

४. बालबालिकाको क्षेत्रमा काम गर्ने बेलामा सल्लाह, सुझाब, अनुभव समेट्ने ।

५. बृद्ध अवस्थाको अनुभुति दिलाउन बृद्धावस्थाको नमूना नाटक गर्ने ।

## नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखाको भूमिका र जिम्मेवारीहरुः

१. संकटको अवस्थामा क्षति न्यूनिकरण गराउनको लागि चेतना मुलक कार्य सञ्चलन गर्ने ।
२. संकट परेको ठाँउमा सिघ्र पुग्नको लागि योजना तयार गर्ने ।
३. संकटमा परेका ज्येष्ठ नागरिकहरुलाई निति अनुसारको राहत सामाग्री उपलब्ध गराउने ।
४. आवश्यकता अनुसार प्राथमिक उपचारको व्यवस्था मिलाउने ।
५. घटनाबाट घाईते भएका ज्येष्ठ नागरिकहरुलाई अवस्था हेरी अस्पताल पऱ्याउने ।
६. आर्थिक अवस्था कमजोर हुनेहरुको खोजि गरि उपचारमा सहयोग गर्ने ।
७. एम्बुलेन्स सेवा बृहत्तर रुपमा दिने कोशिस गर्ने ।
८. बिरामीहरुको खानाको अवश्यकतालाई प्राप्त गर्ने र समस्या हुनेहरुलाई रगत निशुल्क दिलाउने पहल गर्ने ।
९. पुनर्स्थापना तथा पुनः निर्माणको लागि  यथा संभव दाताहरुको खोजि गर्ने र सो काममा सहयोग पुऱ्याउने ।

## नगरपालिका कार्यलयको  भूमिका र जिम्मेवारीहरुः

१. उमेर पुगेका ज्येष्ठ नागरिकहरुको लगत तयार गरि पठाउने ।
२. सामाजिक सुरक्षा वृत्ति भत्ता पाउनेहरुको विवरण तयार गरि वितरण गर्ने ।
३. ज्येष्ठ नागरिकमैत्री पार्क र बृद्धाश्रम लगायतका भौतिक संरचनाहरु निर्माण गर्ने र आर्थिक सहयोग उपलब्ध गराउने ।

४. ज्येष्ठ नागरिकहरुका लागि बनेका निति नियमहरुको पालन गर्ने गराउने ।

५. निर्देशिकामा व्यवस्था भए बमोजिमको लक्षित वर्ग अन्तर्गतको रकम ज्येष्ठ नागरिकहरुलाई छुट्याउने ।

६. ज्येष्ठ नागरिकहरुको शसक्ति करणका लागि माग र अवश्यकता अनुसारको तालिम दिने ।

## जिल्ला विकास समितिको भूमिका र जिम्मेवारीहरुः

१. जिल्ला दैवी प्रकोप उद्धार समितिको बैठकमा सहभागि हुने र निर्णय कार्यन्वयन गराउने ।

२. ज्येष्ठ नागरिकहरुको लागि बजेट छुट्याउने ।

३. ज्येष्ठ नागरिकहरुका विभिन्न क्षमता अभिबृद्धि हुने खालका कार्यक्रम संचालन गर्ने ।

४. ज्येष्ठ नागरिक लगायत विधवा, एकल महिला,दलित,अपाङ्ग, बाल बालिकालाई सामाजिक सुरक्षा भत्ता वितरण गर्ने ।

५. ज्येष्ठ नागरिकहरुले प्राप्त गर्ने सुविधा गा.वि.स./वडाबाटै प्रदान गरिने व्यवस्था मिलाउने ।

६. सेवामा ज्येष्ठ नागरिकहरुलाई प्राथमिकता दिई लाईनमा बस्नु नपर्ने व्यवस्था मिलाउने ।

## ज्येष्ठ नागरिक समितिको भूमिका र जिम्मेवारीहरु:

१. वरिष्ठ ज्येष्ठ नागरिकहरुको सेवा सुविधामा महत्वपूर्ण भूमिका निर्वाह गर्ने ।

२. सो परिवारमा नै बस्ने आवश्यक वातावरणको सिर्जना गर्ने ।

३. ज्येष्ठ नागरिकहरुका हक हित काम कर्तव्यहरुको सुनिश्चितताका लागि भूमिका निर्वाह गर्ने ।

४. ज्येष्ठ नागरिकहरुको हक हित बारे टोल टोलमा प्रचार प्रसार व्यापक रुपमा संचालन गर्ने ।

५. विभिन्न संघ संस्था कार्यलय आदि संग समन्वय गरि ज्येष्ठ नागरिकहरुको लागि सीप मुलक तालिम र आवश्यक विभिन्न कार्यक्रम संचालन गर्ने ।

६. समाजमा अपहेलित र विपन्न वर्गका ज्येष्ठ नागरिकहरुको हेरचाहमा ध्यान पुऱ्याई सम्वन्धित सेवा केन्द्रमा वा वृद्धाश्रममा राख्ने व्यवस्था मिलाउने ।

७. विभिन्न प्रकारका रोग आदिले ग्रस्त ज्येष्ठ नागरिकहरुका लागि सम्बन्धित अस्पताल आदिमा भएको व्यवस्था बारे अवगत गराउने ।

८. उमेरको अधारमा ज्येष्ठ नागरिकहरुका बर्गिकरण गर्ने ।

९. समाजमा सम्मान पूर्वक बाच्न सक्ने वातावरण सिर्जना गर्ने ।

१०. ज्येष्ठ नागरिकहरुको सम्मानमा ध्यान दिने ।

११. समय समयमा स्वास्थ्य सेवा पुऱ्याउने ।

१२. ऐनले व्यवस्था गरे मुताविक ज्येष्ठ नागरिक परिचयपत्र वितरण गर्ने व्यवस्था मिलाउने ।

## जिल्ला कृषि विकास कार्यलयको भूमिका र जिम्मेवारीहरुः

१. जिल्ला कृषि विकास कार्यालयको नियमित कर्मचारी बैठकमा ज्येष्ठ नागरिक जानकारी एवं सहजीकरण गर्ने ।
२. कर्मचारी बैठकमा जानकारी पश्चात ज्येष्ठ नागरिकको सहभागी योजना तर्जुमा गर्ने गराउन सहयोग गर्ने ।
३. जिल्ला कृषि विकास कार्यलयबाट गठित कृषक समूहमा ज्येष्ठ नागरिक कार्ययोजना बनाउन सहजिकरण गर्ने ।

## सूरक्षा निकायहरुको भूमिका र जिम्मेवारीः

१. विपद् प्रकोप उद्धारमा सुरक्षा तथा जनशक्ति परिचालन ।
२. घाईतेहरुको उद्धार/प्राथमिकता उपचारको व्यवस्था ।
३. जनधनको सुरक्षा ।
४. एम्बुलेन्स सेवा प्रदान ।
५. जनचेतना अभिबृद्धि कार्यक्रम संचालन ।
६. विपद पूर्व/विपदको समयमा र विपद पश्चात अपनाउनु पर्ने प्रकृयाहरु सम्बन्धी जनचेतना कार्यक्रम संचालन गर्ने ।
७. राहत वितरण कार्यमा सुरक्षा प्रदान गर्ने ।
८. कानुनी प्रकृया पुरा गर्ने ।
९. पुनःनिर्माण कार्यमा जनशक्ति परिचालन गर्ने ।
१०. अन्य निकायसंग समन्वय गर्ने ।

## गैर–सरकारी संस्थाहरुको भूमिका र जिम्मेवारीहरुः

१. आफ्नो क्षेत्रका ज्येष्ठ नागरिकहरुको तथ्याङ्क संकलन गर्ने ।
२. स्थानीय स्तरमा हुने योजना तर्जुमा गर्दा ज्येष्ठ नागरिकहरुलाई अनिवार्य सहभागि गराउने ।
३. विभिन्न संस्थाहरुसंग मिलि ज्येष्ठ नागरिकहरुसंग सम्बन्धित कार्यक्रमहरुको खोजि एंव तयार गर्ने ।
४. संस्थाहरुले लक्षित वर्ग अन्तर्गत ज्येष्ठ नागरिकहरुलाई समेट्ने ।
५. ज्येष्ठ नागरिकको अधिकार सुनिश्चितताको लागि पैरवी/वकालत/ गर्ने ।

## संचार माध्यम (रेडियो र टेलिभिजन) को भूमिका र जिम्मेवारीहरुः

१. ज्येष्ठ नागरिकको हक हितको सम्बन्धमा सरकारले ल्याएको निति नियम कार्यन्वयनमा खबरदारी गर्ने
२. संचारमाध्यमबाट ज्येष्ठ नागरिकहरुकलाई माया, सम्मान गर्नुपर्छ भन्ने सन्देश दिनको लागि उचित सार्वजनिक सन्देश प्रसारण/प्रकाशन गर्ने ।
३. युवा वर्गहरुलाई ज्येष्ठ नागरिक सम्बन्धि जिम्मेबारी बहन गर्ने खालको रिपोर्ट प्रसारण गर्ने ।
४. बोल्दा ज्येष्ठ नागरिक शब्द प्रयोग गर्ने ।

## जिल्ला वन कार्यलयको भूमिका र जिम्मेवारीहरुः

१. जिल्ला वन कार्यालय कर्मचारी बैठकमा ज्येष्ठ नागरिकहरुलाई सहजीकरण हुने गरि जानकारी गराउने ।

२. ज्येष्ठ नागरिकहरुलाइ आगामी योजनामा ज्येष्ठ नागरिक सम्बन्धी कार्यक्रम योजनामा राख्ने ।

३. योजना स्वीकृत भएमा उ.स. हरुमा कार्यन्वयन गर्ने ।

## जिल्ला जनस्वास्थ्य कार्यालयको भूमिका र जिम्मेवारीहरुः

१. विपदमा परेका ज्येष्ठ नागरिकहरुलाई निशुल्क जाँच तथा उपचार गर्ने ।

२. माथिल्लो अस्पतालमा उपचार गर्नुपर्ने भएमा सिफारिस गरि पठाउने ।

३. अवश्यकता अनुसार सम्बन्धित स्थानमा द्रुत सेवा समुह (Rapid Response Team) पठाई सेवा अनुगमन मुल्यांकन गर्नै ।

४. जिल्ला दैवी उद्धार समिति र माथिल्लो निकाय (स्वास्थ्य मन्त्रालय) संग समन्वय गरि सहयोग जुटाउने ।

५. कडा रोग क्यान्सर, मुटुरोग, मृगौला रोग आदी लागेमा सिफरिस गरि निशुल्क उपचार व्यवस्थामा सहयोग गर्ने ।

६. ज्येष्ठ नागरिक सरोकार राख्ने विभिन्न समितिसंग छलफल अन्तर कृया गर्ने ।

# ३. ज्येष्ठ नागरिक हितका लागि सन्देशहरू

## घर तथा परिवार

- 'आमा वुवा संग म बसेको छु' न की 'वुवा आमा म संग बस्नुहुन्छु'।
- नाती, नातीना हजुरबा, हजुरआमा संग बसेका छौ ।
- हजुरबा, हजुर आमा भएका घरमा मैले धेरै स्याहार सुसार पाएको छु ।
- हजुरबा हजुरआमाले घरमा नैतिक शिक्षा दिनुहुन्छ ।
- ज्येष्ठ नागरिकले खाली पुराना कुरा मात्र गर्दैनन् ज्ञान का कुरा पनि गर्नुहुन्छ ।
- ज्येष्ठ नागरिकलाई होच्च्याउने उखानहरु प्रयोग नगरौ ।
- ज्येष्ठ नागरीकहरु **अवकास प्राप्त** हुन, **थाकेका** हैनन्।
- ज्येष्ठ नागरिक पालो गरी पाल्ने ठेक्का वा वस्तु हैनन् ।
- छोराले कमाएको सम्पती बा तथा आमाको किन नहुने ?
- घर सम्पती को ७५% सम्म ज्येष्ठ नागरिकले आफुखुसी खर्च गर्ने ।

## समुदाय

- समुदायको विकासको लागी ज्येष्ठ नागरिकले अभिभावक्त्व प्रदान गरेको छ ।
- ज्येष्ठ नागरिकको नेतृत्व समाजमा मान्य रहेको छ ।
- ज्येष्ठ नागरिक संगठीत गर्न सक्षम ।
- ज्येष्ठ नागरिक जिउदा ईतिहास हुन् ।

## गा.वि.स (नगरपालिका)

- ज्येष्ठ नागरिकलाई छुट्याईएको रकम पारदर्शी गर्नु पर्ने ।

- ज्येष्ठ नागरिकलाई योजना निमार्णमा सकृय सहभागी गराउनु पर्ने ।
- ज्येष्ठ नागरिकलाई द्रुत सेवाको व्यवस्था (नागरिकता सिफारीस परिचय पत्र, समुह दर्ता क्रममा प्राथमिकता आदि) ।
- संयन्त्रहरुमा ज्येष्ठ नागरिकहरुको प्रतिनिधीत्व ।
- ज्येष्ठ नागरिकको संरक्षकको रुपमा हेर्ने ।

## अदालत

- ज्येष्ठ नागरिकलाई परेको मुद्धा प्राथमिकता सुनुवाई गर्ने ।
- हाल भएको ७० वर्ष को प्राथमिकता लाई ज्येष्ठ नागरिक (६० वा ६० भन्दा माथी) मा लगाउने ।
- ज्येष्ठ नागरिकको 'पेसी हटाउन' वन्द गर्ने वा बढीमा ३ पटक मात्र सार्ने ।
- न्यायधीशको तजविजको दण्ड जरिवानामा छुटको व्यवस्था गर्दा अधिकारमा ज्येष्ठ नागरिकलाई बिशेष सुबिधा दिने ।

## गैसस

- ज्येष्ठ नागरिक केन्द्रीत कार्यक्रम सबै गैसस ले कार्य क्षेत्र भित्र सवैलाई समेटने ।
- गैससले ज्येष्ठ नागरिकको सवालमा पैरवी गरिदिने ।
- ज्येष्ठ नागरिक समुह सवै गै.स.सको कार्यक्रममा समावेस/आवद्ध गरी कार्यक्रम संचालन ।
- ६० बर्ष पुरा गरेका ज्येष्ठ नागरिक भए सुरक्षा भत्ता पनी त्यसै समय देखी किन नपाउने ?

## मालपोत

- ज्येष्ठ नागरिकलाई मालपोतले दिने सेवा प्राथमिकतामा राख्ने ।
- ज्येष्ठ नागरिकलाइ पैत्रिक सम्पत्तिको ७५ प्रतिसत सम्म प्रयोग गर्ने छुट ।
- छोराछोरी को जमिन वा सम्पत्ति विक्रि वितरणमा अविभावक वा आमाको उपस्थिती वा सहमती ।
- ज्येष्ठ नागरिकको सम्पत्ति खरिद विक्रिमा कर (कारोवार शुल्क) छुट ।
- ज्येष्ठ नागरिकले हाल वकसपत्र गरि पाल्नेलाई दिनसक्ने ब्यवस्था ।
- जिउनीको हक पाल्नेको लाग्ने ।

## स्वास्थ्य

- स्वास्थमा पाइने छुट लाई सरल प्रकृयाबाट प्रदान गर्ने (महिला विकास अधिकृतको सिफारिसमा झन्झटिलो) ।
- निजि स्वास्थ केन्द्र र अस्पत्तालले पनि सुविधा प्रदान गर्न राज्यले ब्यवस्था गर्ने ।
- देशका २५ लाख ज्येष्ठ नागरिकलाई अस्पताल खै ?
- हरेक अस्पत्तालमा ज्येष्ठ नागरिक वार्डको ब्यवस्था ।
- ज्येष्ठ नागरिकले निःशुल्क पाउने आधारभुत स्वास्थ सेवाहरु प्रष्ट रुपले देखिने र बुझिने गरेर स्वास्थकेन्द्रहरुमा राखिनु पर्छ ।
- ज्येष्ठ नागरिक स्वास्थ परिक्षणको ब्यवस्था स्वास्थकेन्द्रहरुले निशुल्क गर्ने ।
- जिल्ला जनस्वास्थको ज्येष्ठ नागरिक केन्द्रित कार्यक्रम खै ?

## यातायात

- परिचयपत्र सम्पूर्ण ज्येष्ठ नागरिकलाई प्रदान गर्ने ।
- महिला विकास अधिकृत ले द्रुत रुपमा सबै ज्येष्ठ नागरिकहरुलाई परिचयपत्र दिने ।
- ज्येष्ठ नागरिक भत्ता परिचयपत्रले छुट लिन १० बर्ष किन कुर्ने ?
- आरक्षणसिट सम्पूर्ण यातयात साधनमा छुट्याउने र कार्यन्वयन गर्ने
- सेवा नपाए उजूरी कहाँ गर्ने ?
- सम्पूर्ण यातयात ब्यवसायीलाई राज्यले संरक्षण दिएकाले राज्यको निर्देशन ब्यवसायीले मान्ने बनाउने ।

## जिल्ला प्रशासन कार्यालय

- ज्येष्ठ नागरिकलाई उजुरी दिन प्राथमिकता प्रदान गर्ने ।
- ज्येष्ठ नागरिकहरुलाइ राहतमा प्राथमिकता ।
- ज्येष्ठ नागरिकको शान्ति र सूरक्षा, नागरिकता/मुद्धा मामिला राहदानी संस्था दर्ता आदिमा प्राथमिकता ।
- ज्येष्ठ नागरिकको मृत्यु पश्चात भत्ता/पेन्सन परिवारलाई पर्ने ।
- राज्यकोषबाट पेन्सन पाए बृद्ध भत्ता नपाउने ब्यवस्था खारेज गर्ने ।

## प्रहरी

- ज्येष्ठ नागरिकलाई शान्ती सूरक्षा ।
- थुनुवा राख्नपरे छुटै ब्यवस्था ।
- यातयातको छुट र सेवा प्रदान गरे नगरेको अनुगमन गर्ने ।
- सबै ट्राफिकले ज्येष्ठ नागरिक प्राथमिकताका साथ सेवा प्रदान गर्ने ।

# ४. ज्येष्ठ नागरिकका अनुभव र कथाहरू

## ४.१ हाम्रो ज्येष्ठ नागरिक

**उमानाथ बराल, ज्येष्ठ नागरिक समिति, सचिव, पुम्दि भुम्दि, कास्की**

“ज्येष्ठ नागरिक कुनै पनि देशका जिउदा इतिहास हुन्” भन्ने नाराबाट पनी ज्येष्ठ नागरिक संग सिक्न लाएक सीप, ज्ञान र विचार हुन्छन् भन्ने कुरा स्पष्ट हुन्छ। ज्येष्ठ नागरिकको सम्मान र संरक्षणको लागि ज्येष्ठ नागरिक ऐन,२०६३ नेपालको संसदले निर्माण गरि जारी गरेको एक दशक बितिसक्दा पनी प्रभावकारी कार्यान्वयन नभई रहेको र गैर सरकारी क्षेत्रबाट पनी ज्येष्ठ नागरिकका सम्बन्धमा प्रभावकारी योगदान नभईरहेको अवस्थामा ढिलै भए पनि नेपालका केहि जिल्लाका विभिन्न गा.वि.स. हरुमा हेल्प एज ईन्टरनेशनल र नेपानले ज्येष्ठ नागरिकहरुकोहक हित को संरक्षण गर्ने उद्धेश्य राखी कास्की जिल्लामा तदर्थ समिति गठन गर्ने र कास्की जिल्लाको ४ वटा गा.वि.स.मा ६० वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकहरुलाई घटिमा २५ जनाको समूह बनाई त्यस समूह अर्न्तगत तदर्थ समितिको नाममा बिऊँ पूजि को नामबाट करीब १,५०,०००।- (अक्षरुपी एक लाख पचास हजार रुपैयाँ मात्र) सहयोग गर्ने काम भएको थियो।

यसै सन्दर्भमा हाम्रो गा.वि.स. पुम्दि भुम्दि र हाल पो.उ.मा.न.पा. वडा नं २५ मा तत्कालिन गा.वि.स. का सचिव ज्यूबाट २०६९ साल पौष २९ गते गा.वि.स. का ज्येष्ठ नागरिक मध्येका खडानन्द बराल, बुद्धिराम परियार, उमानाथ बराल, भवानी प्रसाद बराल, धनेश्वर बराल र देउ

बहादुर गुरुङ्ग लगायतका ज्येष्ठ नागरिकहरुलाई गा.वि.स.मा बोलाई ज्येष्ठ को हकहितको लागि व्यवस्थित रुपमा काम गर्न ज्येष्ठ नागरिक संगठित हुनु पर्ने र संगठित हुनको लागि समिति बनाउनु पर्ने भनि प्रस्ताव गर्नु भए अनुसार समिति गठन गरिएको थियो ।

विगतमा प्रभावकारी कार्य गर्न नसकेतापनी पछिल्लो समिति गठन भई सके पछि शुरुमा हामीले प्राप्त गरेको बिऊँ पूँजि लाई रु १% ब्याजमा समूह भित्र बिभिन्न शिर्षक जस्तैः बाख्रा पालान, तरकारी खेती, कुखुरा पालन आदीमा ऋृण लगानी गरि एक वर्ष भित्र ६ महिनामा ब्याज र वर्ष दिनमा सावा चुक्ता गर्ने निर्णय गरियो । त्यस्तै हामी समूहमा बस्ने सदस्यहरुले विगतमा मासिक रु ५०।- को बचतलाई  हाल रु १००।- का दरले बचत गर्ने गरिएको छ । समयको परिवर्तनसंगै बिउँ पूँजि र बचत बढ्दै गए पछि नेपानबाट अन्य अनुदान पनि प्राप्त भए पछि ज्येष्ठ नागरिकहरुलाई सजिलो कामको रुपमा विचार गर्दा मौरी पालन गर्ने भन्ने भए पछि करिब ४५ घार मौरी पाल्पाबाट खरीद गरि वितरण गरियो ।

उक्त मौरिको अनुदानलाई पनि केहि ज्येष्ठ नागरिकबाट लिने र अनुदान रकमलाई मिलाई एक घार मौरी मध्ये रु.१००० ज्येष्ठ नागरिक र रु.५५०० नेपानबाट गरि नेपानबाट प्राप्त रकम पनि ज्येष्ठ नागरिकलाई  १% ब्याज सहित रु.५५००।- रुपैया एक वर्षमा चुक्ता गर्ने गरी लगानी गरियो । यसै सन्दर्भमा नेपानको साझेदार संस्था कम्युनिटि सपोर्ट ग्रुप बिपद व्यवस्थापन र जोखिम न्यूनिकरण सहभागिता मुलक संस्थाको मिलि काम  गर्ने निर्णय भई सके पछि

देशमा २०७२ वैशाख १२ मा महा-विनाशकारी भूकम्प गए पछि भूकम्पमा परेका क्षतिको आधारमा रु ७५००।- (अक्षरुपी सात हजार पाँच सय रुपैंया) सहयोग रकम करीब ५५ जनालाई राहत बाड्ने काम पनि भयो । साथै ३ वर्ष अघि  देखि ज्येष्ठ नागरिक समितिको तर्फबाट वडा नं २५ भित्र भएका ज्येष्ठ नागरिक मध्ये बढी उमेर भएका वृद्धहरुलाई समावेशी तरीकाबाट सम्मान गर्ने काम सुरुवात गरियो र हाल प्रत्येक वर्ष  भईरहेको छ ।

यसरी हाम्रो ज्येष्ठ नागरीक समिति कृयाशील हुदै जाँदा हामी सहकारी मार्फत आगाडी बढ्नु पर्छ की भन्ने उद्धेश्य नेपान र कम्यूनिटी सपोर्ट ग्रुपबाट प्रसङ्ग आए पछि त्यसलाई तत्काल साधारण भेला गराई सहकारी गठन गरि अझ प्रभावकारी ढंगबाट कार्य गर्ने निर्णय गरे पछि २०७१ चैत्र २७ गते सहकारी डिभिजन कार्यलय कास्कीमा गई आदर्श ज्येष्ठ नागरिक माहुरी पालन सहकारी संस्था नामक सहकारी दर्ता गरियो ।

यसरी सामान्य रुपमा थोरै सदस्यहरुबाट गठन भई संचालन भएको हाम्रो ज्येष्ठ नागरिक समिति हाल सम्म आई पुग्दा  तत्कालिन गा.वि.स. हाल पो.उ.न.पा. बाट पनि आर्थिक सहयोग वर्षेनि प्राप्त भएको छ । हाल हाम्रो सहकारी सस्था भित्रै करिब ८५ जना  सदस्य र १५० जना समूह सदस्य रहेका छन् । वचत रु...... भएको छ । हाल समूहले ज्येष्ठ सदस्यहरुको हकहितको संरक्षणमा प्रभावकारी काम गरेको देखेर छरिएर रहेका ज्येष्ठ नागरिकहरु पनि सदस्य बन्न लालायित भएका छन् ।

## ४.२ ज्येष्ठ नागरिक संघ थुमाको डाँडाको परिचय

**नेत्र राज सापकोटा, ज्येष्ठ नागरिक समिति, कोषाध्यक्ष, थुमाकोडाँडा, कास्की**

ज्येष्ठ नागरिक संघ थुमाको डाँडाको संक्षिप्तमा निम्न अनुसार परिचय प्रस्तुत गर्दछु:

**ज्येष्ठ नागरिक समितिको गठन र गतिबिधि:** २०६९ पौष १५ गते थुमाको डाँडा गा.वि.स. मा ज्येष्ठ नागरिक संघ गठन भयो । शुरुमा यस संघमा थोरै मात्र सदस्यहरु हुनुहुन्थ्यो तर हाल १४२ जना सदस्यहरु हुनु हुन्छ। सदस्यहरु बढने क्रम जारी छ। शुरुमा प्रत्येक महिना रु. २०।- बचत गर्ने गरेकोमा हाल मासिक रु. ५०।-वचत गरिन्छ । यो संघलाई कम्यूनिटी सपोर्ट ग्रुप र नेपान दुई बटा गैह्र सरकारी संस्थाहरुले सहयोग गरि रहेका छन्। यी दुई संस्थालाई ज्येष्ठ नागरिक संघ थुमाको डाँडा हार्दिक आभार व्यक्त गर्दछ।

**उद्धेश्य:** ज्येष्ठ नागरिक संघको प्रमूख उद्धेश्य समाजमा रहेका ज्येष्ठ नागरिकहरुको हक र अधिकारको उपभोग गर्ने वातावरण निर्माण गरि सम्मानित जीवन जीउन सक्षम बनाउनु हो ।

**फाईदा:** विषेश गरि यो संघमा आबद्ध भएका ब्यक्ति र अन्यको लागि गैह्र सरकारी संस्थामा आवद्ध व्यक्तिको बचत र गा.वि.स.ले प्रदान गरेको रकम गरि हाल लगभग ५ लाख रकम जम्मा भएको छ । उक्त रकमबाट ज्येष्ठ नागरिकहरुलाई व्यवसाय संचालन गर्न रु १% मासिक व्याजमा ऋृण लगानी गरीएको छ। यसबाट ज्येष्ठ नागरिक र

उनको परिवार लाभान्भित भएका छन् । अर्को यो संस्थाले बिभिन्न सीप मुलक तालिम, विपद व्यवस्थापन जस्ता कार्यमा सहयोग गरेको छ ।

**ज्येष्ठ नागरिकबाट माग भएका कुराहरु:** ज्येष्ठ नागरिकहरुले माग गरे बमोजिम उपलब्ध गराउनु पर्ने कुराहरु निम्न छन:

- ज्येष्ठ नागरिकको प्रकृति अनुसार लठ्ठी सेतो छडी, Wheel Chair को व्यवस्था ।
- सरकारी र निजि सवारी साधनमा यात्रागर्दा अनिवार्य परिचय पत्रको व्यवस्था गरि सहुलियत प्रदान गर्नुपर्ने ।
- समय समयमा अध्ययन  अवलोकन भ्रमण गर्ने ।
- मनोरञ्जनका सामाग्रीहरु खैजडी, मुजुरा, मुरली, बाँसुरी, मादल, पञ्चेबाजा आदी उपलब्ध गराउनु पर्ने ।


**आवश्यकता:** ज्येष्ठ नागरिकको प्रमुख अवश्यकतामा परिवारबाट बस्न, खाना, माया,मोह,स्वस्थ्य उपचारको व्यवस्था पर्छन भने समाजबाट र राज्यबाट उचित भत्ता, गम्भिर रोगको उपचारको व्यवस्था र सम्मान गर्नु पर्दछन् ।

**चुनौति र समस्याहरु:** जन चेतनाको अभावका कारण समाजमा ज्येष्ठ नागरिकहरुलाई माया स्नेह, मैत्रिपूर्ण व्यवहार, उचित खानपीन र स्वास्थ्य उपचारको समस्या देखिएकोले जनचेतना बृद्धि गरि ज्येष्ठ नागरिकको अधिकारको सुनिश्चितताको लागि सबै सरोकारवालाहरुको सहयोगको आवश्यकता देखिन्छ ।

**आफ्नो अनुभव, भूमिका:** मेरो विचारमा ज्येष्ठ नागरिक विनाको समाज परिकल्पना गर्न सकिदैन । अहिलेको बालबालिका र बयस्क पनी पछि ज्येष्ठ नागरिकमा रुपान्तरण हुन्छन अत: आफ्नै भविष्यको सुनिश्चितताको लागि पनिज्येष्ठ नागरिकहरुलाई सबैले माया, मोह, सम्मान, उचित मैत्रिपूर्ण व्यवहार गर्नु पर्ने खाँचो छ । यसको लागि सबैले सचेत नागरिकको हैसियतले यी जिउँदा पितृहरुलाई आदर, सम्मान गरौ ।

" जय देश, जय ज्येष्ठ नागरिक"

## ४.३ लेखा व्यवस्थापन



**भवानी प्रसाद बराल, लेखा संयोजक, पुम्दि भुम्दि, कास्की**

विश्वमा आधुनिक लेखा प्रणालि सन् १४९४ मा ईटालिका "ल्यूका प्यासीओलि" ले सुरुवात गरेका थिए। नेपालमा १८ औ शताब्दीमा खरिदान "गुणवन्त" ले स्याहा श्रेस्ता प्रणाली सुरु गरेका थिए तर वि. स. २०१८ साल चैत्र २ गते बाट नयाँ श्रेस्ता प्रणली सुरुभएको हो । कुनै पनि सरकार,संघ, सस्था व्यक्ति विशेषले आर्थिक कारोबारहरुको क्रमबद्ध व्यवस्थित, नियमित र वैज्ञानिक ढंगले राखेको अभिलेख वा व्यवसायको आर्थिक स्थितिको चित्रण र बोध गराउन दैनिक रुपमा गरिने सिलसिलेवार अभिलेख वा संबद्ध खाताहरुमा निर्धारित विधि अपनाई आम्दानी खर्चको व्योहोरा देखिने गरि प्रचलित कानुन बमोजिम राखिने अभिलेख खाता किताब र सो कारोबारलाई प्रमाणित गर्ने अन्य कागज समेतलाई लेखा भन्दछन।

प्रमाणको रुप, नाफा नोक्सान, निर्णय प्रकिया, कर निर्धारण, पृष्ठपोषण अभिलेखलाई व्यवस्थित गरि आर्थिक अवस्थाको जानकारी लिने दिने व्यवस्था मिलाउनु लेखाको उद्धेश्य हो भने आम्दानी खर्चको अवस्था कारोबारलाई मौद्रिक मुल्यमा अभिव्यक्त गर्न, नाफा नोक्सान थाहा पाउन, हिना मिना, दुरुपयोग रोक्नु लेखाको महत्व हो ।

"हिसाब र पिसाब" कहिल्यै रोक्नु हुदैन भन्ने प्रचलित भनाई पनी छ । यदि रोकिएमा स्वास्थ्य र चरित्रमा ठूलो असर पर्छ । अत: यी दुवैलाई कहिल्यै रोक्नु हुदैन । म व्यक्तिगत देखि लिएर सबैठाँउमा लेखा ठिक दुरुस्त राख्नु पर्छ भन्ने चाहना राख्ने व्यक्ति हुँ । जीवनको पूर्वार्ध देखि उत्तरार्ध सम्म २ वटा घटनाले मलाई राम्ररी छोएको छ । आज भन्दा करीब ५० वर्ष अगाडि कुनै एउटा संस्थामा काम गर्दा हिसाब सके पछि त्यहाँको कोषाअध्यक्षले भन्नु भयो " सरको कलमले गल्ति गर्‍यो कि मेरो चंखु ब्यायो" थाहा भएन।

आज भन्दा ६ महिना अगाडि कुनै ठाँउमा म लेखा तालिम लिदै थिए त्यहाँ २४ जना सहभागी ४० वर्ष मुनिका र म एउटा ७० वर्ष हाराहारीको थिए ।तालिम अवधि निकै रोचक र उत्साह जनक चलेको थियो त्यसमा धेरै चासो राखी सिक्न खोज्ने म नै पहिलो व्यक्ति हुँ भन्ने मलाई लागेका थियो । अन्तिम दिनको अन्तिम सेसनमा सरबाट "बुढाहरु अथवा उहाँले के गर्न सक्नु होला ?" तपाईहरुले राम्रो गर्नुहोस भन्नुभएकोमा त्यो भनाई उहाँले मलाई नै ईङ्गीत गरे जस्तो लाग्यो । तुरुन्तै मेरो अनुहारमा धेरै परिवर्तन आयो मैले उक्त भनाई प्रति असहमती राखेकोमा सहभागी साथीहरुले पनि समर्थन गरे र

सरबाट पनि त्यो शब्द प्रयोग गर्न भुल भएको स्वीकार गर्नुभयो । मेरो लागि यो बुढाले के गर्न सक्छ र भन्ने सरको त्यो शब्द नै हाल सम्म प्रेरणाको श्रोत बनेको छ । हामीले पोखरा उ.म.न. पा. वडा नं. २५ लाई कार्य क्षेत्र बनाई असक्त तथा ज्येष्ठ नागरिकहरुलाई सहयोग र सकृया बुढयौलि जिबन बिताउन सहयोग गर्ने उद्धेश्य राखी "आदर्श ज्येष्ठ नागरिक समिति" नामक संस्था खोलेका छौ ।

त्यहि समितिलाई काम गर्न सहयोग पनि मिलोस र आय आर्जन गर्न पनि सकियोस भन्ने उद्धेश्य राखी तिनै सदस्य भित्रबाट केहि सदस्यहरु मध्येबाट "आदर्श ज्येष्ठ नागरिक मौरिपालन सहकारी सस्था" खोलि काम गर्दै आएका छौ । हाम्रो उक्त कार्यक्रमलाई मुख्यत, हेल्पएज ईन्टरनेशनल, नेपान, सि.एस.जी. साथै गा.वि.स. र नगर पालिकाले आर्थिक भौतिक र प्रावधिक सहयोग पुऱ्याउदै आएका छन । जसबाट हामीले करिब ५ लाख बराबरका मौरीघार खरीद गरेर ल्याई आफ्ना सदस्यहरुलाई  आय आर्जनमा टेवा मिलोस भनेर ऋृण स्वरुप वितरण गरेका छौ। सो कार्यबाट आफ्ना सदस्यहरुले बचत गर्ने र  ऋृण लिने दुवै कार्य गर्न सक्छन् । यसका अलावा आफ्नो कार्य क्षेत्रका ज्येष्ठ नागरिकहरुलाई सहजिकरण र सवलिकरण गर्ने हाम्रो मुख्य उद्धेश्य रहेको छ ।उपरोक्त कार्यलाई सफल पार्न हामीले मुख्यत आर्थिक स्थिति पारदर्शी, कमबद्ध, नियमित र वैज्ञानिक तरिकाले राख्नु पर्ने हुन्छ। यदि आर्थिक अवस्था ठिक, दुरुस्त र पारदर्शि बनाउन सकिएन भने त्यो व्यक्ति संस्थाले जतिसुकै राम्रो काम  गरेको भए पनि त्यसलाई राम्रो मान्न सकिदैन त्यो एक दिन धारासायी भएर जान्छ ।

त्यसैले कुनै पनी संस्थालाई जिवन्त राख्न आर्थिक पारदर्शिता कायम राख्नु पर्छ । आधुनिक लेखा प्रणाली धेरै कम्प्यूटराईज र ईलोक्ट्रोनिक माध्यमबाट राख्न थालिएको छ । तर हामीले त्यस्तो साधन खरीद गर्ने क्षमता, चलाउने ज्ञान र शीप पनि नभएकोले किन्न सकेको छैनौ ता पनि नेपाल सरकारको निति नियम र सहकारी सिद्धान्तको अधारमा लेखा राख्ने प्रयास गरेको छौ ।सबै भन्दा ठूलो मानिसको मन हो । यदि उसले सहि काम गर्छु भन्ने चाहेमा जसरी पनि सफल हुन्छ र सामाजिक उत्थान पनि गर्छ । यदि मन कलुसित छ भने बाहीर बनावटि जति कुरा गरे पनि त्यसले समाज, देश र आफ्नै घरपरिवार पनि समाल्न सक्दैन ।

अन्तमा, हाम्रो यस समूहलाई विभिन्न क्षेत्रबाट सहयोग पुर्‍याउने व्यक्ति, संघ संस्थाका साथै मूख्य प्रेरणाका श्रोत, आर्थिक पक्षका दाता सहकार्यका मित्रहरु हेल्पएज ईन्टरनेशनल, नेपान, सि.एस.जी.लाई यस्तै सहयोगको अपेक्षा राख्दै मुरीमुरी धन्यबाद दिन चाहन्छु , साथै कृतज्ञता अभार व्यक्त गर्दछु ।

# ४.४ विपद व्यवस्थापनमा गा.वि.स. को भूमिका

रविमोहन सापकोटा, गा.वि.स. सचिव, थुमाकोडाँडा, कास्की

आजको मानव सभ्यताको विकास विगतका विपदका भोगाईमा आधारित छ भन्नु उपयूक्त होला वा नहोला आफ्नो ठाउमा छ तैपनि मानिस विपद मुक्त छ भनेर भन्न सकिदैन । विपद विभिन्न किसिमका हुन सक्छन जस्तै: प्राकृतिक प्रकोप (बाढी, पहिरो, चट्याङ्ग, भुकम्प आदी ) मानव सृजित (झै झगडा, राजनैतिक हुन्छ , हड्ताल, नेपाल बन्द जस्ता कार्यबाट सुत्केरी, सिकिस्त बिरामीले समयमा सेवा नपाउनु आदी) र अकस्मीक दुर्घटना, प्रकृतिक प्रकोपबाट वर्षेनी नेपालभर हजारौ मानिस पीडित हुन्छन भने यस समस्यबाट पीडित नहुने गा.वि.स. पनि विरलै पाईएला ।

कतिपय प्राकृतिक प्रकोप मानवबाट कुनै हालतमा टार्न नसकिने हुन्छन् भने कतिपय विपदहरु मानवीय कारणहरुबाटै सृजना हुन पुगेका हुन्छन । घर निर्माण गर्दा बाडी पहिरोबाट सुरक्षित घडेरी छनौट गर्ने, घरको नजिक ठुला रुखहरु हुर्कन नदिने र भुकम्प प्रतिरोधात्मक भवन संरचना निर्माण गर्नुपर्ने जस्ता सजगता अपनाउन नितान्त अवश्यकता छ। २०७२ सालको महा विनाशकारी भुकम्पले हजारौ व्यक्तिको ज्यान लियो र कयौलाई अपाङ्ग बनाएर हामीलाई यो पाठ पनि सिकाएको छ कि हाम्रा घर, विद्यालय, स्वास्थ्य संस्था, कार्यालय र धार्मिक एवं सास्कृतिक भवनहरु निर्माण गर्दा वैज्ञानिक मापदण्ड अनुसार बनाउन भुल्नु हुदैन । राष्ट्र र समाजलाई अग्रगामी बाटोमा डोर्‍याउने गरि

नेतृत्वबाट निर्माण भएका कानुन तथा नियमको पालना गर्नु सबैको कर्तव्य हुन्छ जसले गर्दा विपदबाट हुने जोखिमलाई घटाउन मद्दत गर्छ ।

हाम्रो बाटोको अवस्था , सवारी साधनको स्तर र चालकको कमजोरीको कारण पनि वर्षेनि कयौंको ज्यान जाने र अपाङ्गताको जीवन यापन गर्नु पर्ने परिस्थिति पनि चर्को विपदको रुपमा रहेको छ। मर्ने र अपाङ्ग हुनेको पीडा संगै निजका आश्रीत परिवारका सदस्यले व्योहोर्नु परेको दुःखी जीवनले सिङ्गो परिवार मात्र नभएर समाजलाई पनि मर्माहत तुल्याएको हुन्छ । विपद व्यवस्थापनमा सहयोग गर्नु प्रत्येक मानवको पहिलो कर्तव्य हो ।

वेद व्यासले अध्ययन गर्न सजिलो होस भनि वेदलाई चार भागमा बाड्नु भयो। १८ पुराण लेखेर मानव धर्म के हो भन्ने व्यख्या गरि सके पछि दुई वचनमा धर्म के हो भन्ने विषयमा परोपकार गर्नु नै धर्म हो र अरुलाई पीडा दिनु नै पाप हो  भनेर ठोकुवा गर्नु भयो। जनताको घर  आगनमा सबैभन्दा नजिकको जनतासंग प्रत्यक्ष सरोकार राख्ने सरकारको प्रतिनिधि संस्था स्थानिय निकाय गा.वि.स., नगरपालिका नै हुन् ।

विपद् व्यवस्थापनमा नेपाल सरकारको प्रमुख देखि सबै मन्त्रालय, विभाग, कार्यलय, राष्ट्रसेवक कर्मचारी, सेना प्रहरी अवश्यकता अनुसार जुन सुकै समयमा कठोरतम मेहनतका साथ परिचालित हुन्छन । विपद् व्यवस्थापनमा गा.वि.स.को भुमिका के हुन्छ त्यसबारे चर्चा गरौं । विपद् हाम्रो सोचाईको विपरित रुपमा सृजित समस्या हो ।सर्व प्रथम गा.वि.स.का जनतामा आगलागीबाट बच्ने बारे सजगता, बाढी पहिरो हुन

सक्ने ठाँउको पहिचान, भत्कने खतरायूक्त घर भवन हटाईने अभियान, भुकम्प आईहाल्यो भने कसरी सुरक्षित हुन सकिन्छ भन्ने उपायहरुमा जानकारी हुनुपर्छ। दोस्रो विपद् परिहाल्यो भने त्यसलाई न्यूनिकरण गर्ने र समस्या समाधान गर्ने मानव शक्तिको विकास विकास गर्नु पर्छ।

गा.वि.स. भित्र कुनै व्यक्ति वा समाज विपद्‌मा पर्ने वित्तिकै गा.वि.स.भित्रका तालिम प्राप्त दक्ष व्यक्ति परिचालन हुने वातावरण बनाई रहन अवश्यक छ भने तुरुन्त नेपाल प्रहरीको फोन नं. १०० ससस्त्र प्रहरीको सहयोग तथा उद्धार फोन नं. १११४ जिल्ला विकास समितिको कार्यालय र जिल्ला प्रशासन कार्यालयमा जानकारी दिई थप सहयोगको माग गर्नु पर्दछ । तात्कालिन उद्धार कार्यबाट थप धनजनको क्षति न्यूनिकरण गर्ने संभव भए सम्म सडक बाटो भएमा सडक बाटोको अवस्थामा सुधार , नजिकको एम्बुलेन्स , दमकलको सम्पर्क फोन नं. राख्ने र गा.वि.स.को एक ठाऊँमा बाह्रै महिनामा प्रयोग गर्न सकिने गरी हेलिप्याड निर्माणको व्यवस्था गर्ने।गा.वि.स. अध्यक्षको अध्यक्षतामा विद्यालय , सामाजिक संघ संस्थाका प्रतिनिधिहरु, समाजसेवी समेत रहेका एक विपद व्यवस्थापन समिति गठन गरि क्रियाशील गराउनु पर्दछ । विपदमा परेकालाई अवश्यकता अनुसार तत्काल उद्दार गर्न अवश्यक सामाग्रीहरु जुटाउने र थप सहयोगको लागि जिल्ला दैवी प्रकोप उद्धार समितिमा सिफारीस गर्ने नेपाल रेडक्रस सोसाईटी जस्ता सहयोगी दातृ संघ संस्थाहरुसंग सम्पर्क स्थापित गर्नु गर्दछ । गा.वि.स.को गाऊँ परिषदबाट केहि रकम विनियोजन गरि विपद व्यवस्थापनको लागि कोषको स्थापना गर्नु गर्दछ।

# ४.५ निर्मल पोखरीको एक चिनारी

**मुक्तिनाथ पोख्रेल, वडा सचिव, पोखरा-२३, कास्की**

नेपालको पश्चिमाञ्चल विकास क्षेत्र गण्डकी अञ्चल कास्की जिल्लाको साविक निर्मल पोखरी गा.वि.स. हाल पोखरा उपमहानगर पालिका वडा नं. २३ को क्षेत्रफल १७.८७ वर्ग कि.मि. रहेको छ । यस वडाको पुर्वमा लेखनाथ नगरपालिका १७ र १८ पश्चिममा पोखरा २४ कृस्ती, उत्तर पोखरा १७ र १८ दक्षिणमा टक्सार गा.वि.स. स्याङ्गजा पर्दछ । यस वडामा अधिकतम ३३ डिग्री सेन्टिग्रेड र न्यूनतम ६ डिग्री सेन्टिग्रेड तापक्रम हुन्छ । त्यसैगरि समुन्द्रि सतह देखि ५८० देखि ११६० मिटर सम्म उचाईमा रहेको यस गाविसमा १९ वटा वडा टोल विकास संस्था रहेको छन् । यस वडामा १०७५ घरधुरी र ६४१५ जनसंख्या रहेको छ। मुख्य गरि यहाँ बसोबास गर्ने जातजातिहरु ब्राहमण, क्षेत्रि, गिरी, मगर, नेवार, घर्ती, कामी, दमाई र सार्की रहेका छन् । यहाँका अधिकांश मानिसहरु कृषि पेशामा लागेका छन् ।


यहाँ उत्पादन हुने धान,मकै,कोदो गहुँ, सुन्तला, कफि र तरकारी किसानको मुख्य आयश्रोत हो । धार्मिक तथा पर्यटकिय सम्पदाहरु यस वडामा धेरै रहेका छन् । उत्तर तर्फ फुस्रेखोला, सेति नदि दक्षिण तर्फ सुरौदी खोला रहेका छन् । यहाँ सामुदायिक वन, सरकारी वन जंगल र देउराली थुम्कि, देवीस्थान फोक्सिङ्गकोट कालिका मन्दिर, शिवालय साम्मीकोट डाँडाको पोखरीबाट पोखरा लेखनाथ नगरपालिका साथै माछापुच्छ्रे हिमश्रृखला देख्न सकिन्छ । यस वडामा १, २ वटा पक्की सडक बाटा र सबै बस्ती

टोलमा कच्ची पुल बाटो पुगेका छन् । साथै बृहत खानेपानी लगायत २, ४ वटा लिफ्टीङ्ग खानेपानी आयोजनाहरु संचालनमा रहेका छन् । तै पनि खानेपानीको समस्या अझै पुरा हुन सकेको छैन । यहाँ १ उच्च मा.वि., १ निम्न मा.वि., ४ प्रा.वि. र २ निजि विद्यालयहरु रहेका छन् । यस वडामा विगत ५ वर्ष देखि नेपान, हेल्पएज ईन्टरनेशनल र कम्युनिटी सपोर्ट ग्रुपनामक संस्थाहरुबाट ज्येष्ठ नागरिक समिति गठन गरि टोल टोलमा उप–समूह बनाई विऊँ पूँजि आर्थिक सहयोग समूहमा ऋृण लगानी, मासिक बचत, मौरी तथा तरकारी खेति तालिम, ज्येष्ठ नागरिकहरुलाई स्वस्थ्य शिविरको व्यवस्था, भुकम्प पीडित ज्येष्ठ नागरिकहरुलाई आर्थिक सहयोग त्यसैगरि विपद व्यवस्थापन तालिम लगायत विपद सामाग्रीहरुको सहयोग भईरहेको छ ।

यस वडामा रहेको उत्तर तर्फ फुस्रेखोला सेति नदि दम्सादी सम्मका ठाँउहरु संवेदनशील रहेका छन् । दक्षिण तर्फ सुरौदी खोला र आसपासका जमिन र वन जंगलमा विगत देखिनै बेला-बेलामा पहिरो जाने, आगलागी हुने भई रहेकोले यस्ता विपदबाट बच्नको लागि सबैको महत्वपूर्ण योगदान हुन आबश्यक छ । अन्तमा, यस वडामा सहयोग गर्ने हेल्पएज, नेपान र कम्युनिटि सपोर्ट ग्रुप, ज्येष्ठ नागरिक समिति, कृयाशील राजनैतिक दल, नागरिक समाज, वडा नागरिक मञ्च, टोल विकास संस्था, कर्मचारी र यस वडाका सम्पूर्ण जनताहरुको प्रगतिको लागि शुभकामना व्यक्त गर्दछु ।

# ४.६ ज्येष्ठ नागरिक समितिका गतिविधि एक परिचय

**शिव प्रसाद सापकोटा, ज्येष्ठ नागरिक समिति, अध्यक्ष, थुमाकोडाँडा, कास्की**



ज्येष्ठ नागरिक समितिका गतिविधि, उद्धेश्य, उपलब्धी, समूहको माग तथा गुनासो, चुनौति र अवसरका सम्बन्धमा अध्यक्षको रुपमा समुहमा आफ्नो भूमिका र अनुभवबारे निम्न अनुसार उल्लेख गर्दछु ।

यो ज्येष्ठ नागरिक समिति २०६९।११ । २६ मा गठन भई ज्येष्ठ नागरिकहरुले मासिक रु २०।- का दरले बचत गर्दै आएकोमा यहि २०७२ । ०९ ।०१ गते भेलाले निर्णय गरेअनुसार मासिक बचत रु.५०।- का दरले हुदै आएको छ। हेल्पएज ईन्टरनेशनल, नेपान र कम्युनिटी सपोर्ट ग्रुप, नेपालबाट प्राप्त बीउँ पूजिँ ज्येष्ठ नागरिकहरुको आय आर्जनमा खर्च हुने गरि बढीमा १ वर्षको लागि १२% व्याज लिने गरि लगानी हुदै आएको छ । गत वर्षहरुमा लगाएको लगानि भुक्तान हुने क्रम जारी छ , संस्था गठन गर्दा पहिला केहि असहज र चुनौति रहेता पनि हाल सम्म १४३ जना ज्येष्ठ नागरिक सदस्यहरु सदस्य बनि सकेको छन् । कम्युनिटी सपोर्ट ग्रुप र ज्येष्ठ नागरिक समितिको सहकार्यमा Helping Older People in Emergencies (HOPE) तालिम र २०७२ पौष महिनाको अन्तिम तिर च्याउ खेति तालीम गराई ज्येष्ठ नागरिकहरुलाई आय आर्जनमा सहयोग पुऱ्याएको छ ।

ज्येष्ठ नागरिक समूहलाई सहकारीकरण गरि उनिहरुको आय आर्जनमा टेवा पुर्‍याउने काम गरेको छ। साथै ज्येष्ठ नागरिकहरुले आफै उत्पादन गरेको फसलबाट आय आर्जन गरि समय र पैसाको समेत बचत गर्न सकेका छन् । ज्येष्ठ नागरिकहरुले आफ्नो पैसा बचत गरी अवश्यक परेको बेला सानो तिनो खाँचो टार्न सकेका छन। सस्तो व्याजमा ऋृण लिई कृषी व्यवसाय, पशुपालन, पसल व्यवसाय गरि आय आर्जन गर्न सक्ने र अरुको मुख ताक्नु नपर्ने हुदा ज्येष्ठ नागरिकहरु आत्मनिर्भर हुदै गएका छन यो नै समुहको मुख्य उपलव्धीको रुपमा रहेकोछ ।

स्वास्थ्य स्थितिका हिसाबमा कमजोर ज्येष्ठ नागरिकहरु भेला,गोष्ठि झरी, बादल, चिसो आदिको कारण समुहका गतिविधीहरुमा सकृय सहभागिता जनाउन यदाकदा कठिनाई हुने हुदा  ज्येष्ठ नागरिकहरुलाई पाएक पर्ने स्थानहरुमा बिश्राम स्थल अति अवश्यक छ। हाम्रो समूहलाई सहयोग गर्ने संस्थाले गा.वि.स.को भूगोल हेरी कम्तीमा १ विश्राम स्थल निर्माण गर्न आवश्यक छ । त्यस्तै चुनौतिहरुमा ज्येष्ठ नागरिक मैत्री आँखा , नाक, कान, मृगौला, पेट आदिको परिक्षण र ज्येष्ठ नागरिकहरुलाई सचेतना, गोष्ठी, प्रशिक्षण समेत दिन सके ज्येष्ठ नागरिकहरु लाई सहयोग पुग्ने थियो ।

बेला-बेलामा ज्येष्ठ नागरिकहरुलाई सुख दःख साटासाट गरि मनका कुरा एक अर्कालाई बताउन सक्ने आफुले बचत गरेका पैसा आफु खुशी खर्च गर्न पाउने तथा उनीहरु आत्मनिर्भता तर्फ उन्मुख हुनु समुहको मुख्य उपलब्धी हो । यस्तै उनिहरुबाट विगतका अनुभवहरु लिन सकिने भयो, इतिहासलाई हेरेर वर्तमान सुधार गर्न सक्ने अवस्था समुहको अनुकरणीय उपलब्धी मान्न सकिन्छ ।

यस ज्येष्ठ नागरिक समिति २०६९ सालमा गठन भै हाल सम्म १४३ जना सदस्यहरु छन । समूह सदस्यहरु बढी भएका कारणबाट काम गर्न सहज होस भनि गा.वि.स.को प्रत्येक भेलामा ३ वडाको १ समूह गरी ३ सदस्य विभाजन  गरिएको छ । जसमा क,ख,ग गरी प्रत्येक समूहमा १ संयोजक, १ उप संयोजक गरी उप समिति गठन गरिएको छ । प्रत्येक समूहमा लगानी उठाउदा वा बचत जम्मा गर्दा समूहको संयोजक र कर्मचारीसंगै रहने र एक अर्कोलाई सहयोग गर्ने व्यवस्था मिलाएको छ । अध्यक्ष आफै पनि प्रत्येक समुहमा गई उनिहरुको समस्या, गतिविधि र थप जानकारी लिने काममा नियमित रुपमा सहभागी हुनुहुन्छ । मुल समितिको बैठक प्रत्येक महिनाको २० गते बस्ने भएता पनि अवश्यक हेरी जुन बेला पनि बस्न सक्दछ ।

समग्रमा ज्येष्ठ नागरिकहरुलाई परिचयपत्र, मासिक भत्ता बृद्धि, उपचार खर्च नितान्त अवश्यक छ।  गत वर्ष एक पटक मात्र आँखा परिक्षण गरिएको थियो तर प्रत्येक वर्ष ज्येष्ठ नागरिकहरुको स्वास्थ्य परिक्षण गराउनु जरुरी छ । ज्येष्ठ नागरिकहरुको सम्मानको लागि ज्येष्ठ नागरिकहरुको गा.वि.स.बाट विनियोजित रकम उपलब्ध गराएको छ । विगत आर्थिक वर्षहरुमा गा.वि.स.ले आफैले ज्येष्ठ नागरिकहरुको सम्मान गरेको थियो । यस वर्ष पनि ज्येष्ठ नागरिकहरुको आँखा परिक्षण गराउन, आँखा शिविर संचालन गर्ने र पाँच जना ज्येष्ठ नागरिकहरुलाई सम्मान गर्ने भएको छ । यस आँखा शिविर संचालन गर्न हाम्रा सहयोगी संस्थाहरु कम्युनिटी सपोर्ट ग्रुप ,नेपान, ज्येष्ठ नागरिक समिति थुमाको डाँडाको सहकार्य रहने छ ।

अत: ज्येष्ठ नागरिकहरुको समुह आफ्नो हक हितको संरक्षणको लागि अति फलदायी छ । जसले गर्दा समाज र परिवारको समेत आमुल परिवर्तनको सम्भव भएको छ । ज्येष्ठ नागरिकहरुको हेरचाह, सहयोग र संरक्षणको लागी युवा, प्रौढ, महिला, विद्यार्थी, शिक्षक सहितको एक ज्येष्ठ नागरिकहरुको सहयोगको लागि समिति बनाउन जरुरी छ । जसले गर्दा घर, परिवार,छर छिमेक, युवा, महिला, विद्यार्थी, शिक्षक र सिङ्गो समाज ज्येष्ठ नागरिकहरुको राम्रो सम्बन्ध कायम रहन सक्छ ।

## ४.७ हाम्रा पनि रहेछन्

**वुद्धिराम परियार, ज्येष्ठ नागरिक समिति, उपाध्यक्ष, पुम्दि भुम्दि, कास्की**

आज भन्दा ६५ वर्ष अगाडी कास्की जिल्लाका एम गाविसको गरिब र दलित परिवारमा जन्मेको म, बा आमाले अर्काको मेलापात गरि ५ कक्षा सम्म पढाउनु भएता पनी दयनीय आर्थिक अवस्थाको कारण १२ वर्षको सानो उमेरमा नै पुख्यौली सिलाईको पेसामा आवद्ध रहि घरको जिविको पार्जनमा टेवा दिदैं आएको थिए । सानै उमेरमा विवाह पश्चात३ भाई छोरा २ बैनि छोरीहरु अनि श्रीमती समेत ७ जनाको परिवार दु:ख गरि जिवन निर्वाह गरि रहेका थियौं ।

ज्येष्ठ नागरिक भनेका देशको एउटा खम्बा तथा ईतिहास भन्दा पनि फरक नपर्ला । किन भने आज भन्दा ६० वर्ष अगाडी देखि हाम्रो देशको हकमा भन्नु पर्दा विना शिक्षा, विना प्रविधि आफु बसेको गाउँ ठाउँ नगर भित्र जस्तो दु:ख छ त्यही दुखलाई आत्म साथ गर्दै दु:ख काट्दै ज्येष्ठ नागरिकहरु आउनु भएको छ । जस्तो मलाई लाग्छ । यसै

सन्दर्भमा भन्नु पर्दा  गाउँ, नगर, पहाड,मधेश,तराई र हिमाल आदि क्षेत्रमा पुराना चिनारी जस्तै मठ मन्दिर पुल जमिनको बनावट र वन वुट्यान समेत हेर्दा अहिले बदलिदो जमानामा ज्येष्ठ नागरिक जिउदो इतिहास हुन भन्ने पुष्ठि हुन्छ ।

यसै पनी बुढो मान्छे त्यसमाथी पनी कमजोर आर्थिक अवस्था र दलित जाति भएको  कारण समाजमा अभाव र हेला होचो सहदै आएको म, जिउदो ईतिहास बोकेका र फरक-फरक शिप र क्षमता भएका ज्येष्ठ नागरिकहरुबाट पो.उ.म.न.पा. पुम्दि भुम्दिमा गठन भएको आदर्श ज्येष्ठ नागरिक संस्थामा २०७०।०२।१२ बाट सदस्यको रुपमा प्रवेश गर्न पाउदा हर्षित भएकोमा हाल संस्थाको उपाध्यक्ष पदमा रहि ज्येष्ठ नागरिक सम्बन्धी धेरै कुराहरु जान्न र बुझ्न पाएकोमा साह्रै खुशी लागेको छ ।मेरो श्रीमति रमा देवी परियार पनि यस संस्थामा अवद्ध छिन् ।

समावेशी रुपमा सबै जातजातीको ६० बर्ष नाघेका ज्येष्ठ नागरिकहरुसंग हातेमाले गरि दुख सुख साट्दै खुसी साथ रहेकोमा मलाई २०७२।०१।१२ र २०७२ ।०१ ।२९ गतेको विनासकारी भुकम्पले सारै दुखी बनायो । मेरो तीन तल्ले घरको सिरानको तला भित्ताबाट केही ठाँउमा भत्किएको र ठाँउ ठाँउमा चिरा चिरा भई घरमा बस्न खतरा भएकोले जिल्ला प्रशासन कार्यालय कास्कीबाट रु ३०००।- र कम्युनिटी सपोर्ट ग्रुपबाट रु ७५०००।- सहयोग प्राप्त भएकोमा सहयोगी संस्थाहरुलाई म वृद्धिराम परियार  मुरि मुरि धन्यबाद टकाउन चाहन्छु । यसरी असुरक्षित बुढेसकालको पिडाले सताईरहेको मलाई समुहमा आवद्ध

गराई अफठ्यारोमा सहयोग पाउदा **हाम्रा पनि कोही रछन** जस्तो अनुभव भएको छ ।

आउदा दिनहरुमा दु:ख र आपत परेका समुहहरुलाई सबैले सहयोग गर्न अनुरोध पनी गर्दछु ।

## ४.८ ज्येष्ठ नागरिक र नेपान

**धर्मराज सापकोटा, ज्येष्ठ नागरिक समिति, थुमाकोडाँडा, कास्की**



नेपाली माटोमा श्रम र पसिना बगाएर ६० वसन्त पार गरि सकेका नागरिकहरु देशका ज्यूदा शहीद एवं राष्ट्रका पथ प्रदर्शक हुन। तसर्थ यीनीहरुको हक हित सम्मानको ग्यारेन्टीको वकालत गर्ने उद्धेश्यले नेपालमा सन १९९५ सालमा नेपान भन्ने यो पवित्र र सेवा मूलक सस्थाको स्थापना भयो र यस्ले थुप्रै उपलब्धि मूलक काम गर्न सफल भएको छ। जुन निम्न अनुसार उल्लेख गरेको छु ।

### उपलब्धिहरु

- ज्येष्ठ नागरिकहरुको वास्तविक अवस्थाको बारे जानकारी हासिल भएको छ ।
- ज्येष्ठ नागरिक समुह गठन गर्नेकार्यहरु भएको छ ।
- स्वस्थ्य सिविर संचालन गर्ने कार्य भएको छ ।

- ऋण उपलब्ध गराउनु कार्य सम्पन्न भएको छ ।
- ज्येष्ठ नागरिकले गर्न सक्ने सीप सिकाउने कार्य भएको छ ।
- प्रत्येक मिटिङ्गमा कर्मचारी आफै उपस्थित हुने गर्नु हुन्छ ।
- ज्येष्ठ नागरिकको अधिकारको बारेमा नयाँ संविधानमा समावेश गर्ने सवालहरु सम्बन्धित निकायलाई उपलब्ध गराईएको छ ।

## गुनासाहरु

- सचेतना मुलक तालिम दिनु पर्ने ।
- बसमा भएको ज्येष्ठ नागरिक सिटमा ज्येष्ठ नागरिक बस्न पाएका छैनन्।
- निःशुल्क उपचार हुनु पर्ने ।
- ज्येष्ठ नागरिकको परिचयपत्र हुनुपर्ने ।
- सरकारी भवन वनाउदा ज्येष्ठ नागरिक मैत्रि हुनुपर्ने ।
- पेन्सन खाई रहेका ज्येष्ठ नागरिकहरुको उमेर ७५ बाट घटाई ७० कायम गरि १०% थप भत्ताको व्यवस्था हुनु पर्ने ।
- नेपालमा रहेको ६० वर्ष उमेर पूगेका सबै ज्येष्ठ नागरिक भन्ने ६० र ७० को भेदभाव गर्ने व्यवस्था हटाउनु पर्ने ।
- ज्येष्ठ नागरिक कार्यक्रम गर्नु पर्ने ।
- सबै वित्तिय बैकहरुमा ज्येष्ठ नागरिक खातामा अन्य भन्दा केहि प्रतिशत बढि व्याजदर राख्नु पर्ने ।
- आफ्नो घरमा भएका ज्येष्ठ नागरिकहरुलाई अपहेलना वा घर निकाला गर्नेलाई कानुनी कारबाहीको व्यवस्था गर्ने ।

## चुनौतिहरु

- उपरोक्त बमोजिमका अधिकांस बुदाहरु ज्येष्ठ नागरिकका हक हित एवं सुरक्षाको पक्षमा नियम, ऐन, कानुन , संविधानमा उल्लेख भएता पनि केवल कागजमा मात्र सिमित भएकोले व्यवहारमा परिवर्तन गराउनु पर्ने ।

## समुहको माग

- ज्येष्ठ नागरिकहरुले दिन बिताउनको लागि जम्मा भएर बस्नको एउटा भवनको अवश्यक ।
- ज्येष्ठ नागरिकहरुको पहिचान गरि चस्मा, लठ्ठी, ह्वीलचियर, एयरफोन आदिको व्यवस्था गर्नु पर्ने ।
- आगामी एक वर्ष भित्रमा यो नेपानार कम्युनिटी सपोर्ट ग्रुपको कार्यकाल सकिने र ज्येष्ठ नागरिकहरु अलपत्रमा पर्ने हुदाँ संरक्षणको व्यवस्था मिलाउनु पर्ने ।
- सचिवको थोरै भए पनि पारिश्रमिक हुनु पर्ने ।
- अनुगमन, निरिक्षण, मूल्याङ्कन गरी पुरस्कारको व्यवस्था गर्नु पर्ने ।

## अनुभव

नेपालमा दिन प्रति दिन जनसंख्या बृद्धि संगै ज्येष्ठ नागरिकहरुको संख्या पनी बड्दै गएको छ । भने अर्को तर्फ देशमा रहेको पौरखी युवा युवतीहरु जागिरको खोजिमा विदेश जाने र विदेशमानै घरजम गरी बस्ने, घरमा भएका बाबा आमालाई भेट्न पनि नआउने । मरे

पश्चात काज कृया गर्न आउने, घरमै रहेको परिवारले पनि अपहेलित गर्ने, घरबाट निकाल्ने मिठो, चोखो नदिने आदी कारणले गर्दा तमाम ज्येष्ठ नागरिकहरुले दु:ख र सास्ती खेप्नु परेको कुरा यथार्थ हो। यसमा दुई मत छैन। यीनै ज्येष्ठ नागरिकहरुको दु:ख पीडा, मर्म, दुर्व्यवहार, गास, बास, कपास, स्वास्थ्य, सुरक्षा एवं न्यायको लागि वकालत गरी संविधानमा उक्त कुरा सुनिश्चित गरी राख्न सफल भएकोमा नेपान, हेल्पएज ईन्टरनेशनल र कम्युनिटी सपोर्ट ग्रुप नेपाललाई हार्दिक धन्यबाद दिन चाहन्छु।

## ४.९ ज्येष्ठ नागरिक समाजका पथ प्रदर्शक

**मित्रलाल बराल, ज्येष्ठ नागरिक समिति सल्लाहकार, संयोजक, पुम्दि भुम्दि, कास्की**

मानिस सामाजिक प्राणी हो। उ समाजमा जन्मन्छ , हुर्कनछ,बढ्छ आफ्नो सामार्थ्यले भ्याए सम्म घर परिवार, समाज र राष्ट्रलाई केहि गर्छ र अन्त्यमा मृत्यूवरण गर्दछ। यो निरन्तर चलिरहने प्रकिया हो। मानिस सबै प्राणी भन्दा विवेकशील प्राणी भएकोले संसारमा यसको विशिष्ट स्थान छ। आदीम कालमा मानिसलाई अस्तित्व रक्षाको लागि ठूलो संघर्ष गर्नु परेको कुरा इतिहास साक्षी छ। त्यसैले प्राचीन काल देखि अहिले सम्म मानिसले संघर्ष गरिरहेको छ। आजको युग वैज्ञानिक युग हो। मानव जातिको सुख शान्ति र संबृद्धिको खातिर विज्ञान र प्रविधिले ठूलो विकास गरेको छ। तर पनि संसारका सबै मानिसहरुले त्यो सुख शान्ति र संबृद्धि प्राप्त गर्न सकेको छैनन।

हाम्रो राष्ट्र नेपाल हो, हामी नेपाली हौं । हाम्रो आफ्नै रीतिरीवाज घर्म, संस्कृति र परम्परा छ। नेपालीको जीवनशैली पनि फरक छ। हाम्रो मानवता प्रति पनि मूल्य मान्यता फरक छ। भौतिक विकास र आर्थिक प्रगतिमा पछि परे पनि हाम्रो सामाजिक, धार्मिक र सास्कृतिक मूल्य मान्यता निकै ठुलो छ। यसैमा आध्यात्मिक रुपले सन्तुष्ठ छौ र सुखि पनि । त्यसैले हामी मातृ देवो भवः पितृदेवो भवः गुरुदेवो भवः भन्ने गर्छौं । माता पिता र गुरुलाई देवता तुल्य मान्ने कुरा हाम्रो धार्मिक अनुस्ठानले प्रस्टायाएको छ । तदानुरुप माता पिता र गुरुबाट अर्ति उपदेश र शिक्षा ग्रहण गर्छौं । यही क्रममा हजारौ वर्ष बिते तर अहिले हामी आधुनिक र वैज्ञानिक युगमा प्रवेश गरेका छौ । संसारका अविकसित र विकसित मुलुक बीचको भौतिक प्रगति उन्नति र विकासको ठुलो अन्तर छ। हाम्रो देश नेपालमा पनि समाज विकासको क्रम संगै हाम्रो जीवन शैलीमा परिवर्तन आएको छ । अर्थिक, सामाजिक, पेशा व्यवसाय शिक्षा दिक्षा आदिमा विकासको गति बढि रहेको छ। विकासको क्रम संगै समाजबाट परिवार परिवारबाटै व्यक्ति उन्नति प्रगतिको खातिर व्यक्ति केन्द्रित हुने परिपाटीको थालनी भैसकेको छ । त्यसैले आधुनिक विश्वव्यापी करणको प्रभाव हाम्रो समाजमा पनि परेको छ।

पश्चिमी ढाँचाको जीवन शैली हामीले पनि भित्र्यायको छौ। जसका कारण हाम्रो संयूक्त परिवार खण्डित हुदै गएकोछ। संयूक्त परिवारमा रहदा प्रत्येक घर परिवारका सदस्यहरु बीचको आपसी सदभाव मेलमिलाप सहयोगी सदभाव अत्यन्त प्रगाढ र सुमुधुर रहन्थ्यो । घरमुलि अर्थात ज्येष्ठ नागरिकको नेतृत्वमा परिवार चल्थ्यो । बालबालिका हजुर बा,

हजुर आमाका काखमा खेल्दथ्यो, रमाउथे हुर्कन्थे । सबैमा कर्तव्यको बोध थियो । आफु भन्दा सानालाई माया गर्ने, ठूलालाई आदर गर्ने प्रथा थियो । तर आजा हाम्रो संयूक्त परिवार छिन्न भिन्न भएको छ ।

बाबु आमा एका तिर, छोरा बुहारी नाति नातिना एका तिर भएका छन । परिवारमा सुख शान्ति अमनचयन घट्दो छ । सधै तनाव सधै हतार छ । हजुरबुबा, हजुर आमा, छोरा बुहारी, नाति नातिना बीचको अन्तर सम्बन्ध टाढा भएको छ । बुढा पाका अर्थात ज्येष्ठ नागरिक अपहेलित भएका छन् , अर्थात बुढेशकालमा बेसाहारा भएका छन् । कतिपय त आफ्नै सन्तानबाट पीडीत भएका छन । तर अब हामीलाई एक पटक घोरिएर सोच्ने बेला आएको छ ज्येष्ठ नागरिकहरु प्रति । ज्येष्ठ नागरिकले आफ्नो उर्जासिल उमेर परिवार, समाज र राष्ट्रका खातीर रगत पसिना बगाएर जीवन व्यतित गरेका हुन । त्यो वलिदान, त्यो त्याग, त्यो समर्पण  घर परिवार  राष्ट्रको निम्ति हो । त्यसैले हाम्रा आदरणिय ज्येष्ठ नागरिकहरु राष्ट्रका अमूल्य नीधिहुन्छ । जिउदो इतिहास हुन, हनुभवका खानी हुन । ज्येष्ठ नागरिकमा रहेका ज्ञान सीप अनुभव र क्षमता हामीले सजिलै ग्रहण गर्न सक्छौं । जुन विश्व विद्यालयमा अध्ययन गरेर ती कुराहरु प्राप्त गर्न सक्दैनौ । त्यसैले उनिहरु प्रति सम्मान गर्नु, आदर भाव प्रकट गर्नु  हाम्रो कर्तव्य हो ।

ज्येष्ठ नागरिकले छोरा छोरीलाई दिने अर्तिबुद्धि, नाति नातिनिलाई गर्ने लाडप्यार नि:श्वार्थ भावले गरेका हुन्छन । घर परिवार र समुदायमा परि आएको समस्या समाधान गर्दा बडो सोच विचार पुर्‍याएर गर्छन । न्याय निसाफ गर्दा पनि ज्येष्ठ नागरिकहरु निष्पक्ष भएर विचार पुर्‍याएर,

यथार्थ र सत्यमा आधरित भएर निर्णयमा पुग्छन । जुन कुरा सबैलाई मान्य हुन्छन । उनिहरु कसैको कुभलो चाहन्दैनन् । सबैको सबैको भलो होस सबैको कल्याण होस भन्ने चाहन्छन । ज्येष्ठ नागरिकसंग भएका ज्ञान सिप अनुभव र क्षमता पुस्तान्तरण  गर्न अति अवश्यक छ। हाम्रो लोकोक्ती पनि छ " बुढा मरे भाका सरे " भन्ने पाका पुराना अग्रजका ज्ञान सीप र अनुभवले हामीलाई मार्गदर्शन गरिरहेको हुन्छ । साच्चै हिजोको बालक आजका युवा र भोलिका ज्येष्ठ नागरिक हुन । यो विधिको नियम हो ।

ठुला-ठुला महामारी, अनिकाल बाढी पैरो, आगलागी, दुर्घटना र भुकम्प जस्ता विकराल समस्यासंग जुद्धै भिड्दै, संघर्ष गर्दै जीवनका उत्तरार्धमा हाम्रा ज्येष्ठ नागरिकहरु साच्चै अनुभवका खानी र भविश्य द्रस्टा पनि हुन । त्यसैले "आगो ताप्नु मुढाको, कुरा सुन्नु बुढा पाकाको" भन्ने उखान प्रचलित छ । हामीले इतिहासलाई भुल्नु हुदैन दिवङ्गत हुनु भएका आदरणिय व्यक्तित्व मनमोहन अधिकारी, कृष्ण प्रसाद भट्टराई, गिरीजा प्रसाद कोईराला र सुशिल कोईराला पनि ज्येष्ठ नागरिक भएकै उमेरमा प्रधानमन्त्रिको पदभार समाल्नु भै राष्ट्रहितमा ठुल-ठुला काम गर्नु भएको थियो । त्यस्तै भारतमा "अंग्रेज धपाउ" भन्ने अभियानका अभियान्त माहत्मा गान्धी पनि ज्येष्ठ नागरिकनै हुनुहुन्थ्यो । सिङ्गो अफ्रिकाको काला जातिका मुक्तिदाता नेल्सन मन्डेला पनि ज्येष्ठ नागरिक नै हुनुहुन्थ्यो । त्यसैले ज्येष्ठ नागरिक साच्चै समाज र राष्ट्रका पथप्रदर्शक प्रेरणाको श्रोत हो ।

उनिहरुमा सदासर्वदा कल्याणकारी भावना निहित हुन्छ । छलकपट,

राग, रोष र ईर्ष्याबाट उनिहरु टाढा रहन्छन। यस्ता महान व्यक्तिहरु प्रति सदा सर्वदा आदर सत्कार सम्मान प्रकट गर्नु हाम्रो नैतिक दायित्व हो । हाम्रा अग्रज ज्येष्ठ नागरिकहरु बाट शिक्षा लिदै आगडि बढ्दा पक्कै सहजढंगले गन्तव्यमा पुग्न सकिन्छ। सार्थक जीवन बिताउन सकिन्छ समाज र राष्ट्रलाई संबृद्ध बनाउन सकिन्छ। आदर्श परिवार, सभ्य समाज र संबृद्धि राष्ट्र निर्माणमा ज्येष्ठ नागरिकको अहम भूमिका रहन्छ। त्यसैले उहाँहरु प्रति श्रद्धा सुमन प्रकट गर्नु अभार व्यक्त गर्नु हाम्रो धर्म हो। उहाँहरुलाई प्रसन्न तुल्याउनु हाम्रो कर्तव्य हो। अस्तु !

## ४.१० विपद व्यवस्थापनको लागि ज्येष्ठ नागरिकहरुका लागी गा.वि.स. ले गरेका पहल



**कर्ण बहादुर गुरुङ्, भू.पु. अध्यक्ष, ज्येष्ठ नागरिक समिति, थुमाकोडाँडा गा.वि.स., कास्की**

विपद व्यवस्थापनको लागि ज्येष्ठ नागरिकहरुका लागी गा.वि.स. ले गरेका पहलहरु र कस्तो भूमिका निर्वाह गरेको छ ?

ज्येष्ठ नागरिकहरुलाई समय – समयमा सबैभन्दा बढि उमेरका ज्येष्ठ नागरिकहरुलाई सम्मान गरिएको छ । उमेर पुगोका ज्येष्ठ नागरिकलाई भत्ता वितरण गरिएको छ। यस वर्ष विपद व्यवस्थापन र ज्येष्ठ नागरिकहरुको सम्मानका लागि रु ४१८३१।- (अक्षरुपिमा एकचालिस हजार आठ सय एकतिस रुपैंया मात्र) ज्येष्ठ नागरिकको खातामा जम्मा गरिदिएको छ। विपदको समयमा बाँच्न र बचाउको

लागि बेला-बेलामा तालिमको सजकता भई राखेका, विपदको समयमा आर्थिक सहयोग पुऱ्याएको विपद व्यवस्थापनको लागि ज्येष्ठ नागरिकलाई नि:शुल्क स्वास्थ्य परिक्षण आँखा जाँचको लागि आर्थिक सहयोग पुऱ्याएको । समुहका केही माग तथा गुनासाहरु निम्न छन् ।

- ज्येष्ठ नागरिकहरुलाई उपलब्ध गराउदै आएको नेपाल सरकारबाट प्राप्त भत्ता पर्याप्त छैन कम्तीमा पनि मासीक रु ३०००।– हुनु पर्ने ।
- औषधी उपचार नि:शुल्क र  यातायात मा ५०% छुटको व्यवस्था हुनु पर्ने ।
- परिचयपत्र उपलब्ध गराउनु पर्ने ।

अन्त्यमा, नेतृत्वमा म आफुले ईमान्दारी र निष्ठा सुर्वक भुमिका निर्वाह गरे ।ज्येष्ठ नागरिकहरुको लागि काम गर्ने अवसर पाउदा खुशी महसुस हुन्थ्यो र शारिरीक अशक्तको कारण बाध्यताबस अन्य साथीहरुलाई नेतृत्व हस्तान्तरण गर्नु पऱ्यो । अस्तु ।

## ४.११ जीवन एक दर्शन हो



**नीलकण्ठ पौडेल, अध्यक्ष,**
**ज्येष्ठ नागरिक समिति, हेम्जा, कास्की**

जीवन जन्मनु र मर्नु मात्र होईन, जीवन एक दर्शन हो । यस्तो महत्वपूर्ण जीवन कसरी प्राप्त भयो र हुन्छ भन्ने विषयमा विद्वानहरुले विभिन्न तर्कहरु दिएका छन् । प्रचलित जीव विज्ञान, रसायन शास्त्र र भौतिक शास्त्रको परिप्रेक्षमा मात्र जीवनको व्याख्या गर्न सकिन्छ । स्त्री

पुरुषको संयोजकबाट मात्र जीवन प्राप्त भएको होईन । रसायन शास्त्र र भौतिक शास्त्रहरुको कणहरुको आपसी किया शक्तिको संयोजनबाट जीवन प्राप्त हुन्छ ।

यो संसारमा भएका जति पनि जीवहरु छन् ती सबै विभिन्न योनीहरुबाट उत्पति भएका हुन्छन । त्यस मध्ये मानव जीवन जरायुज नामक योनीबाट उत्पती भएको हो भनी मानी आएको छ । वैज्ञानीकहरु जीवन पदार्थबाट पैदा हुन्छन भनि प्रचार गरि रहेका छन् । जीवनको बारेमा विभिन्न मतहरु छन् तर यर्थाथमा बढि कठिन प्रकियाबाट प्राप्त जीवनको दर्शन जान्नु अवश्यक छ । सहज र सरल तरिकाबाट यसबारे जान्न सकिदैन । यसरी अध्यात्मिक र भौतिक प्रकियाबाट प्राप्त मनुष्य जीवनले खोजेको कुरा नै सुख हो ।

सुख कसरी प्राप्त हुन्छ भनि मानिस भौतारी रहेको छ । मानिसले आफुले मात्र सुख खोजेर हुदैन समस्त जीवहरुको संरक्षक पनि मानिस हो । अरु जीवको भन्दा यसको चेतनाको स्तर धेरै माथि छ । जति पनि धर्म शास्त्र, पुराण भौतिक संरचना सबैले मानव जीवनलाई सरल र सहज बनाएका हुन्छन । यस्तो जीवनमा जन्मनु देखि मर्नु सम्म के कस्ता कार्यहरु गर्नु पर्दछ, कर्तव्य के हो भन्ने विषयम जान्न पनि अवश्यक छ । कठोपनिषदमा नचिकेता र यमराजको सम्बाद बडो रोचक तरिकाबाट जीवन र शिव बारे व्यख्या गरेको पाईन्छ ।

यसै परिप्रक्षमा हाम्रो देशमा पनि मानविय जीवनको हक हित संरक्षणमा राज्यले विभिन्न कानुन बनाएर व्याख्या गरेको छ । त्यसैमध्ये कै एक हो ज्येष्ठ नागरिक ऐन २०६३ र नियामवली २०६५, मानिसका

कपालका रौं सेतो हुदैमा, शरिर चाउरी पर्दैमा ज्येष्ठ नागरिक हुदैन विचार र उमेर दुवै परिपक्क भएको मानिस नै ज्येष्ठ नागरिक हो । ज्येष्ठ नागरिकले समाजलाई केहि दिएको हुन्छ । उसका अनुभवहरु आगामी पुस्ताले अनुशरण गर्न सकेमा मात्र वास्तवमा नागरिकको सम्मान हुन सक्दछ ।

ज्येष्ठ नागरिक इतिहास हो, अग्रज र मार्ग दर्शन हो । यसै कारण हाल विश्वका प्राय सबै मुलुकमा ज्येष्ठ नागरिक हक हित संरक्षणको लागि कार्यहरु गर्दै आई रहेको पाईन्छ । त्यस्तै हाम्रो देशमा पनि थुप्रै संघ सस्थाहरु ज्येष्ठ नागरिक हक हित संरक्षणको लागि कृयाशील छन् । जस्तैः हेल्पएज ईन्टरनेशनल,नेपान र कम्युनिटी सपोर्ट ग्रुप आदी आदी । ज्येष्ठ नागरिक हक हित संरक्षण गर्नु पर्दछ र सरल तरिकाबाट जीवन यापन गर्न सजिलो होस् भन्ने उद्धेश्यले २०६९ सालमा तत्कालिन हेम्जा गा.वि.स.मा हेल्पएज ईन्टरनेशनल,नेपान र कम्युनिटी सपोर्ट ग्रुपको सकियतामा ज्येष्ठ नागरिक समिति गठन गरि ज्येष्ठ नागरिकहरको हक हित संरक्षणको लागि कृयाशील छन् । यस हेम्जामा करिब ८०० ज्येष्ठ नागरिकहरु भएको अनुमान गरिन्छ । र तिनीहरुलाई २ तहमा विभाजन गरेको छ । १. कृयाशील सकिया ज्येष्ठ नागरिक २. शारिरीक र मानसिक कारणले कृयाशलि हुन नसक्ने ज्येष्ठ नागरिक ।

कानुनले ६० वर्ष माथिकालाई परिभाषित गरि ज्येष्ठ नागरिक भनेको छ । हालै बनेको नेपालको संविधान २०७२ ले पनि ज्येष्ठ नागरिक हक हित संरक्षणको लागि विशेष कानुनी व्यवस्था गरेको पाईएको छ ।

जिल्ला स्तरमा स्थानीय निकाय महिला तथा बाल बालिका कार्यलय जिल्ला विकास समितिलाई समेत ज्येष्ठ नागरिक हक हित संरक्षणको लागि कियाशील रहन प्रचलित संविधान र कानुनको व्यवस्था गरेको पाईयो । यसरी गठित ज्येष्ठ नागरिकले साविकको हेम्जा गा.वि.स. तर हाल पोखरा उपमहानगर पालिका वडा नं. २७ र २९ मा एउटै समितिले कार्य गरि आएको र निम्न बमोजिमका कार्यहरु गर्दै आएको छन् ।

- ज्येष्ठ नागरिकको संख्या १०३ पुऱ्याई सदस्यता वितरण गर्दै आएको ।
- प्रत्येक ज्येष्ठ नागरिक (सदस्यता लिएकोसंग मात्र) मासिक रु ५०।- रकम लिई निजहरुको व्यक्तिगत श्रेष्ता तयार गरि लागत राखिएको र फिर्तालिन चाहनेहरुलाई एक मुस्ठा रकम व्याज सहीत फिर्ता दिने गरिएको ।
- साविकको हेम्जा गा.वि.स.मा हेल्पएज ईन्टरनेशनल,नेपान र कम्युनिटी सपोर्ट ग्रुप जस्ता संघ सस्थाहरुबाट प्राप्त बीउँ पूँजि जस्तो न्यून आय भएको ज्येष्ठ नागरिकहरुलाई बिना धितो बढिमा १ वर्षको लागि रु २५०००।- (अक्षरुपि पच्चिस हजार रुपैया मात्र) वार्षिक १०% व्याजमा ऋण दिदै आएको छ ।
- घरमा हेरचाह गर्ने कोहि नभएका र सम्पति नभएका वृद्धहरुलाई वृद्धाश्रममा व्यवस्थित तरिकाले राख्ने व्यवस्था मिलाएको ।
- घरमा छोरा बुहारी समेतले हेला गरेका वृद्धा वृद्धाहरुलाई थाहा पाए सम्म सो घरमा पुगि सम्झाई बुझाई गर्ने गरेको ।

- सक्रिय ज्येष्ठ नागरिकहरुको लागि आलु खेति, च्याउ खेति तालिम यस बस्तिमा दिदै आएको र गत वर्ष च्याउ खेति र आलु खेति र आलु खेतिको तालिम कार्यक्रम सम्पन्न भई सकेको छ । गोलभेडाको तालिमको लागी कार्य योजना सहित महिला तथा वाल बालिका कार्यलय कास्की मा निवेदन पेश भई सकेको र त्यहाँबाट कार्यक्रम स्वीकृत भएर आएपछि सम्भव भए सम्म न्यून आए भएका ज्येष्ठ नागरिकलाई तालिम र सानो तिनो नि:शुल्क बीउँ पूँजी दिने कार्यक्रम रहेको छ ।
- भजन किर्तन आदिको लागि पनि अवश्यक खैजरी, मुजरा, मादल उपलब्ध गराउदै आएको छ ।
- गत वर्ष २५ जना र यस वर्ष ३० जना ज्येष्ठ नागरिकको सम्मान कार्यक्रम भई सकेको र आगामी दिनहरुमा पनि यस्ता कार्यहरु गर्दै जाने समितिले जनाएको छ ।
- गत २०७२ वैशाख महिनामा ज्येष्ठ नागरिकहरुको नि:शुल्क आँखा परिक्षण हिमालायन आँखा अस्पतालको सहयोगमा गरी १२ जनाको नि:शुल्क मोतिबिन्दुको सफल सल्यक्रिया भएको थियो ।यस वर्ष पनि नि:शुल्क स्वास्थ्य शिविर संचालनको लागि साविक हेम्जा गाउः परिषदले छुट्याएको रकम ०७२ आषाढ मसान्त भित्रै कार्य घोषणा सहित पोखरा उपमहानगर पालिकामा माग गरिएको यहि ०७२ फालगुणको अन्तिम सातामा मात्र रु ३००००।- (अक्षरुपी तीस हजार मात्र) प्राप्त भएकोले केहि दिन भित्रमै स्वास्थ्य शिविर संचालन गरिनेछ। नगर पालिकाबाट आफ्नो बजेट अन्तरगत हाल सम्म कुनै पनि रकम प्राप्त भएको छैन ।

- वडा भेलामा ज्येष्ठ नागरिकको लागि केहि रकम उपलब्ध गराई दिन लिखित र मौखिक रुपमा आग्रह गरिएको छ । रकम प्राप्त भएमा पारदर्शी तरिकाबाट कार्यक्रम संचालन गरिने छ ।
- ज्येष्ठ नागरिकहरुलाई परिचय पत्र वितरण गरिदिन महिला तथा बालबालिका कार्यालय प्रमुख श्री लक्ष्मि जि.सी. ज्यूसंग पटक पटक कुराकानी र छलफल भएको छ तर परिचय पत्र उपलब्ध भएको छैन ।
- हाल सम्म समिति गठन भएको छोटो समयमा यस प्रकारको कार्यहरु गर्दै आएको र सम्बन्धित संघ सस्थाहरु आदिबाट सकृय सहयोग भएमा अझ प्रभावकारी रुपमा कार्यहरु अगाडि बढाउने कुरामा हामी विश्वास दिलाउन चाहन्छु ।

## ज्येष्ठ नागरिकहरुमा देखिएका चुनौतिहरु:

- विभिन्न दैवी प्रकोप,बाढी पहिरो,चट्याङ्ग, असिना पानी र आगलागि जस्ता दैवी प्रकोपबाट ज्येष्ठ नागरिकहरुनै बढि प्रभावित भएकोले त्यसमा कसरी न्यूनिकरण गर्न सकिन्छ भन्ने विषय महत्वपूर्ण छ । सोहि सन्दर्भमा नदि कटान र बाढी पहिरोबाट भएको क्षतिलाई केहि हद सम्म भए पनि राहत पुगोस भनि हेम्जामा भएको चौरासी नहरको मुहानमा भएको नहर पुल र खानेपानीको मर्मत संरक्षणको लागि कम्युनिटी सपोर्ट ग्रुपबाट रु १०००००।- (अक्षरुपी एक लाख रुपैया मात्र) को कार्य योजना स्वीकृत भई ज्येष्ठ नागरिकको पहलमा निर्माण मर्मत कार्य भई रहेको छ ।

- बिना पूजिँ कुनै कार्यक्रम संचालन गर्न नसकिने र विनियोजित रकम लिनलाई पनि झन्झट व्यहोर्नु पर्ने एक दुई पटक गएर नहुने हुदाँ यसको सरलिकरण हुनु पर्ने ।
- ज्येष्ठ नागरिकले पाउने मासिक भत्ता चार-चार महिनामा बैंकबाट पाउने व्यवस्था भएको सो रकम  लिन बृद्ध एक्लैले ल्याउन नसक्ने र टाढा-टाढाबाट लिन जाँदा महँगो यातायात खर्च धान्न पनि मुस्किल भएकोले सम्बन्धित वडा कार्यलयहरुबाट र गा.वि.स. बाटै उपलब्ध गर्ने, दुरुपयोग नहोस भन्नाको लागि संयन्त्र निर्माण गर्नु पर्ने भन्ने विषयमा पनि यस समितिले ठाँउ-ठाँउमा आवज उठाउदै आएको छ ।
- मानिस आफैले केहि नगरी मेरो लागि अरुले सहयोग गरीदेवोस भन्ने स्वच्छाचारी भावनाको विकास भएकोले आशा गर्दछन केहि गरौ भन्ने भावनाको विकास भएको छैन।
- प्रभावको आधरमा रकम निकासादिने गरिएको पाईएकोले यसलाई कम गर्न आवश्यक व्यवस्था हुनुपर्ने ।
- ०६३ र ०६५ मा ज्येष्ठ नागरिक ऐन विषय बने पनि हाल सम्म कार्यन्वयन नभएकोले कार्यन्वयन तर्फ जोड दिनु पर्ने ।

अन्त्यमा, ज्येष्ठ नागरिक समिति हेम्जाले गर्दै आएको विविध कार्यक्रमहरुको बारेमा संक्षेपमा उल्लेख गरिएकोछ। यस्ता संगठनहरुलाई जिवीत राख्न सम्बन्धित निकायको चुनौति हो । तर पनि यसको व्यापक प्रचार र ऐन नियम व्यवस्था गरेको व्यवस्थालाई कार्यन्वयन गर्न सकेमा मात्र पनि ज्येष्ठ नागरिकले एक्लोपन महसुस गर्न नपर्ने हुदाँ यसमा चनाखो रहनु पर्ने देखिन्छ

## ४.१२ चौरासी नहर हेम्जा



**नेत्रमणि त्रिपाठी, सचिव, ज्येष्ठ नागरिक समिति, हेम्जा, कास्की**

आज भन्दा अगाडी करीब ११ सय वर्ष अगाडी यस हेम्जामा वस्ती अतिकम थियो तत् पश्चात भारतको देहरादुन, नैनिताल, गडवाल हुदै नेपालको डोटी जिल्ला र जुम्लाको रिपार गाँउ हुदै उचित वस्तीको खोजिमा हिडेका यहाँका बासिन्दाहरु हेम्जाको समथर भूमि देखि आकर्षित भई यहाँ नै बस्ने निधो गरे पछि आफ्ना कुल देवता श्री विष्णु पादुका भगवतीलाई पनि पश्चिमबाट ल्याई यहाँ नै स्थापित गरे ।

सो समयमा यो गाऊँ कास्कीकोट राजाको अधिनमा थियो । त्यही बेला देखि नै कास्कीकोट राजाले भगवतीको पुजा आर्चना गर्न विभिन्न किसिमको गुठीको व्यवस्था गरेका र सो गुठी जग्गा केहि लोप भए पनि करिब ३५,३६ रोपनी जग्गा (खेत) को गुठी कायमै छ । यो गाऊ विष्णु पादुका भगवतीको संरक्षणमा छ । यहाँका मानिसहरु वर्षको दुई पटक कोजाग्रत पूर्णिमा र चण्डी पूर्णिमाका दिन धुमधामका साथ भगवतीको पुजा गर्छन । र अघि पछि पनि दुःख र संकटको बेला भगवतीकै शरण पर्ने गर्दछन् । यसरी भगवतीको संरक्षणमा रहेको समथर भुमि हेम्जाको उत्तर पट्टी माछापुछ्रे अन्नपूर्णका हिमश्रृङ्खलाहरु अति रमणिय रहेको छ ।

हिमालको काखमा रहेकोले यस गाउको नामै हेम्जा अर्थात हिउँकी छोरी भनिएको छ भन्ने किम्बदन्ती छ। क्षेत्रफल लगभग झण्डै ८०० हेक्टरमा फैलिएको छ र अधिकाशं भाग यहि चौरासी नहरले सिचाँई हुने गर्दथ्यो । २०४२ सालमा अन्नपूर्ण नहर संचालनमा आए पछि यसले आधा भाग मात्र सिचाँई गर्दछ। यस गाउको पूर्व तर्फ सदा सेतो पानी बगी रहने सेती नदी र पश्चिम तर्फ धम्पुस मराञ्चे उदगम स्थल भएको ध्वाङ यास्दी खोलाको नामबाट चिनिने खोलाबाट सिचाँई हुन्छ। हिउँदमा पुरा सुख्खा रहने यस खोलाबाट हिउँद वर्षा नै सिचाँई हुन सक्दैन। यहि खोलाबाट उक्त दुवै नहर संचालनमा भए पनि चौरासी नहरबाट फाल्गुण महिना सम्म हिउँदे बालीमा सिचाँई हुने गरेको छ। किनभने अन्नपूर्ण नहर देखि माथिको यो खोलाको भाग पुरा सुख्खा रहन्छ।

गगन सिंहको वि.स. १९०३ अश्विन १ गते हत्या गरी नेपालको राजनितिमा चर्चामा आएका श्री ३ जंग बहादुर शाहले कान्छी बडा महारानी राज्यलक्ष्मी देवी बाट जनरल प्राईमिनिष्टर एण्ड कमाण्डर ईन चिफ पदवी पाए पछि शक्तिसाली भएका जंग बहादुर कुवँर आफ्नो दलबल सहित कास्कीकोट आई बास बसेका र रातमा दुरवीनबाट हेम्जा तर्फ हेर्दा गाउ पुरै सुख्खा देखि यहि गाउमा जन्मेकाविद वली राज थापालाई तिम्रो गाउँ किन सुख्खा छ भनेर सोध्दा सिचाँई नहर नहुदा गाउँ सुख्खा भएको र जनता भोकबाट पीडित छन सरकार भन्ने जाहेर गरेका थियो रे। त्यसको जवाफमा उसले कसरी सिचाँई हुन्छ भनेर सोध्दा तीन सय मुरी खेत खान्की र सात गाउ भातको हुकुम भए म गर्न सक्छु भनि श्री ३ मा जाहेरी गरे पछि ८४ नहर बनाउ ३

सय मुरि खेत र घर थरका सात गाउले झराली(श्रमदान) गर्नुपर्ने भनि जंग बहादुरमा जाहेरी भई सके पछि उनको पतन पछि श्री ३ रणेद्धिप सिंहको पालामा वि.स. १९३५/३६ सालमा लालमोहर सदर भई सोही बेला देखि नहर खन्ने काम शुरु भएको र सो बेलामा ८४ खेत सिचाँई हुने हुनाले चौरासी नहर नाम रहेको भनाई छ।

२०४२ सालमा उक्त खोलाबाटै सिचाँई हुने गरी अन्नपूर्ण नहर संचालन भई करिब ३२० हेक्टर सिचाँई गर्दछ भने बाँकी अरु भाग उक्त चौरासी नहरबाट वर्षायाममा सिचाँई हुने गर्दछ। उक्त नहरलाई बचाई राख्न हाल चौरासी नहर सिचाँई उपभोक्ता समिति गठन गरी कुलो सफा गर्ने र कुलो बिग्रेको अवस्थामा सो नहरबाट सिचाँई हुने जग्गावालाहरु गई मर्मत गर्ने गर्छन। हाल जिम्मा लिनेका सन्तानहरुबाट नहर मर्मत गर्ने र सात गाउ झारा दिने प्रथा ०७०/०७१ वर्ष देखिन समाप्त भएको छ। सो चौरासी नहर सात गाउँ अराली र डिठ्ठा (खान्की लिने) बाट मर्मत सम्भारहुन छाडे पछि स्थानीय मुखियाहरुले रैतिबाट भेटी लिई मर्मत गर्दै आएको थिए। शुरुमा ग्राम पञ्चायत, ग्राम पालिका, गाउ पञ्चायत, गाउ विकास समिति हुदै २०७२।०८।१६ बाट पोखरा उपमहानगर पालिका वडा नं २७ र २९ गरी २ वडामा विभाजन भएको र गाउ विकास समितिबाट वार्षिक केहि रकम छुट्याई सामान्य मर्मत हुदै आएको यस नहर मर्मतको लागि नगर पालिकाबाट भने खासै सहयोग भएको देखिएको छैन। प्रति रोपनि रु १००।- का दरले उपभोक्तबाट रकम उठाई सो नहर उपभोक्ता समितिले मर्मत गर्दै आएको छ।

## ४.१३ विपदमा ज्येष्ठ नागरिकको भोगाई

**जुना परियार, महिला, ८२ वर्ष,**
**भानु ७, माझ्कडिही, तनहुँ**



साविक भानु-७ माझ्कडिही घर भएकी जुना परियारका उनका ३ जना छोराहरु छन् । छोराहरुको विवाह भै सकेका छन् । सबैले आफ्नो सुर गरेका छन् ति बुढी आमालाई छोराहरुले हेरचाह गर्दैनन् । उनको जग्गा जमिन छैन, ऐलानी जग्गामा वसोवास गर्दै आई रहेकोमा सोही स्थानमा कान्छो छोराले सानो घर बनाएको छ । त्यसै घरको एउटा सानो कोठामा उनी बस्दै आएकी छन । एकै घरमा बस्दै आए पनि उनीहरुले खासै वास्ता गर्दैनन आ-आफ्नै सुरमा हुन्छन अनेक दुःख कस्टका साथ आफ्नो दैनिक गुजारा चलाएकी छिन । यसै क्रममा त्यसै वडाका ज्येष्ठ नागरिक समुहका सदस्यले स्थानीय गा.वि.स.मा परियोजना शुरु भएको जानकारी गराए पछि उनलाई पनि त्यस समुहमा आउने इच्छा जागेको रहेछ तर शारीरिक एवं स्वास्थ्यको अवस्थाले गर्दा आउन कठिनाई परेको रहेछ ।

एक त गरिबी त्यस माथि यो उमेरमा एक्कासी आपतकालीन अबस्था आईपर्दा आफुलाई सम्हाल्न निकै कठीन पर्दो रहेछ । मिति २०७२ बैशाख १२को सम्झना गर्दै ८२ वर्षीया जुना परियार भन्नु हुन्छ "उमेरले ८२ वर्ष लागे पनि आफ्नो काम आफै गर्नु पर्ने बाध्यता भएको कारणले गर्दा म जङ्गल तिर बाख्रा चराउन गएकी थिए ,

त्यसै बखतमा एक्कासी हावा हुरी आए जस्तो भयो अनि जमिन पनि एकदमसंग हल्लीन थाल्यो यो उमेर भईसक्दा पनि यो कहाली लाग्दो र लगातार आईराखेको भुइचालो आफुले कहिल्यै थाहा पाएकी थिईन, १९९० सालको भुईचालोको बारेमा सुनेकी थिए,तर आफुले थाहा पाए पछी पहिलो पटक यती ठूलो भूकम्पको अनुभव गरियो । त्यती ठूलो भुइचालो आउदा घरमा भएका छोरा बुहारी,नाती नातीनीको याद आयो उनीहरु के गर्दै होलान भन्ने कुराले सतायो भुइचालो रोकिएपछि घर तिर लागे। घरमा जादा घर चिरा चिरा परेको रहेछ घर भित्र बस्न सक्ने अवस्था रहेनछ। त्यसै दिन देखि बाहिर आफ्नै घरमा भएको धान सुकाउन ल्याएको त्रिपाल र बोराहरु सिलाएर धेरै दिन सम्म बाहिर बस्दै आईएको थिए ।

धेरै दिन भईसक्दा पनि हाम्रो बस्तीमा न त सरकारको ध्यान पुगेको थियो न त अरु कसैको ध्यान पुगेको थियो हामी कहिले सम्म यसरी बस्ने ? खाना त जसो तसो खाईएकै थियो प्राण धानिएकै थियो । असिना पानी आउदा ओत लाग्ने ठाउँ पाए। केही राहत मिल्ने थियो भनेर बसिरहेको अबस्थामा धेरै समय पछि विभिन्न संघ संस्थाले धेर थोर सहयोग गरेकाले केही राहत मिलेको थियो। ज्येष्ठ नागरिकहरुसंग काम गर्ने संस्थाले रु ७५००।०० राहत स्वरुप दिए पछि हामी जस्ता उमेर पुगेका र घरमा कसैले नहेरेकालाई आफुलाई चाहिएको खर्च गर्न पाईयो र हामी जस्ता बुढा बुढीलाई पनि सम्झने संस्था रहेछ भनेर खुशी लाग्यो।"

## ४.१४ तालिमबाट नयाँ अनुभव

**ललहरी तिवारी, ६५ वर्ष,**
**सतिश्वाँरा गा.वि.स., तनहुँ**



गण्डकी अञ्चल, तनहुँ जिल्ला सतिश्वाँरा गा.वि.स.वडा नं ६ निवासी ललहरी तिवारीको जन्म मिति २००८ असोज १५ गते तनहुँ जिल्लाको सतिश्वाँरामा भएको हो । उहाँका १ श्रीमती र २ छोराहरु छन् ।

उहाँको आफ्नै भनाई अनुसार तनहुँ जिल्लाको सतिश्वाँरा गा.वि.स.मा विगत ३ वर्ष अगाडी देखि सञ्चालन हुँदै आएको **ज्येष्ठ नागरिक परियोजना** र त्यसपछि सञ्चालनमा आएको **विपद उत्थानशीलताका लागि ज्येष्ठ नागरिकहरुको समावेशीकरण परियोजना** जस्ता कार्यक्रमले यो बुढ्यौलीमा निकै सकृय बनाएको महसुस भएको छ । पहिला त सोच्ने गर्थे ३७ वर्ष सम्म व्यस्त जीवन विताएको व्यक्ति अब बुढो भईयो के काम गर्न सकिन्छ र अबको जीवन बेकार छ जस्तो लाग्थ्यो ।

ज्येष्ठ नागरिक परियोजनामा आवद्ध भई समय समयमा विभिन्न प्रकारका तालिम, व्यवसाय संचालनका लागि आयमूलक सिपमूलक,चेतनामूलक कार्यक्रममा सहभागि भए पछि मेरो आँखा खुले जस्तै लाग्यो । विभिन्न सोच दिमागमा आउन लाग्यो यो समाजमा गर्न सक्ने काम त थुप्रै रहेछन । जव यस गा.वि.स.मा ज्येष्ठ नागरिकहरुका लागि

लक्षित गरी सञ्चालन गरिएको **विपद उत्थानशीलताका लागि ज्येष्ठ नागरिकहरुको समावेशीकरण परियोजना**बाट प्रदान गरिएको उर्जा प्रदान गर्ने तालिमबाट धेरै कुरा सिक्ने अवसर प्राप्त भयो तव आफ्नो दिनचर्यालाई सकृयताका साथ विताउने प्रण गरे ।

यस समूहमा आबद्ध भए पछि मलाई थाहा भयो कि ज्येष्ठ नागरिक हुनु भनेको केही गर्न नसक्ने भन्ने हुँदैन रहेछ। जति आफुलाई सकृय बनाउन सकियो त्यती नै स्वस्थ र फुर्तिलो हुन सकिने रहेछ । जति व्यस्त भईयो त्यती नै सकृयता बढ्ने र सहज जीवन यापन गर्न सकिने रहेछ ,अब बुढो भईयो केही गर्न सकिदैन भन्ने सोच लियो भने जीवनमा नैराश्यता मात्र आउने हुनाले यस्तो सोचबाट टाढै रहनु जाती भन्ने लागेको छ। शिक्षण पेशाबाट अवकास भएको २ वर्ष पछि ज्येष्ठ नागरिक समूहमा आबद्ध भई सचिव समेत बन्नु भएका उहाँलाई एक पछि अर्को नयाँ काम र थपिदै गए पनि नया नयाँ अनुभवहरु संगाल्न पाएको र आफ्ना सिकाईहरु अरुलाई बाड्न पाउँदा निकै खुशी लागेको छ भन्नु हुन्छ ।

हुन त पहिला पनि आफु शिक्षक भएको बखतमा पढाउने काम थियो तर त्यो पढाउनु आफ्नो पेशा भएको हुँदा कर्तव्य नै थियो तर ज्येष्ठ नागरिक भएर बिभिन्न गतिविधिमा संलग्न भएर आर्जन गरेका ज्ञानलाई घर परिवार समाजमा बाँड्न पाउँदा अझ बढी खुशी र उत्साहित भएको छु ।

विपद परेको वखतमा सबभन्दा बढी जोखिममा पर्ने वर्ग भनेकै ज्येष्ठ नागरिक हो । यस्ता विषयहरुलाई समुदायमा उठान गरेर कार्यक्रम सञ्चालन गर्न लागेको र यस्ता प्रकारका कार्यक्रम लिएर आउने संघ संस्थालाई हृदय देखि स्वागत गर्न चाहन्छौ । ज्येष्ठ नागरिकको समाबेशीता र आवाजलाई बुलन्दका साथ उठाएर आफ्नो गाउँ र समाजमा चेतना फैलाउँदै जाने प्रतिबद्धता ब्यक्त गर्दै सहयोगी संस्थाहरुलाई धेरै धन्यवाद दिन चाहन्छु ।

## ४.१५ आफ्नो मालिक आफै



**रामबहादुर थापा मगर, ६१ वर्ष,**
**भानु-३, तनहुँ**

उमेरले ६१ वर्ष लागेका तनहुँ भानु -३ का रामबहादुर थापा मगर निकै फुर्तिलो देखिनुहुन्छ सामान्य लेखाई पढाई भएका बताउने उहाँ उद्यमी भएर आफुलाई सकृय बनाउनु पर्ने र **आफ्नो मालिक आफै** बन्ने उद्देश्यले जागीर भन्दा आफ्नो व्यवशाय उचित होला भन्ने सोचका साथ अगाडी बढेको कुरा बताउनुभएकोछ, कुरा मात्र होईन उहाँले गरेका हरेक क्रियाकलापहरु हेर्ने हो भने जो कोहीलाई पनि उर्जा दिने खालको छ ।

उहाँका सन्तानमा ३ छोरी र १ छोरा रहेका र हाल सबैको विवाह भईसकेको , छोरीहरु विवाह गरेर आफ्नो घरवार गरेर बसेका छन भने हाल उहाँ छोरा बुहारी २ नाती र श्रीमती सहित तनहुँ जिल्लाको भानु नगरपालिका-३ तुरतुरे टिमुरे फाउँदीमा बस्दै आउनुभएको छ ।

उमेर छदामा कामको खोजीमा विभिन्न ठाउँमा भौतारिदै हिडेता पनि विदेश भने कहिल्यै नगएको र विदेश प्रतिको मोह पनि नभएको उहाँको कुराबाट थाहा हुन्छ । छोराछोरी बढे हुर्किए सबैको विवाह पनि भईसक्यो । छोरा पनि विदेश भएर १० वर्ष त्यतै वसेर आयो अब भने हाम्रो पनि उमेर ढल्कदै गयो । सँधै कति काम गर्न भनेर विदेश जाने,अब त केही व्यवशाय गरेर यही बस्नुपर्छ भनेर छोरालाई सम्झाउने कोशिस गर्दै थिए । त्यही बेलामा ज्येष्ठ नागरिक परियोजनाको बारेमा थाहा पाए र बुझ्दै जाँदा ज्येष्ठ नागरिक समूहबाट काम गर्न चाहनेको लागि ऋण पाईन्छ भन्ने थाहा पाएपछि यही २०७२ सालको कार्तिकमा समितिसंग कुराकानी गरी रु १०,०००।०० ऋण लिएर आएर आफुले गरी आएको व्यवशाय विस्तार गर्ने उद्देश्यले बंगुर र कुखुरा थप गरे, अहिले यतिखेर मेरो घर परिवारका सबैजनालाई काम पुगेको छ भने विदेश गएको छोराले पनि यही काम गरेर हामीलाई सघाएको छ । यसमा हामी सबै परिवार संगै बस्दै रमाउँदै आएका छौं ।

बंगुरले १० वटा बच्चा पाएको छ भने कुखुरा पनि विस्तारै ठूलो हुँदैछ कुखुराबाट ३० देखि ४५ दिनमा आम्दानी लिन सकिने र यसको बजार मूल्य पनि राम्रो हुनाले फाईदा हुने र बंगुर ६ महिनामा करिव ५० किलोको पुग्ने र पाल्न सकियो भने १.५ वर्षमा प्रतिकिलो रु ३०० देखि ३५० सम्ममा विक्रि गर्न सकिने भएकाले राम्रो आम्दानी हुने कुरामा उहाँ विश्वस्त हुनुहुन्छ । सक्रृय बुढौलीपनाको लागि आफुले जीवनमा नयाँ योजनाका साथ अघि बढ्दै जाने दृढ संकल्प लिएको र परिवारले पनि साथ दिएको हुँदा आफ्नो संकल्प पुरा हुने विश्वास उहाँमा रहेको छ ।

हामी जस्ता ज्येष्ठ नागरिककै सहयोगको लागि हेल्पएज ईन्टरनेशनल भन्ने संस्थाको आर्थिक सहयोगमा २ वटा संस्थाले काम गरिरहेको र उक्त संस्थाहरुले गरेका विभिन्न क्रियाकलापले गर्दा आफु प्रभावित भई काम गर्ने प्रेरणा मिलेको बताउनुहुन्छ र आगामी दिनहरुमा पनि सकृय रही काम गर्न सकियोस जसले गर्दा बुढेसकालमा समाजको र परिवारको हेलाको पात्र बन्न कहिल्यै नपरोस भन्नु हुन्छ उहाँ ।

ज्येष्ठ नागरिक समूहमा आबद्ध हुनु भन्दा पहिला बुढेसकालको बारेमा निकै चिन्ता लाग्थ्यो जब यस समूहमा आबद्ध भए पश्चात आफुले धेरै कुरा थाहा पाएको र बुढेसकालमा सकृय जीवन यापनका लागि उर्जा मिलेकाले बुढेसकाल भनेको सुतेर मात्रै बिताउनु नपर्ने रहेछ । प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भए पनि केही गर्न सकिदो रहेछ भनेर म आजकल आफ्ना छरछिमेकी र आफन्तलाई पनि सम्झाउन सक्ने भएको छु । यस्ता कार्यक्रमले गर्दा निर्णय प्रक्रियामा ज्येष्ठ नागरिकको भुमिका महत्पूर्ण हुने रहेछ भन्ने थाहा पाउनुका साथै स्थानीय निकायमा रहेको लक्षित बजेटबाट पनि हामीले आफ्नो आयआर्जन र क्षमता अभिबृद्धिको काम पनि गर्न सकिदो रहेछ भन्ने कुराको पनि जानकारी पाईयो ।



बंगुर आफ्ना १० वटा बच्चालाई दुध खुवाउँदै



रामबहादुर थापा मगरले पालन गरेका ब्रोईलर कुखुरा

# ४.१६ यस्तो समय आयो मेरो जीवनमा

**होम प्रसाद गौतम, वर्ष ६९,**
**फूलवारी गा.वि.स., कैलाली**



सेती अञ्चल,कैलाली जिल्ला धनगढी उपमहानगरपालिका वडा नं १८ (साविक फूलवारी गा.वि.स.वडा नं १ निवासी होम प्रसाद गौतम मिति २००४ कार्तिक २० गते जन्म भएको हो । उहाँका १ श्रीमती र १३ जनाको परिवार छ ।उहाँको आफ्नै भनाई अनुसार कैलाली जिल्लाको साविक फूलवारी गा.वि.स.मा विगत १ वर्ष अगाडी देखि सञ्चालन हुँदै आएको **ज्येष्ठ नागरिक परियोजना** र त्यसपछि सञ्चालनमा आएको **विपद उत्थानशीलतामा ज्येष्ठ नागरिकहरुको सहभागिता परियोजना** जस्ता कार्यक्रमले यो बुढ्यौलीमा निकै सकृय बनाएको महसुस भएको छ पहिला त सोच्ने गर्थे अव बुढो भईयो के काम गर्न सकिएला र अबको जीवन बेकार छ जस्तो भान हुन्थ्यो , ज्येष्ठ नागरिक परियोजनामा आवद्ध भई महिनामा एक पटक वैठक, अनि मासिक वचत, ऋण लगानी, समय समयमा छलफल, विभिन्न प्रकारका तालिम, व्यवसाय संचालनका लागि आयमूलक सिपमूलक,चेतनामूलक कार्यक्रममा सहभागि भए पछि मेरो आँखा खुले जस्तै लाग्यो ।

विभिन्न सोच दिमागमा आउन लाग्यो । यो समाजमा गर्न सक्ने काम त थुप्रै रहेछन । जब यस गा.वि.स.मा फाया नेपाल र हेल्प

एज इन्टरनेश्नलले ज्येष्ठ नागरिकहरुका लागि लक्षित गरी सञ्चालन गरिएको **विपद उत्थानशीलतामा ज्येष्ठ नागरिकहरुको सहभागिता परियोजना**बाट प्रदान गरिएको उर्जा प्रदान गर्ने तालिमबाट धेरै कुरा सिक्ने अवसर प्राप्त भयो तब आफ्नो दिनचर्यालाई सकृयताका साथ विताउने प्रण गरे मैले । यस समूहमा आबद्ध भए पछि मलाई थाहा भयो कि ज्येष्ठ नागरिक हुनु भनेको  समाजका लागि भार अनि केही गर्न नसक्ने भन्ने हुँदैन रहेछ जति आफुलाई परिचालन गर्न सकियो त्यती नै स्वस्थ र फुर्तिलो हुन सकिने रहेछ जति व्यस्त भईयो त्यती नै सकृयता बढ्ने र सहज जीवन यापन गर्न सकिने र समाजमा काम गर्न सकिने, ज्येष्ठ नागरिकका मुद्दाहरुलाई उजागर गर्न सकिने रहेछ ,अब बुढो भईयो केही गर्न सकिदैन भन्ने सोच लियो भने जीवनमा नैराश्यता साथै रोगी हुने हुनाले यस्तो सोचबाट टाढै रहनु  भन्ने लागेको छ । हाल आएर स्थानीय सरोकारवालाहरुले पनि ज्येष्ठ नागरिकलाई स्थानीय निकायमा समावेश गर्ने वातवरण विस्तारै बढदै गएकोछ । परियोजना लागु भए पछि फाया नेपाल र हेल्प एज इन्टरनेश्नलको आर्थिक सहयोगमा अशक्त,असहाय, दिन दःुखी, ज्येष्ठ, एकल बृद्धाबृद्धालाई शितलहर बाट बच्नका लागि कम्मल बितरण भएकोछ भने स्थानीय विपद् जोखिम ब्यवस्थापन समितिलाई प्रकोप पूर्वतयारी र खोज तथा उद्धार सामाग्री प्रदान गरेको छ ।

ज्येष्ठ नागरिक समूहमा आबद्ध भई अध्यक्ष समेत बन्नु भएका उहाँलाई एक पछि अर्को नयाँ काम थपिदै गए पनि नया-नयाँ अनुभवहरु संगाल्न पाएको र नयाँ सिकाईहरु हासिल गर्न पाउँदा निकै खुशी लागेको छ

भन्नु हुन्छ । ज्येष्ठ नागरिक भएर बिभिन्न गतिविधिमा संलग्न भएर आर्जन गरेका ज्ञानलाई घर परिवार समाजमा बाँड्न पाउँदा अझ बढी खुशी र उत्साहित भएको छु । भन्नु हुन्छ उहाँ ।

अहिले उहाँले ज्येष्ठ नागरिक समुहवाट  ऋण लिएर बाख्रापालन गर्नु भएकोछ । बाख्रापालन वाट आएको आम्दानीबाट समुहको ब्याज र ऋणको किस्ता बुझाउने बताउनु हुन्छ । परिवारमा पनि छोरा वुहारीको हेरचाह प्रति सन्तोषजनक भएको बताउनुहुन्छ । उहाँको आफ्नै भाषामा "ज्येष्ठ नागरिकमा भएको क्षमताको कदर गर्ने बानिको विकास गरौं " भन्नु भयो ।

बिपद् परेको बखतमा सबभन्दा बढी जोखिममा पर्ने वर्ग भनेकै ज्येष्ठ नागरिक हो । यस्ता विषयहरुलाई समुदायका माझमा उठान गरेर कार्यक्रम सञ्चालन गर्न लागेको र यस्ता प्रकारका कार्यक्रम लिएर आउने संघ संस्थालाई हृदय देखि स्वागत गर्न चाहन्छौ । ज्येष्ठ नागरिकको समाबेशीता र आवाजलाई बुलन्दका साथ उठाएर आफ्नो गाउँ र समाजमा चेतना फैलाउँदै जाने प्रतिबद्धता ब्यक्त गर्दै सहयोगी संस्थाहरुलाई धेरै धन्यवाद दिन चाहन्छु । उहाँले गर्वका साथ सुनाउनु भयो ।

## ४.१७ हामी पनि केही परिवर्तन गर्न सक्छौ

**गंगा राम राना, ७५ वर्ष, उर्मा गा.वि.स. वडा नं ६, कैलाली**

सेती अञ्चल,कैलाली जिल्ला धनगढी उपमहानगरपालिका वडा नं १५ साविक उर्मा गा.वि.स.वडा नं ६ मा वस्ने गंगा राम रानाको  मिति

१९९८ चैत्र ५ गते जन्म भएको हो । उहाँका ७ जनाको परिवार छ उहाँ विदुर हुनुन्छ । उहाँ अहिले छोरा बुहारीसंग वस्नुहुन्छ ।

उहाँको आफ्नै भनाई अनुसार अव मैले के काम गर्न सक्छु र अबको जीवन कसरी विताउन सकिन्छ जस्तो पहिला आफुलाई महसुस हुन्थ्यो ।कैलाली जिल्लाको साविक उर्मा गा.वि.स.मा विगत १ वर्ष अगाडी देखि सञ्चालन हुँदै आएको **ज्येष्ठ नागरिक परियोजना** र त्यसपछि सञ्चालनमा आएको **विपद उत्थानशीलतामा ज्येष्ठ नागरिकहरुको सहभागिता परियोजना** जस्ता कार्यक्रमले यो बुढ्यौलीमा निकै सवल बनाएको महसुस भएको छ अहिले उहाँ भन्नु हुन्छ ।

ज्येष्ठ नागरिक परियोजनामा आवद्ध भई महिनामा एक पटक वैठक, अनि मासिक बचत, ऋृण लगानी, समय-समयमा छलफल, विभिन्न प्रकारका तालिम, व्यवसाय संचालनका लागि आयमूलक सिपमूलक,चेतनामूलक तथा अझ आकास्मिक अवस्थामा ज्येष्ठ नागरिकलाई सहयोग तालिम कार्यक्रममा सहभागि भए पछि मेरो जीवनमा एका एक परिवर्तन आयो । विभिन्न नयाँ नयाँ सोच दिमागमा आउन लाग्यो यो समाजमा हामी ज्येष्ठ नागरिकले पनि धेरै काम गर्न सकिने रहेछ। जब उर्मा गा.वि.स.मा फाया नेपाल र हेल्प एज इन्टरनेश्नलले ज्येष्ठ नागरिकहरुका लागि सञ्चालन गरिएको **विपद उत्थानशीलतामा ज्येष्ठ नागरिकहरुको सहभागिता परियोजना**बाट प्रदान गरिएको उर्जा प्रदान गर्ने तालिमबाट धेरै कुरा सिक्ने अवसर प्राप्त भयो तव आफुलाई सकिय वनाउने अवसर पाए मैले । पहिला त हामीलाई यस स्थानीय स्तरमा भेला गोष्ठीमा बोलाउने, हाम्रा भनाई सुन्ने वातावरण थिएन तर अहिले म

यसै गाविसमा स्थानीय बिपद् जोखिम ब्यवस्थापन समितिमा अबद्ध छु। पहिला हामीले भनेका कुराहरु त्यति सुनुवाई हुने थिएनन् तर अहिले केहि मात्रमा ज्येष्ठ नागरिकका बारेमा सवालहरुलाई प्राथमिकता दिने गरेको पाइन्छ।

जव म ज्येष्ठ नागरिक समूहमा आबद्ध भए पछि मैले थाहा पाए कि ज्येष्ठ नागरिक हुनु भनेको  समाजका लागि वोझ नभई  केही गर्न नसक्ने भन्ने हुँदैन रहेछ जति आफुलाई चलाउन  सकियो त्यती नै आफ्नो शरिर स्वस्थ र फुर्तिलो हुन सकिने रहेछ ।हाल आएर स्थानीय सरोकारवाला हरुले पनि ज्येष्ठ नागरिकलाई स्थानीय निकायमा समावेश गर्ने वातावरण विस्तारै बढदै गएकोछ। फाया नेपाल र हेल्पएज इन्टरनेश्नलद्वारा संञ्चालित उक्त परियोजनाको सहयोग बाट स्थानीय विपद् जोखिम ब्यवस्थापन  समितिको आपतकालिन कोषमा रु. २०,००० हजार र  यसै साविक उर्मा गाविसको सोरिया नालामा रु. १००,०००।- लाखको आर्थिक सहयोग गरि कल्भर्ट निर्माण भएको छ।

परियोजना लागु भए पछि फाया नेपाल र हेल्प एज इन्टरनेश्नलको आथिक सहयोगमा अशक्त, अशदाय, दिन दु:खी, ज्येष्ठ एकल बृद्धाबृद्धालाई शितलहर बाट बच्नका लागि कम्मल बितरण भएकोछ भने स्थानीय विपद् जोखिम ब्यवस्थापन समितिलाई प्रकोप पूर्वतयारी र खोज तथा उद्धार सामग्री प्रदान गरेको छ। ज्येष्ठ नागरिक समूहमा आबद्ध भई अध्यक्ष समेत बन्नु भएका उहाँलाई एक पछि अर्को नयाँ काम थपिदै गए पनि नया नयाँ अनुभवहरु संगाल्न पाएको र नयाँ सिकाईहरु हासिल गरेको छु भन्नेमा निकै खुशी लागेको छ भन्नु

हुन्छ । ज्येष्ठ नागरिक भएर बिभिन्न गतिविधिमा संलग्न भएर आर्जन गरेका ज्ञानलाई घर परिवार समाजमा बाँड्न पाउँदा अझ बढी खुशी र उत्साहित भएको छु । अरुले मात्र हाम्रा आवाजलाई उठाएर नहुने रहेछ, आफै गर्नुपर्ने रहेछ ।

परिवारमा पनि छोरा बुहारीको हेरचाह प्रति सन्तोषजनक भएको बताउनुहुन्छ । उहाँको आफ्नै भाषामा “ज्येष्ठ नागरिकमा भएको खारिएको बुद्धिको सदुपयोग गर्ने बानिको विकास गरौं समाज परिवर्तनमा सबै एक जुट भएर लागौं” यस उर्मा गाविसमा हामी लाई एउटा बैठक वस्ने हल भएमा अति उत्तम हुने थियो विपद्का समयमा आएर छलफल गरि वस्ने ठाउ अनि अरुलाई ल्याएर सुरक्षित स्थानमा राख्न, भजन कृतन गरेर वस्ने स्थान पाएमा राम्रो हुने थियो । अझै यस्ता संस्थाले हामीलाई नै लक्षित गरि आय मूलक, सीप मूलक गतिविधी भएमा हामी लाई सक्रिय जीवनयापनका लागि उचित हुने आशा राखेकोछु ।

## ४.१८ मेरो पनि केही दायित्व वढेको छ

**भेदु प्रसाद चौधरी, वर्ष ६५, अत्तरीया नगरपालिका, कैलाली**



सेती अञ्चल, कैलाली जिल्ला अत्तरीया नगरपालिका वडा नं मा वस्ने भेदु प्रसाद चौधरी मिति २००८ साल चैत्र १३ गते जन्म भएको हो । उहाँका २० जनाको

परिवार छ। उहाँ अहिले छोरा बुहारी संग वस्नुहुन्छ। उहाँको आर्थिक अवस्था कमजोर रहेकोछ तर पनि अहिले ज्येष्ठ नागरिक समुहवाट ऋृण लिएर बाख्रापालन र बंगुर पालनबाट आम्दानी बढेकोले जीवन अलि सहज बन्दै गएकोछ। जब ज्येष्ठ नागरिक समूहमा वसेर काम गर्न शुरु गरे तब मलाई घर परिवार बाट पनि माया पाएको महशुस गरेको छु। वहाँ भन्नु हुन्छ।

उहाँको आफ्नै भनाई अनुसार कैलाली जिल्लाको साविक गेटा गा.वि.स.मा विगत १ वर्ष अगाडी देखि सञ्चालन हुँदै आएको **ज्येष्ठ नागरिक परियोजना** र त्यसपछि सञ्चालनमा आएको **विपद उत्थानशीलतामा ज्येष्ठ नागरिकहरुको सहभागिता परियोजना** जस्ता कार्यक्रमले यहाँका ज्येष्ठ नागरिक लाई सक्रिय बनाउदै गएकोछ। ज्येष्ठ नागरिक परियोजनामा आवद्ध भई महिनामा एक पटक बैठक, अनि मासिक बचत, ऋृण लगानी, समय समयमा छलफल, विभिन्न प्रकारका तालिम, व्यवसाय संचालनका लागि आयमूलक सिपमूलक,चेतनामूलक कार्यक्रममा सहभागि भए पछि हाम्रो जीवनमा केहि परिवर्तन आएकोछ।

हाम्रो पनि यस समाजमा धेरै नै आवश्यकता रहेछ किनकी जति आफुले आफ्नो ज्ञान , अनुभवलाई साटसाट गरे उति नै हामी सक्रिय हुने रहेछौ र हाम्रो क्षमता पनि बढदै जाने रहेछ। उनि भन्छन आज भोलि हामीले सम्मान पाएका छौं। अहिले हामीलाई हेर्ने नजर फरक भएकोछ।

ज्येष्ठ नागरिक समूहमा आबद्ध भई अध्यक्ष समेत बन्नु भएका उहाँलाई एक पछि अर्को नयाँ काम थपिदै गए पनि नयाँ-नयाँ अनुभवहरु संगाल्न पाएको र नयाँ सिकाईहरु हासिल गरेको छु भन्नेमा निकै खुशी लागेको छ भन्नु हुन्छ। उहाँको आफ्नै भाषामा "ज्येष्ठ नागरिकलाई हेला होइन माया, आदर सत्कार गर्ने वानीको विकास गरौ" भन्छन । बृद्धबृद्धावर्ग पक्षमा काम गर्दा मलाई धेरै खुसी लागेकोछ र बुढाबुढीलाई अझ पनि समाजमा बाँच्न सक्ने र आफ्नो अस्तित्व बनाउन सक्ने बनाउनको लागि हामीलाई सहयोगी हात हरुको खाँचो छ । यो कार्यक्रम हाम्रो बुढ्यौलीको सहारा भएको छ। हामीलाई सहयोग, सल्लाह र सुझावको खाँचो छ । परियोजना लागु भए पछि फाया नेपाल र हेल्प एज इन्टरनेश्नलको आर्थिक सहयोगमा अशक्त, अशहाय, दिन दुःखी, ज्येष्ठ एकल बृदाबृद्धालाई शितलहर बाट बच्नका लागि कम्मल बितरण भएकोछ । भन्दै उहाँ खुशी व्यक्त गर्नु हुन्छ ।

## ४.१९ काम गर्नका लागि उमेरले छेक्ने रहेनछ

**टेक बहादुर बम, वर्ष ७८,**
**चौमाला गाविस, कैलाली**



सेती अञ्चल,कैलाली जिल्ला चौमाला गाविस वडा नं मा वस्ने टेक बहादुर बम मिति १९९५ साल फाल्गुन २५ गते जन्म भएको हो । उहाँको ९ जनाको परिवार छ । उहाँको आर्थिक अवस्था त्यति सवल रहेको छैन । उहाँ साक्षर हुनुहुन्छ। हाल सम्म उहाँको स्वास्थ्य स्थिती पनी राम्रो छ। आम्दानीको

रुपमा खेतीपाती नै रहेको छ । छोरा बुहारीको हेरविचार प्रति उहाँ सन्तोष व्यक्त गर्नु हुन्छ । अहिले ज्येष्ठ नागरिक समुहमा अवद्ध भए पछि जीवन झन सहज बन्दै गएको घर परिवार, समाजवाट पनि माया पाएको महशुस गर्नु भएको छ उहाँले।

उहाँ आफ्नै शब्दमा भन्नुहुन्छः पहिला सरकारी सेवा सुविधा पाउना अलि कठिन थियो ।हामीले यस परियोजना यस ठाँउमा सुचारु भए पछि ज्येष्ठ नागरिकलाई सेवा प्राप्त गर्न सजिलो भएकोछ । हामीलाई गर्ने ब्यवहारमा परिवर्तन भएकोछ । स्थानीय संघ सस्था, राजनीतिक दलका प्रतिनिधीहरुवाट, वडा नागरिक मञ्च जस्ता सरोकारवाला पक्षवाट हामीलाई पनि समावेश गरि हाम्रा सल्लाह सुझाव लिने र हाल यस चौमाला ज्येष्ठ नागरिक समूह वाट चौमाला गाविसमा स्थानिय विपद् जोखिम ब्यावस्थापन समितिमा समावेश गरि हामीवाट केही मात्रामा ज्ञान लिने र हामीलाई पनि सक्रिय बनाउने बानीको बिकास भएकोछ । सभा भेलाहरुमा पनि बोलाउने गरेको पाइन्छ । तर पहिला त्यस्तो बानीको विकास भएको थिएन ।यस परियोजना लागु भए पछि विभिन्न चेतना मूलक गतिविधिका माध्यमवाट ज्येष्ठ नागरिक समाजका बोझका रुपमा नभई जिउँदा इतिहास हुन, उनिहरुलाई हाम्रो माया, सम्मानको खाँचो छ भन्ने भावनाको विकास भएको छ ।

यसै गरि घरपरिवारमा पनि मेरो निर्णय लागू हुन्छ । नातिनातिनाको पढाई लेखाईमा पनि सल्लाह लिएका छन । पहिला त लाग्थ्यो केही गर्न पनि सकिदैन, उमेर गईहाल्यो, अब दुःखका दिन आए, शरीर कमजोर हुदै जाँदा उमेर बृद्धि संगै मनमा कमजोर हुदै गएको भान हुने । यो

शरीरलाई जति वढी चलाउन सकियो उतिनै सक्रिय हुदो रहेछ। उहाँ भन्नुहुन्छ ।

परियोजना लागु भए पछि फाया नेपाल र हेल्प एज इन्टरनेश्नलको आर्थिक सहयोगमा अशक्त,असहाय, दिन दु:खी, ज्येष्ठ एकल बृदाबृद्धालाई शितलहर बाट बच्नका लागि कम्मल बितरण भएकोछ भने स्थानीय विपद् जोखिम ब्यवस्थापन समितिलाई प्रकोप पूर्वतयारी र खोज तथा उद्धार सामाग्री प्रदान गरेको छ । यस परियाजनाको माध्यमवाट हामीले बाख्रापालन तालिम लिई जीविकोपार्जनमा सहयोग पुऱ्याएको छ। हामीमा सक्रिय हुने चेतनाको विकास भएकोछ। उहाँको आफ्नै भनाई " शारीरिक अवस्थाका कारण ज्येष्ठ नागरिकका विशेष प्रकारका आवश्यकता हुन्छन विपद्मा राहत तथा उद्धार गर्दा विशेष ध्यान दिने बानीको विकास गरौं" ।

## ४.२० प्रतिनिधित्वले ल्याएको सफलता

**–मानबहादुर डाँगी, जिल्ला संयोजक, आईडिआर परियोजा, बर्दिया**

दयाराज पौडेलले ४२ बर्षसम्म शिक्षण पेशामा विताए। उनी श्रीमति, दुई छोराबुहारी, दुई नातीनि र एक नातिको साथ सोरहवा गाविस वडा नं. ९ मा बस्दै आएका छन्। उनका दुबै छोरा आ-आफ्नो रोजगारीमा छन्। २०७० सालमा शिक्षण पेशाबाट अवकास पाए पछि केहि समय त उनलाई दिन काट्न पनि मुस्किल भयो । ज्येष्ठ नागरिकका हक अधिकारका बारेमा पैरवी गर्ने उद्देश्यले दयाराज लगाएत ६० बर्ष माथिमा साथिभाई मिलेर नेपान संस्थाको सहजीकरणमा २०७१ साल मंसिर महिनामा सोरहवा ज्येष्ठ नागरिक समुह गठन गरे ।

दयाराजले भन्नुभयो, "समुह त गठन गरियो तर समुहमा बसेर छलफल गर्ने कुनै निश्चित ठाँउ थिएन। समुहलाई कसरी अगाडी बढाउने भन्ने अलमल भयो । सोरहवा गाउँ बिकास समितिमा पटक-पटक ज्येष्ठ नागरिकको हितमा गतिबिधि गर्नको लागि रकम माग गरियो । तर, पाईएन । उनले आफ्नो तितो अनुभव सुनाउदै भने ज्येष्ठ नागरिकका मुद्दामा कसैको ध्यान जादो रहेन्छ ।"

उहाँले थप्नु भयो, "यसैक्रममा २०७१ साल चैत्र महिनामा फाया नेपालले गाउँ बिकास समितिको कार्यालयमा एउटा कार्यशालाको आयोजना गऱ्यो। उक्त कार्यक्रममा हेल्प ऐज अन्तराष्ट्रियको सहयोगमा सोरहवा गाविसमा विपद् उत्थानशिलतामा ज्येष्ठ नागरिकको सहभागिता भन्ने कार्यक्रम सञ्चालन गर्ने जानकारी दिईयो । कार्यक्रमको बारेमा जानकारी पाउदा हामी सबै ज्येष्ठ नागरिक धेरै खुसी भयौ । डुब्न लागेकालाई सिंकाको सहारा भने जस्तै भयो ।"

दयाराजले खुसी हुदै भन्नुभयो, "फाया नेपालको सहयोगमा बिभिन्न गतिबिधिहरु गर्ने क्रममा सोरहवा गाविसमा स्थानीय विपद् ब्यवस्थापन समिति पुर्नगठन भयो। सो समितिमा म लागएत थप दुईजना ज्येष्ठ नागरिकका प्रतिनिधि पनि सदस्यको रुपमा सहभागि हुने अवसर मिल्यो। गाउ बिकास समितिले पहिलो पटक ज्येष्ठ नागरिक समुहलाई मान्यता दिई स्थानीय विपद् ब्यवस्थापन समितिमा समाबेस गरायो ।" उहाँ थप्नुभयो, "खुसिको कुरा त के भने फाया नेपालको सहजिकरण र हाम्रो प्रयासका कारण गाविसले पहिलो पटक १ लाख २० हजार रुपैया ज्येष्ठ नागरिकको लागि भनेर छुट्याएको छ ।" गाविसबाट प्राप्त

रकमको योजना सुनाउदै उने थपे, “यो रकमबाट ज्येष्ठ नागरिकहरु बसेर छलफल गर्न मिल्ने र आपत्-विपत् परेको बेला आश्रय स्थलको रुपमा प्रयोग गर्न मिल्ने बहु उद्देश्यिय भवन बनाउन सुरुवात गर्ने सोचेका छौं । भवन निर्माणमा आवश्यक पर्ने थप रकमको खोजी पनि गरिरहेको छौं ।”

दयाराज उत्साही हुदै भने, “विपद् ब्यवस्थापन समितिमा हाम्रो प्रतिनिधित्व भएकोले यो रकम बिनियोजन गर्न सफल भएका हौं । अव केहि समय पछि गाउँ बिकास समितिले स्थानीय विपद् ब्यवस्थापन योजना निर्माण गर्ने तयारी भै राखेको छ । उक्त योजनामा ज्येष्ठ नागरिकका मुद्धाहरुलाई सम्वोधन गर्ने गतिबिधिहरु समावेश गर्ने प्रयास लाग्ने छौं ।

National Senior Citizens Federation (NASCIF)
राष्ट्रिय ज्येष्ठ नागरिक महासंघ

FAYA NEPAL

CSIC आत्मनिर्भर केन्द्र

NEPAN

HelpAge International

द्वारा संयुक्त रुपमा प्रकाशन गरिएको ।